वर्ष २० | अंक १०० | काठमाडौं | आइतवार, २१ पुस २०८१ | Sunday, 5 January 2025 | पृष्ठ ८ | मूल्य रू. १०
ISSN No. 2822-1702
@abhiyannationaldaily
@aarthik_abhiyan
ग्राहक प्रति
NEW BUSINESS AGE LTD.
आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक
www.abhiyandaily.com

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

नेपाल बैंकका कर्मचारी र ग्राहकलाई क्रिस्टल डायग्नोस्टिकमा छूट २
नेपाल लाइफले ल्यायो 'नेपाल लाइफ रक्षा कवच म्यादी जीवन बीमा' योजना ३
बैंकिङ क्षेत्रको अवस्था र नियामकको भूमिका ४
एआई डेटा सेन्टरमा ८० अर्ब डलर खर्चदै माइक्रोसफ्ट ८



रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष बक्यौता विवाद

# बक्यौता तिर्न इन्टरनेट प्रदायकले मागे ५ वर्ष

## दूरसञ्चार प्राधिकरण भन्छ– किस्ताबन्दी सुविधा दिन कानूनी प्रावधान छैन, मन्त्रिपरिषद्‌बाटै निर्णय हुनुपर्छ

विजय दमासे

काठमाडौं



- ५ किस्ता ५ वर्षमा तिर्ने गरी सुविधा माग
- करीब २ अर्ब रूपैयाँ बाँकी रहेकाले एकैचोटि तिर्न नसक्ने इन्टरनेट सेवा प्रदायकको भनाइ
- विदेशी मुद्रा सटही रोकिएको रोकियै भएकाले ब्यान्डविथ प्रदायकलाई भुक्तानी गर्न सकेनन्

रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष शीर्षकमा सरकारलाई तिर्नुपर्ने बक्यौता रकम तिर्न इन्टरनेट सेवाप्रदायकहरूले ५ वर्षे किस्ताबन्दीको सुविधा मागेका छन् ।

यससम्बन्धी विवादमा सर्वोच्च अदालतले गत मङ्सिरमा सरकारको पक्षमा फैसला गरेपछि इन्टरनेट सेवाप्रदायकहरूले उक्त रकम तिर्न किस्ताबन्दीको सुविधा मागेका हुन् । सबैभन्दा बढी करीब २ अर्ब बक्यौता रहेको वर्ल्डलिंक कम्युनिकेशन्सले बक्यौता तिरिसके पनि अन्य कम्पनीहरूले किस्ताबन्दी सुविधा मागेका हुन् । उनीहरू सबैले गरी करीब २ अर्ब रुपैयाँ तिर्न बाँकी रहेको नेपाल दूरसञ्चार प्राधिकरणले बताएको छ ।

इन्टरनेट प्रदायकहरूको संस्था आइस्पानले ३ दिनअघि नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्र लेख्दै ५ वर्षमा ५ किस्तामा तिर्ने सुविधा दिन माग राखेको आइस्पानका पूर्वअध्यक्ष सुधीर पराजुलीले बताए । सुबिसु कम्पनीका अध्यक्षसमेत रहेको पराजुलीले न्यायालयले दिएको आदेश मान्न तयार भए पनि एकैपटक बक्यौता तिर्न नसकिने भएकाले किस्ताबन्दी सुविधा माग्नुपरेको आर्थिक अभियानलाई बताए ।

'कम्पनीहरूले अनौपचारिक हिसाबले डेढ महीनाअघिदेखि नै त्यस्तो सुविधा मागेका हुन्,' उनले शनिवार भने, 'संस्थागत रूपमा हाम्रो छाता संगठन आइस्पानबाट ३ दिनअघि किस्ताबन्दी सुविधा मागेका छौं । त्यसको जवाफ कुरेर बसेका छौं ।'

उनका अनुसार ८ वर्षको बक्यौता एकैपटक तिर्न सक्ने स्थिति सुबिसुसहितका कम्पनीहरूको छँदै छैन । 'बक्यौता रहेका अधिकांश कम्पनीमा विदेशी लगानी छैन,' उनले थपे, 'स्थिति कमजोर भएकै कारण किस्ताबन्दी सुविधा खोजेका हौं ।'

तर, इन्टरनेट प्रदायकले मागेजस्तो किस्ताबन्दी सुविधा दिने विषयमा हालसम्म छलफल नभएको नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक सन्तोष पौडेलले बताए ।

उनका अनुसार किस्ताबन्दी सुविधा दिने कानूनी व्यवस्था नभएका कारण मन्त्रिपरिषद्‌बाट निर्णय भए मात्र प्राधिकरणले उक्त सुविधा दिन सक्छ ।

प्राधिकरणले बिहीवार पनि सूचना प्रकाशित गरी पुस मसान्तभित्र बक्यौता दाखिला गर्न इन्टरनेट सेवाप्रदायकहरूलाई भनेको छ । नत्र कानूनअनुसार अघि बढ्ने चेतावनी सूचनामा छ ।

प्राधिकरणबाट अनुमतिपत्र प्राप्त दूरसञ्चार सेवाप्रदायकहरूले सेवा सञ्चालन गरेबापत कुल आम्दानीको ४ प्रतिशतका दरले रोयल्टी तथा २ प्रतिशतका दरले ग्रामीण दूरसञ्चार विकास कोषबापतको रकम बुझाउनुपर्ने कानूनी व्यवस्था छ ।

तर, दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूले मर्मतसम्भारलगायत शीर्षकबाट प्राप्त आम्दानीबाट रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोषमा दाखिला गर्नु नपर्ने भन्दै लामो समयदेखि दाखिला गरेका थिएनन् ।

अदालतसम्म पुगेको यो विवादमा प्राधिकरणकै पक्षमा फैसला आएपछि बक्यौता तिर्नुपर्ने अवस्थामा इन्टरनेट सेवाप्रदायकहरू पुगेका हुन् ।

बक्यौता नतिरेको भन्दै सरकारले विदेशी मुद्रा सटही सुविधाबाट यी कम्पनीलाई वञ्चित गरेको छ । लामो समयदेखि यस्तो सुविधा नदिँदा गत वैशाख २० गते नेपाली इन्टरनेट प्रदायक कम्पनीहरूलाई ब्यान्डविथ दिने कम्पनीमध्ये एक भारतको एअरटेल कम्पनीले ब्यान्डविथ नदिँदा इन्टरनेटको गति निकै घटेको थियो ।

तर, सरकारको हस्तक्षेपपछि भारतीय कम्पनीले ब्यान्डविथ पुनः दिन थालेको छ । 'सटही सुविधा नपाउँदा ब्यान्डविथका लागि पनि ठूलो रकम भुक्तानी गर्न बाँकी छ । इन्टरनेट जतिबेला पनि काटिन सक्ने अवस्था छ,' पराजुलीले भने ।

# ब्रोकर मर्जर निर्देशिका अन्तिम चरणमा

## समयसीमा ६ महीना बाँकी रहँदा ३९ ब्रोकर कम्पनीले तोकिएको चुक्ता पूँजी पुऱ्याउन सकेनन्

प्रजिता बुढाथोकी

काठमाडौं

चुक्तापूँजी वृद्धि गर्ने समय सकिन लाग्दा पनि अधिकांश ब्रोकर कम्पनीले पूँजी वृद्धिको प्रयास नगर्दा नेपाल धितोपत्र बोर्डले मर्जरको बाटो खोल्ने भएको छ ।

नेपाल धितोपत्र बोर्डले २०७९ भदौ २९ गते धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ पाँचौंपटक संशोधन गर्दै ब्रोकर कम्पनीले कामको सीमाको आधारमा २० करोड रुपैयाँदेखि १ अर्ब ५० करोड रुपैयाँसम्म चुक्तापूँजी कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

नयाँ खुलेका ब्रोकर कम्पनीहरू चुक्तापूँजीसम्बन्धी नयाँ प्रावधानअनुसार दर्ता भए पनि पुराना ब्रोकरका लागि २०८२ असार मसान्तसम्म नयाँ व्यवस्थाअनुसार चुक्तापूँजी पुऱ्याउन निर्देशन दिइएको थियो । तर, कुनै पनि पुराना ब्रोकरले पूँजी वृद्धिको प्रयास नगर्दा धितोपत्र बोर्डले मर्जरसम्बन्धी मार्गदर्शन ल्याउन लागेको हो ।

'बोर्डले ब्रोकर कम्पनीहरूलाई पनि मर्जर र प्राप्ति प्रक्रियामा जानका लागि निर्देशिका बनाइरहेको छ,' बोर्डका प्रवक्ता निरञ्जय घिमिरेले आर्थिक अभियानसँग भने, 'निर्देशिका अन्तिम चरणमा पुगेको छ ।'

धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को पाँचौं संशोधनमा धितोपत्र दलाल वा व्यापारीले अर्को धितोपत्र दलाल वा व्यापारीलाई प्राप्ति गर्ने वा गाभ्ने/गाभिने सम्बन्धमा बोर्डले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्ने व्यवस्था गरेको छ ।

नियमावलीको सोही प्रावधानमा टेकेर बोर्डले निर्देशिका तयार पारेको हो । 'तोकेबमोजिम आगामी असार मसान्तसम्म न्यूनतम चुक्तापूँजी कायम नगर्ने ब्रोकरहरूलाई मर्जर तथा प्राप्तिमा जानका लागि निर्देशिकाले सहयोग गर्ने विश्वास छ,' घिमिरेले भने ।

हालसम्म तोकेअनुसार पूँजी पुऱ्याउन बाँकी कम्पनीलाई पूँजी वृद्धिको योजना पेश गर्नसमेत बोर्डले पत्राचार गरिसकेको घिमिरेले जानकारी दिए । संशोधित धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली-२०६४ अनुसार पहिलो तहको सीमित कार्य गर्ने ब्रोकरका रूपमा काम गर्न न्यूनतम २० करोड रुपैयाँ चुक्तापूँजी हुनुपर्छ ।

शेयर खरीदविक्रीसँगै डिपोजिटरी पार्टिसिपेन्ट (डीपी)का रूपमा काम गर्ने, लगानी परामर्श सेवा एवं लगानी व्यवस्थापन गर्ने र मार्जिन कारोबार सेवासमेत दिने पूर्ण दायरासहितको दोस्रो तहको ब्रोकरका लागि न्यूनतम चुक्तापूँजी ६० करोड रुपैयाँ तोकिएको छ ।

स्टक डिलरका रूपमा काम गर्न १ अर्ब ५० करोड रुपैयाँ चुक्तापूँजी हुनुपर्ने व्यवस्था गरिएको छ । नयाँ ४२ ब्रोकर कम्पनीले बोर्डले तोकेबमोजिमको पूँजी कायम गरी अनुपतिपत्र लिएका छन् । धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावलीको पाँचौं संशोधनअघि सीमित कार्य गर्ने ब्रोकरको हकमा २ करोड र मार्जिन कारोबार सुविधा प्रदान गर्ने ब्रोकरका हकमा न्यूनतम ५ करोड चुक्तापूँजी कायम गर्नुपर्ने व्यवस्था थियो ।

» बाँकी पृष्ठ ५ मा

### न्यूनतम चुक्तापूँजी कायम गर्न बाँकी ब्रोकर कम्पनी

| कम्पनीको नाम | चुक्ता पूँजी (रू.) |
| --- | --- |
| श्री कुमारी सेक्युरिटिज प्रालि | ५ करोड |
| अरुण सेक्युरिटिज प्रालि | ५ करोड |
| ओपल सेक्युरिटिज इन्भेस्टमेन्ट प्रालि | ५ करोड |
| मार्केट सेक्युरिटिज एक्सचेन्ज कम्पनी प्रालि | २ करोड |
| अग्रवाल सेक्युरिटिज प्रालि | १७ करोड ५० लाख |
| जेएफ सेक्युरिटिज कम्पनी प्रालि | ७ करोड ६३ लाख |
| आशुतोष ब्रोकरेज एन्ड सेक्युरिटिज प्रालि | ८ करोड |
| प्रज्ञान सेक्युरिटिज प्रालि | १४ करोड ५० लाख |
| मल्ल एन्ड मल्ल स्टक ब्रोकिङ कम्पनी प्रालि | ५ करोड |
| थ्राइभ ब्रोकरेज हाउस प्रालि | ८ करोड |
| नेपाल स्टक हाउस प्रालि | १३ करोड ०९ लाख |
| प्राइमो सेक्युरिटिज प्रालि | १० करोड |
| एबीसी सेक्युरिटिज प्रालि | १० करोड |
| सगरमाथा सेक्युरिटिज प्रा.लि. | २ करोड |
| नेपाल इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज ट्रेडिङ प्रालि | १० करोड |
| सिप्ला सेक्युरिटिज प्रालि | २ करोड |
| मिडास स्टक ब्रोकिङ कम्पनी प्रालि | १२ करोड |
| सिप्रबि सेक्युरिटिज प्रालि | ५ करोड |
| श्वेता सेक्युरिटिज प्रालि | ५ करोड |
| एशियन सेक्युरिटिज प्रालि | ६ करोड |
| श्रीकृष्ण सेक्युरिटिज लिमिटेड | १८ करोड |
| त्रिशूल सेक्युरिटिज एन्ड इन्भेस्टमेन्ट लिमिटेड | ३ करोड |
| कोहिनुर इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज प्रालि | २ करोड ५० लाख |
| सेक्युर्ड सेक्युरिटिज लिमिटेड | १० करोड |
| सुमेरु सेक्युरिटिज प्रालि | ५ करोड |
| क्रियटिभ सेक्युरिटिज प्रालि | ५ करोड ५० लाख |
| लिन्च स्टक मार्केट लिमिटेड | १५ करोड ६ लाख २१ हजार ८०० |
| साउथ एसियन बुल्स प्रालि | १३ करोड |
| कालिका सेक्युरिटिज प्रालि | ८ करोड ५० लाख |
| निभ सेक्युरिटिज प्रालि | ५ करोड |
| क्रिस्टल कञ्चनजंघा सेक्युरिटिज प्रालि | ८ करोड ४७ लाख |
| सुन्धारा सेक्युरिटिज लिमिटेड | १२ करोड ७४ लाख ६२ हजार ५०० |
| इन्भेस्टमेन्ट म्यानेजमेन्ट नेपाल प्रालि | २ करोड ३० लाख |
| सेवा सेक्युरिटिज प्रालि | २ करोड ६० लाख |
| भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रालि | १० करोड |
| श्रीहरि सेक्युरिटिज प्रालि | ३ करोड ६ लाख |
| आर्यतारा इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज प्रालि | १५ करोड ५२ लाख ५० हजार |
| नासा सेक्युरिटिज कम्पनी लिमिटेड | ११ करोड ५० लाख |
| दिव्या सेक्युरिटिज एन्ड स्टक हाउस प्रालि | १० करोड |

*स्रोत : नेपाल स्टक एक्सचेन्ज*

- कामको सीमाको आधारमा २० करोड रूपैयाँदेखि १ अर्ब ५० करोड रूपैयाँसम्म चुक्तापूँजी पुऱ्याउनुपर्ने
- २०८२ असार मसान्तसम्म बढाइएको चुक्तापूँजी पुऱ्याउनुपर्ने
- पूँजी वृद्धिको समयसीमा २०८४ असार मसान्तसम्म थप्न आग्रह

# एफवान सफ्टको रकम चोर्न ५०० भन्दा बढी खाता प्रयोग

अभियान संवाददाता

काठमाडौं

सिटिजन्स बैंक इन्टरनेशनलमा रहेको एफवान सफ्ट कम्पनीको खाताबाट रकम चोरी गर्न ५०० भन्दा बढी बैंक तथा वालेट खाता प्रयोग भएको भेटिएको छ । प्रहरीले १ महीना लगाएर गरेको अनुसन्धानबाट अन्तरराष्ट्रिय ह्याकरले सिस्टम ह्याक गरी रकम चोर्न विभिन्न व्यक्तिका बैंक तथा मोबाइल वालेट खाताहरू प्रयोग गरेको पाइएको छ ।


कम्पनीको खाताबाट ह्याकरले ३ करोड ४२ लाख रुपैयाँ चोरी गरेका थिए । चोरी भएको रकम ट्रान्सफर गर्न ५०० भन्दा बढी खाता प्रयोग भएको छ । त्यसमध्ये बैंकबाट चोरी भएको रकम पहिलो तहमा ट्रान्सफर भएका २४ जनाविरुद्ध भने शुक्रवार जिल्ला अदालत काठमाडौंमा विद्युतीय ठगीको मुद्दा दायर भएको छ । घटनाको अनुसन्धान गरेको नेपाल प्रहरीको साइबर ब्युरोका एसपी तथा प्रवक्ता दीपकराज अवस्थीका अनुसार विदेशबाट ह्याकरले सिस्टममै प्रवेश गरेर रकम चोरेको भेटिएको छ । प्रहरीको अनुसन्धान ह्याकरसम्म नपुगी चोरी गरिएको रकम पहिलो तहमा ट्रान्सफर भएका खाताधनीलाई मात्र प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ । प्रहरी अनुसन्धानका आधारमा जिल्ला सहकारी वकिलले २४ जनालाई प्रतिवादी बनाएकोमा १५ जना फरार छन् ।

पक्राउ पर्नेमा ललितपुरका ४० वर्षीय त्रिगुणरत्न वज्राचार्य, सिरहाका २० वर्षीय राहुल ठाकुर, १९ वर्षीय पुरुषोत्तम साह, सप्तरीका २१ वर्षीय कृष्णरमण राउत, ३१ वर्षीय सञ्जीवकुमार शर्मा र उदयपुरका कमल थापा मगर छन् । त्यस्तै, उदयपुरकै दीपक थापा मगर, सुनसरीका २४ वर्षीय सन्देश राई र सुनसरीकै सागरकुमार साहलाई प्रतिवादी बनाइएको हो । उनीहरूमध्ये अधिकांश १८ देखि २४ वर्ष उमेरसमूहका युवा छन् । प्रहरीसँगको बयानमा प्रतिवादीहरूले पैसा र जागीरको प्रलोभनमा बैंक खाता खोलेर प्रयोग गर्न दिएको बताएका छन् । ह्याकरहरूले घरमै बसेर पैसा कमाउने भन्दै अनलाइन जब अफर गर्ने र खाता खोल्न लगाएर कारोबारको आधारमा कमिशन दिने प्रलोभन बाँड्ने गरेको उनीहरूले बताएका छन् ।


गत महीनामात्र वित्तीय जानकारी एकाइमा वित्तीय अपराधमा साइबर ठगीको अंश बढ्दै गएको र साइबरमार्फत ठगी गर्ने व्यक्तिहरूले उपहार चिट्ठा परेको, पार्सल आएको जस्ता बहाना देखाउने गरेका प्रतिवेदन सार्वजनिक भएको थियो । नक्कली सामाजिक सञ्जालको खाता र अनलाइन प्लेटफर्म प्रयोग गरी ठगी भएको छ । कारोबारको वान टाइम पासवर्ड (ओटीपी) तथा विभिन्न डिजिटल प्रविधि प्रयोग गरेर सर्वसाधारणको बैंक खातामा पहुँच पुऱ्याई ठगी गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी प्रतिवेदनले साइबर ठगीमा सबैभन्दा बढी युवाको संलग्नता भएको र यस्तो अपराधका लागि अधिकांश नयाँ बैंक खाताको दुरुपयोग भएको औंल्याउदै नयाँ खाता खोलेर गरिने अपराध रोक्न खातामा कुलिङ पिरियड तोक्न, निश्चित अवधिका लागि कारोबारमा सीमा लगाउन र डिजिटल बैंकिङ सेवाका लागि प्रयोग हुने मोबाइल नम्बर ग्राहक वा तिनको परिवारका सदस्यको नाममा दर्ता भएको सुनिश्चित गर्नसमेत सुझाव दिएको छ ।


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# के अध्यादेशले सहकारी समस्या समाधान गर्छ ?

यादव हुमागाई

काठमाडौं

गतवर्ष चैत ३० गते केही नेपाल ऐन संशोधनमार्फत सहकारीसम्बन्धी ऐनमा संशोधन गरेको सरकारले यस वर्ष पुस १४ गते हतारहतार अध्यादेश ल्याएर सहकारी ऐनमा फेरि संशोधन गऱ्यो । सहकारी ऐन तथा नेपाल राष्ट्र बैंक ऐनलाई संशोधन गरिएको अध्यादेश पुस ९ गते मन्त्रिपरिषद्‌बाट पारित भएपछि १४ गते राष्ट्रपति कार्यालयबाट जारी भएको हो । सहकारी ठगीका ठूलाठूला घटना यसबीचमा बाहिर आए पनि नियमित संसद् अधिवेशन नकुरी हतारहतार अध्यादेश ल्याइएपछि किन भन्ने प्रश्न उब्जिएको छ ।

### किन ल्याइयो अध्यादेश ?

सरकारी अधिकारीका अनुसार सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धमा मापदण्डमा नेपाल प्रतिबद्ध छ भन्ने देखाउन मूलतः यो अध्यादेश ल्याइएको हो । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरराष्ट्रिय मापदण्ड तय गर्ने र त्यसको पालना भए/नभएको अनुगमन गर्ने अन्तरराष्ट्रिय निकाय फाइनान्सियल एक्शन टास्क फोर्सको अर्को प्लेनरी २०२५ फेब्रुअरी १७ मा फ्रान्समा हुने तय भएको छ । उक्त प्लेनरीले नेपाललाई खैरो सूची (ग्रे लिस्ट) मा राख्न सक्ने खतरा रहेकाले सरकार बढी जोखिमयुक्त मानिएको सहकारी क्षेत्रमा रहेको सम्पत्ति शुद्धीकरणका छिद्रहरू हटाउन कानून संशोधन गर्न अघि सरेको सरकारी अधिकारीहरूको भनाइ छ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी क्षेत्रीय संस्था एशिया प्यासिफिक ग्रूप (एपीजी) ले गतवर्ष सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे पारस्परिक मूल्यांकनमा सहकारीको नियमन प्रभावकारी नभएको, संस्थागत सुशासन कमजोर रहेको र सम्पत्ति शुद्धीकरणको जोखिमसमेत उच्च रहेको कैफियत औंल्यायो । त्यसपछि एफएटीएफको गतवर्ष असारमा भएको प्लेनरी बैठकमा सहभागी हुनुअघि सरकारले केही नेपाल ऐन संशोधन विधेयकमार्फत सहकारी ऐन २०७४ र नेपाल राष्ट्र बैंक ऐन २०५८ संशोधन गरी सहकारीलाई कडाइ गर्ने सन्देश दिन खोज्यो । एफएटीएफले सम्पत्ति शुद्धीकरण मामिलामा 'ग्रे लिस्ट'बाट जोगिन १ वर्ष समय दिएको छ । तर, संसद्‌बाट ऐन पारित हुँदा ठूला सहकारीको अनुगमन नेपाल राष्ट्र बैंकले गर्ने र बचतमा सीमा तोक्ने प्रावधान भने पारित हुन सकेन । एफएटीएफको अर्को प्लेनरीअघि यही महीना नेपालले सम्पत्ति शुद्धीकरण निवारणमा गरेको प्रगतिको समीक्षा गर्ने भएपछि दबाबमा परेको सरकारले हतारहतार अध्यादेशबाट सहकारी ऐन र राष्ट्र बैंक ऐन संशोधन गरी सहकारीको नियमनलाई कडाइ गर्न खोजेको संकेत दिन खोजेको हो ।

विशेष गरी अध्यादेशले एपीजीको पारस्परिक मूल्यांकन प्रतिवेदनमा औंल्याइएका सहकारीको नियमनकारी निकाय गठन, कारोबारलाई सीमित बनाउने र सहकारीमा जम्मा हुने रकमको स्रोत खोज्ने जस्ता कैफियतलाई सम्बोधन गर्नमै जोड दिएको छ ।

भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले सहकारीमा एउटै व्यक्तिको करोडौं निक्षेप भेटिएको र ती संस्थाको नियमन प्रभावकारी नहुँदा सरकारलाई छिटो अध्यादेश ल्याउन दबाब परेको स्वीकार गरे । 'एउटै व्यक्तिले सहकारीमा करोडौं राखेको भेटिनु सम्पत्ति शुद्धीकरण नै हो भन्न नसकिए पनि शंकास्पद कारोबार त हो,' उनले भने, 'तर, सहकारीमा देखिएका समस्या सम्बोधनको प्रयास पनि गरेका छौं ।'

**एक्स्प्लेनर**

**अब स्थानीय तह, प्रदेश, संघीय सरकारको सहकारी विभाग, प्राधिकरण र राष्ट्र बैंकसमेत गरी सहकारी हेर्ने निकाय ६ ओटा भएका छन् । यसले सहकारी क्षेत्रलाई व्यवस्थित गर्ने जिम्मेवारी कसको र कसको काम के हुने भन्नेमा अझ द्विविधा बढ्ने स्थिति छ ।**

### सम्पत्ति शुद्धीकरणको जोखिम कसरी सम्बोधन गर्न खोजिएको छ ?

गतवर्ष चैतमा ऐन संशोधन गरी ५० करोड रुपैयाँभन्दा बढी कारोबार भएका सहकारीको नियमन जिम्मेवारी नेपाल राष्ट्र बैंकलाई दिन खोजिएको थियो । यस्तै व्यक्तिगत बचतमा २५ लाख रुपैयाँको सीमा तोक्न प्रस्ताव गरिएको थियो।

» बाँकी पृष्ठ ५ मा

# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड
## Swarojgar Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बनेपा- ५, काभ्रेपलाञ्चोक,
फोन नं.: ०११-६६१०६०, ६६५३४८
ईमेल : Info@slbbl.com.np, वेवसाईट : www.slbbl.com.np

## ऋणी सदस्यहरुलाई कर्जा चुक्ता/भुक्तान गर्ने आउने बारेको ३५ (पैतिस) दिने सूचना

**प्रकाशन मिति : २०८१/०९/२१**

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले तमसिलमा उल्लेखित धितो सुरक्षण राखि/सामुहिक जमानीमा कर्जा लिनु भएकोमा ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज लगायत अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको सर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण/कर्जा सम्बन्धी सर्त बन्देज उल्लङघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखि यस वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन, कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सुचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेका वा नरहेका चलअचल सम्पत्ती लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।

| क.स | शाखा कार्यलय | ऋणीको नाम | ठेगाना | ना.प्र.न. | जारी मिति | ऋणीको ३ पुस्ते विवरण पति/पिता/ससुरा | व्यक्तिगत जमानिकर्ताको नाम/ठेगाना/ना.प्र.प.न. |
|---|---|---|---|---|---|---|---|
| १ | रामगोपालपुर | शोशिला देवी | सोनामाई-९, महोत्तरी | १८३०५५/३८५ | २०६३/११/११ | सुरेश महतो/रामहित महतो/लक्षमन महतो | सुरेश महतो/सोनामाई-९, महोत्तरी/१४२४३४२० |
| २ | रामगोपालपुर | उर्मिला देवी महतो कोईरी | बनौटा-८, महोत्तरी | १८-३-०३७/८११ | २०६३/१०/१८ | विरेन्द्र महतो/राजेन्द्र महतो/जुगल महतो | विरेन्द्र महतो/बनौटा-८, महोत्तरी/०७२८२३७८ |
| ३ | रामगोपालपुर | दौलतिया देवी | धमौरा-४, महोत्तरी | १८-३-०४२/४०८ | २०६३/१०/१७ | उपेन्द्र चमार/रेवी महरा/सुखवा चमार | उपेन्द्र चमार/धमौरा-४, महोत्तरी/२५७१३५५५ |
| ४ | रामगोपालपुर | पुनिता कुमारी कुमारी | औरही-९, महोत्तरी | ७५ | २०७५/११/०२ | जुगल ठाकुर/लक्ष्मण ठाकुर/बिजुली ठाकुर | जुगल ठाकुर/सोनामाई-९, महोत्तरी/१८-०१-५५/७९ |
| ५ | रामगोपालपुर | सान्झा चमार | बनगाहा-६, महोत्तरी | १८३०५०/५४३ | २०६३/११/११ | ब्रम्हदेव महरा/सुरज महरा/राम असिस महरा | ब्रम्हदेव महरा/सतिसर्वा-३, महोत्तरी/१८-३-०५७/४०६ |
| ६ | रामगोपालपुर | नजमुन खातुन | धमौरा-६, महोत्तरी | १८-३-४२/१२१३ | २०६३/१०/३१ | अविद नट/लतिफ सेख/रसीद नट | अविद नट/धमौरा-६, महोत्तरी/७७२ |
| ७ | रामगोपालपुर | सुमिन्द्रा देवी | धमौरा-६, महोत्तरी | १८-३-०४२/१०६१ | २०६३/१०/२१ | महिन्द्र मंडल/हुली मंडल/राम जतन मंडल | महिन्द्र मंडल/धमौरा-६, महोत्तरी/२५७३५६५७ |
| ८ | सेमरी | सुभवति देवि चमार | सानेनी-०१, नवलपरासी | ३६३०५२/२४७ | २०६३/१०/२६ | बेचई चमार/पियारे चमार/श्री किसुन चमार | मनिता कुमारी चमार/सोमनी-०१, नवलपरासी/३६-०६-७४/०३०८३ |
| ९ | सेमरी | लक्ष्मी छन्तेल | धरकोट-०७, नवलपरासी | ३६१०३६/१०६ | २०६७/१०/१४ | डम्मर बहादुर गुरुङ्ग/दल बहादुर छम्तेल/विजय बहादुर गुरुङ्ग | केशव गुरुङ्ग/बर्दघाट-१४, नवलपरासी/३६-०१-७१-०६६५० |
| १० | सेमरी | सुनिता कुमारी हरिजन चमार | छिपागढ-२, रुपन्देही | ३७३००८/४५४ | २०६३/१२/०७ | रामानन्द चमार/ओरी चमार/ओरी चमार | झिनझुटा चमार/बर्दघाट-१३, नवलपरासी/३६१०५८/५७३ |
| ११ | सेमरी | मर्जादी कुमारी केवट | भुजवा-०६, नवलपरासी | ३६१०६०/१४२ | २०२८/०२/०५ | राधेश्याम केवट/नाम प्रसाद केवट/प्रकाश केवट | मदन केवट/भुजवा-०७, नवलपरासी/७८०२६ |
| १२ | सेमरी | उषा देवि हरिजन | ब.दु.-७, नवलपरासी | ३६३०६३/३६१ | २०६३/११/०५ | दीनानाथ हरिजन/किशोरी चमार/विक्रम हरिजन | दीनानाथ हरिजन/ब.दु.-७, नवलपरासी/३६१ |
| १३ | सेमरी | रजवन्ती देबि केवट | ब.दु.-७, नवलपरासी | ३६३०६७/२९७ | २०६४/११/०६ | हिरा प्रसाद केवट/तिलक केवट/पैभु केवट | हिरा प्रसाद केवट/ब.दु.-०७, नवलपरासी/३६३०६३/२२४ |
| १४ | सेमरी | जदावती देवि केवट | भुजवा-०३, नवलपरासी | ३६१०५०/१६ | २०६३/११/२७ | मेवा लाल केवट/गणेश केवट/जग्गन केवट | हरिलाल केवट/भुजहवा-०१, नवलपरासी/७६५९९ |
| १५ | सेमरी | सरसती कुमारी चमार | सोमनी-०१, नवलपरासी | ७८८५८ | २०६२/०१/२० | राज कुमार हरिजन/दुखी चमार/परमहस चमार | राजकुमारी चमार/सोमनी-०१, नवलपरासी/७८२८१ |
| १६ | सखुवाधमौरा | सविता कुमारी | गुजरा-४, रौतहट | ३२-०२-७६-००४१३ | २०७६/०१/२२ | नरेश दाश/महिन्द्र दास/विल्टु दास | गिरजा कुमारी राम/कनकपुर-२, रौतहट/३२२०६३/१३३ |
| १७ | सखुवाधमौरा | रामपतिया देवी | कनकपुर-२, रौतहट | ३२३०६३/५३ | २०६३/११/१५ | रामचन्द्र दास/झगरु दास/जदु नन्दन दास | पुजा कुमारी/गुजरा-४, रौतहट/३२-२-७५-०२७५४ |
| १८ | सखुवाधमौरा | नविना कुमारी | कनकपुर-२, रौतहट | ३२३०६३/११६४ | २०६३/१२/०४ | पलट चौधरी/राम शरण खाँ/शिवराज चौधरी | पलट चौधरी थारु/कनकपुर-१, रौतहट/३७७४ |
| १९ | सखुवाधमौरा | सरस्वती वि.क. | खम-३, अर्घाखाची | ४४१/४०१०११ | २०६५/०४/२३ | झविलाल वि.क कामी/धने कामी/इश्वरे कामी | झविलाल वि.क कामी/खन-३, अर्घाखाची/३९७९/२७५० |
| २० | बरहथवा | सरीता कुमारी | बरहथवा-११, सर्लाहि | १९३०३४/४० | २०६३/११/१८ | आत्माराम साह/कपिल देव साह कलवार/विश्वनाथ साह कलवार | आत्माराम साह/बरहथवा-११, सर्लाहि/३९५६००४९ |
| २१ | बरहथवा | शिव दुलारी देवी | बरहथवा-७, सर्लाहि | ७१ (वि.द.न.) | २०७३/०९/११ | राज कुमार दास/रामा दास/सत्य नारायण दा | नागिन्द्र दास/बरहथवा-७, सर्लाहि/१९३०७९/२७७ |
| २२ | बेनीमणिपुर | उमा माया महतो | अग्यौली-२, नवलपरासी | १६४५२ | २०५७/०१/१९ | थर्कमान चौधरी/थाहा नभएको/भागिरथ चौधरी | दिपेश चौधरी/विनयीत्रिवेणी-४, नवलपरासी/७७-०१-७७-०४४२१ |
| २३ | बेनीमणिपुर | चन्द्रिका कुमारी चौधरी | बेनीमणिपुर-९, नवलपरासी | ३६३०३५/१०६० | २०६३/१०/१२ | सन्त बहादुर परियार/श्री राम चौधरी/ | सन्त बहादुर परियार/बेनीमणिपुर-९, नवलपरासी/२७८२१ |
| २४ | बहुवारवाभाठा | चन्दा देवी | भौराटार-६, पर्सा | ३४-०१-७०-०१५०९ | २०७०/०१/३१ | जितेन्द्र प्रसाद यादव/विरबहादुर राउत अहिर/राम नारायण राउत अहिर | जितेन्द्र प्रसाद यादव/भौराटार-६, पर्सा/१३५२२५६४ |
| २५ | बहुवारवाभाठा | जिरा देवी | बहुडरमाई-६, पर्सा | ६० (वि.द.न.) | २०७३/१०/०५ | नन्द सहनी गोठी/थाहा नभएको/हिरामन सहनी | नन्द सहनी गोठी/गम्हरीया-६, पर्सा/३४३०३०/२७३ |
| २६ | बहुवारवाभाठा | लालपरी देवी | लखनपुर-२, पर्सा | ७२४१ | २०६३/०४/०८ | हजारी लाल राय भर/नागेश्वर राय भर/जानकी राय भर | हजारी लाल राय भर/लखनपुर-२, पर्सा/४५८९ |
| २७ | बहुवारवाभाठा | चन्दा देवी | झौवागुठी-५, पर्सा | ३४१०४०/४४४ | २०६८/०२/१३ | शिवजी राउत कंकर/कमल राउत कम्कर/ब्रहमदेव राउत कंकर | शिवजी राउत कंकर/झौवागुठी-५, पर्सा/३४१०४०/३७१ |
| २८ | बहुवारवाभाठा | रामरती देवी | भौराटार-५, पर्सा | ३४-०१-७२-०१८२६ | २०७२/०३/०२ | हरेश महरा/मोहरन महरा चमार/जोखु महरा चमार | हरेश महरा/भौराटार-५, पसा/३४३०१४/१८४ |
| २९ | बहुवारवाभाठा | रुकसेना खातुन | गम्हरीया-८, पर्सा | ३४१०३१/५३ | २०६५/०२/१२ | मुरतुजा मिया धुनिया/जमिल मिया धुनिया/दिलजान मिया | मुरतुजा मिया धुनिया/गम्हरीया-८, पर्सा/३४१०३०/१२ |
| ३० | बहुवारवाभाठा | तैमुला खातुन | भौराटार-४,पर्सा | १०१८४ | २०६५/०८/१७ | जहुर मिया/जलिल मिया/भुखल मिया | रहुल मिया/भौराटार-३, पर्सा/३४३०१४/४ |
| ३१ | बहुवारी | रम्भा देवी | प्रसौनी-४, बारा | ३३१०८४/८१३४ | २०६५/०४/०८ | हरि चन्द्र दास तत्मा/बुद्ध दास तत्मा/ | हरि चन्द्र दास तत्मा/ |
| ३२ | बहुवारी | सविता देवी तत्मा | पोखरीया-३, पर्सा | २४ (वि.द.न.) | २०७३/०७/११ | मदन दास तत्मा/जय नारायण दास/भदै दास तत्मा | मदन दास तत्मा/प्रसौनी-४, बारा/२९९५/२१०३ |
| ३३ | बहुवारी | सलमा खातुन | विरगजं-९, पर्सा | ३४३०२२/१३० | २०६३/१२/२८ | जाकिर खान/विकाउ मिया/थाहा नभएको | जाकिर खान/विरगजं-९, पर्सा/३४३०२२/१४६ |
| ३४ | बहुवारी | सजिया खातुन | विरगजं-९, पर्सा | ३४-०१-७४-०७०१२ | २०७४/०५/१२ | मो.मताज आलम/सेष ड्रमाम/म. अलि सविर | मो.मताज आलम/विरगजं-९, पर्सा/३४३०२२/५८७ |
| ३५ | बहुवारी | गुडीया खातुन | विरगजं-९, पर्सा | ३४-०१-७४-०६४७० | २०७४/०५/०२ | महमद मारुफ मिया/अब्दुल मिया/सिकन्दर मिया | महमद मारुफ मिया/विरगजं-९, पर्सा/३४१०२२/१०७३७ |
| ३६ | बहुवारी | तैरुन नेशा खातुन | इटियानी-५, बारा | १३४०/२६९१ | २०५७/१०/१५ | हेदर अलि/मोहन मिया धुनिया/मुजविल मिया | मोन्ताज मंसुरी/इटियानी-५, बारा/१५७४/२९९५ |
| ३७ | बहुवारी | मुना खातुन | प्रसौनी-२, बारा | ९४३ | २०४६/०२/२७ | सलिम मिया अन्सारी/एवादत मिया अन्सारी/सा महमद मिया अन्सारी | सलिम मिया अन्सारी/प्रसौनी-२, बारा/२४८१/०६०७ |
| ३८ | बहुवारी | सबरा खातुन | विरगजं-९, पर्सा | ६५८३ | २०६७/०६/१३ | विकाउ मिया/इ सराइल मिया/मो राफिक मिया | महमद आकाश/विरगजं-९, पर्सा/३४१०२२/१५६९० |
| ३९ | बहुवारी | उषा देवी | विरगजं-९, पर्सा | ३४३०२२/४९५ | २०६घ/१२/२८ | राजेश सिहं/जगरनाथ सिहं/जगरनाथ सिहं | राजेश सिहं/विरगजं-९, पर्सा/३४३०२२/२२२ |
| ४० | बहुवारी | उमदवानि खातुन | प्रसौनि-१, बारा | २०५१/००८३/८३७ | २०४२/०१/१४ | रमजान मिया/ठेलामिया अंसारी/आवास मिया अंसारी | रमजान मिया/पुरैनिया-७, बारा/१६३६/२१८५/६६६ |
| ४१ | बहुवारी | शर्मिला देवि तत्मा | प्रसौनि-४, बारा | ३३-०१-७१-०६२४८ | २०७१/१०/१९ | सुरेश दास तत्मा/चोकट दास तत्मा/गुमानि दास तत्मा | सुरेश दास तत्मा/प्रसौनि-४, बारा/३३१०८४/५७०३ |
| ४२ | बहुवारी | चन्दा देवि | गौर-४, रौतहट | ३२-०१-७०-०५८० | २०७०/१२/१९ | विनोद कुमार राउत/टबिद्र राउत/गगन देव राउत कुर्मि | विनोद कुमार राउत/गौर-४, रौतहट/३२१००१/४४७२ |
| ४३ | बहुवारी | रेखा कुमारी | इटियाहि-७, बारा | ३३३०७४/९६२ | २०६३/११/११ | बिनोद प्रसाद/शम्भु प्रसाद शाह/बाबु लाल शाह | विनोद प्रसाद/बिरगंज-२, पर्सा/०५-१३५४३२ |
| ४४ | बहुवारी | जमिला खातुन | प्रसौनी-३, बारा | ३३-०१-७१-०६३५१ | २०७१/१०/२२ | मोबारक मियाँ धोवी/मैनुदिन मियाँ धोवी/खलिल मियाँ धोवी | मोबारक मियाँ धोवी/प्रसौनी-३, बारा/३३१०८४/४९२३४ |
| ४५ | बहुवारी | कोशिला कुमारी | प्रसौनी-४, बारा | ३३१०८४/४०१४९ | २०७०/१०/२२ | दिपक कुमार दास/भिखारी दास तत्मा/शिवचन दास तत्मा | दिपक कुमार दास/पिप्राबिर्ता-६, बारा/३३१०४३/४७३४७ |
| ४६ | बहुवारी | लालमती देवी विन | प्रसौनी-३, बारा | ३३१०८४/४००१० | २०७०/०५/०३ | रामजी मुखिया विन/छठु मुखिया विन/बंगाली मुखिया विन | रामजी मुखिया विन/प्रसौनी-३, बारा/३३३०८४/३५२ |
| ४७ | बहुवारी | लालमती देवी विन | प्रसौनी-३, बारा | ३३१०८४/४००१० | २०७०/०५/०३ | रामजी मुखिया विन/छठु मुखिया विन/बंगाली मुखिया विन | रामजी मुखिया विन/प्रसौनी-३, बारा/३३३०८४/३५२ |
| ४८ | बहुवारी | लालमुनी देवी विन | प्रसौनी-४, बारा | ३३३०८४/३२ | २०६३/११/२३ | तेजमन मुखिया विन/बकाद मुखिया/राम सुरत मुखिया विन | तेजमन मुखिया विन/प्रसौनी-४, बारा/३३८९/२४१८ |
| ४९ | बहुवारी | मिना देवी सहनी | अमलेखगंज-५, बारा | ३३२०७३/२८३३५ | २०६६/०९/२८ | राम आशिष सहनी/सुरेन्द्र सहनी मलाह/बाबु राम सहनी | राम आशिष सहनी/अमलेखगंज-५, बारा/३३३०७३/४७ |
| ५० | बहुवारी | रमावती देवी विन | प्रसौनी-४, बारा | ३३३०८४/५९७ | २०६३/०९/१४ | पारश मुखिया/किसुन विन/जुगुल मुखिया | पारश मुखिया/प्रसौनी-४, बारा/३३२७१२/२०५२/३१३ |
| ५१ | बहुवारी | रामवती देवी | बतरा-५, बारा | ३३१०८७/११५५ | २०६६/०९/२३ | बिरेन्दर राउत बीन/श्री किसुन मुखिया बीन/पुरन राउत बीन | बिरेन्दर राउत बीन/बतरा-५, बारा/३३३०८७/५४५ |
| ५२ | बहुवारी | रिता देवी | विरगंञ्ज-९, पर्सा | ३४३०२२/७३ | २०६३/१२/२८ | सुरज कुमार पटेल/गोपाल राउत कुर्मी/विन्देश्वरी राउत | सुरज कुमार पटेल/विरगंञ्ज-९, पर्सा/३४३०२२/४४५ |
| ५३ | बहुवारी | सैरा बेगम मैंसुरी | प्रसौनी-४, बारा | २८८९ | २०५९/०४/०९ | सफी मिया/खेदु मियाँ मैसुरी/सुकल मियाँ | सफी मिया/प्रसौनी-४, बारा/२५/२१११ |
| ५४ | बहुवारी | सन्जरी देवी | प्रसौनी-३, बारा | ३३३०८४/४७ | २०६३/११/२३ | गरिव मुखिया/बेटु मुखिया बेलहिया/बेस्टो मुखिया | गरिव मुखिया/प्रसौनी-३, बारा/९८५६ |
| ५५ | बहुवारी | सोभा कुमारी | अमरपटि-५, पर्सा | ००८७१९३४ | २०५६/०१/२७ | लटज दाश तत्वा/पारश दास तत्वा/रुदल दास तत्वा | लटज दाश तत्वा/प्रसौनी-३, बारा/३३३०८४/१०० |
| ५६ | बहुवारी | रमावती देवी विन | प्रसौनी-४, बारा | ३३३०८४/५९७ | २०६३/०९/१४ | पारश मुखिया/किसुन विन/जुगुल मुखिया | पारश मुखिया/प्रसौनी-४, बारा/३३२७१२/२०५२/३१३ |
| ५७ | अमृतगंज | शारधा देवी | सिम्रौनगढ-२, बारा | ३३-०६-७४-००८४० | २०७४/०५/०८ | प्रमोद दास तत्मा/जगदिश दास तत्मा/सिताराम दास | प्रमोद दास तत्मा/अमृतगंञ्ज-४, बारा/१००२/१६२९७ |
| ५८ | अमृतगंज | बेगनी देवी | सिम्रौनगढ-२, बारा | ३३-०६-७३-०००४४ | २०७३/०५/१० | परदेशी दास तत्मा/जंग बहादुर दास तत्मा/सिताराम दास | परदेशी दास तत्मा/अमृतगंञ्ज-४, बारा/१०८१५ |
| ५९ | अमृतगंज | रुतन देवी | बेनौली-४, बारा | १०००0९(वि.द.न.) | २०७४/०३/८ | कामेश्वर राउत कुर्मी//नन्दन राउत कुर्मी | कामेश्वर राउत कुर्मी/बेनौली-२, बारा/३३१०४८/६८२ |
| ६० | अमृतगंज | बजिया देवी | कुडवा-५, बारा | ३३३०३२/१ | २०७०/०२/२९ | मुगल मुखिया वीन/सुखल मुखिया विन/रामनाथ मुखिया विन | मुगल मुखिया/कुडवा-५, बारा/९०७/०७५७/८५ |
| ६१ | अमृतगंज | नैनावती देवी | अमृतगंञ्ज-५, बारा | ३३३००२/३१८३ | २०६३/११/०५ | बिगु महरा चमार/चेतन महरा चमार/गंगा महारा चमार | बिगु महरा चमार/अमृतगंञ्ज-५, बारा/३/४७४ |
| ६२ | अमृतगंज | तारा देवी मुखिया | अमृतगंञ्ज-४, बारा | ३३३००२/३५३ | २०६३/११/०३ | सत्य नारायण मुखिया/जुलुम मुखिया/वरण मुखिया | सत्य नारायण मुखिया/अमृतगंञ्ज-४, बारा/२१८४/१११२ |
| ६३ | अमृतगंज | किरण देवी कुशवाहा | सिम्रौनगढ-९, बारा | ३३१०१२/१२८०९ | २०६६/०२/०५ | राकेश कुमार कुशवाहा/राम बाबु महतो/रामेश्वर प्रशाद कोईरी | राकेश कुमार कुशवाहा/पटेर्वा-९, बारा/१६५४६/२१६४ |
| ६४ | भालुवाही | भटी खातुन | सारस्वर-१, सिरहा | ३०८० | २०६३/११/२७ | इसान मिया/हनिफ मिया/नुजा मिया | इसान मिया/सारस्वर-२, सिरहा/३८ |
| ६५ | नारायणी | शारदा बोहरा | नारायणी-१२, नवलपरासी | ३६२०२९/१३७५ | २०६८/०७/२७ | दिपक बोहरा/पुर्ण प्रसाद भट्टराई/कृष्ण बहादुर बोहरा | दिपक बोहरा/नारायणी-०९, नवलपरासी/३५६८४ |
| ६६ | जनकपुरधाम | शोभा देवी | जनकपुर-२, धनुषा | १७१०६१/४४५ | २०६६/०२/२० | गंगा मण्डल/राम प्रसाद मण्डल/फुलकित मंण्डल | निमेश कुमार/मटिहानी-६, महोत्तरी/१८-३-००८/६४८ |
| ६७ | जनकपुरधाम | मृदुला देवी | जनकपुर-२, धनुषा | ३९६९५३३४ | २०५९/०७/१७ | धर्म मण्डल/चन्देश्वर मण्डल/फुलकित मंण्डल | धर्म मण्डल/जनकपुर-२, धनुषा/३९६९२२८२ |
| ६८ | जनकपुरधाम | लक्ष्मी देवी लोहार | जनकपुर-३, धनुषा | १९९५ | २०५३/०१/२६ | राम बाबु ठाकुर लोहार/विन्देश्वर ठाकुर लोहार/सुवध ठाकुर लोहार | कुश कुमार ठाकुर/जनकपुर-३, धनुषा/१७११०२/९९२० |
| ६९ | जनकपुरधाम | रिता कुमारी देवी ठाकुर | बनौली दनौली-५, महोत्तरी | १८-१-०१४/४१३ | २०६९/०८/१५ | गंगा राम ठाकुर/रामवरण ठाकुर वरही/विन्देश्वर ठाकुर | गंगा राम ठाकुर/बनौली दनौली-५, महोत्तरी/०४३३३०३० |
| ७० | जलेश्वर | निलम देवी | जलेश्वर-४, महोत्तरी | १८१००६/३३२ | २०६७/०६/२५ | रंजित मिश्र/पतिराम ठाकुर/महेन्द्र मिश्र | रंजित मिश्र/जलेश्वर-९, महोत्तरी/९०५२३४९६ |
| ७१ | जलेश्वर | ईनर देवी | मौनही-६, महोत्तरी | १८-०१-७१-०३६३७ | २०७६/०६/१३ | नवल किसोर महतो/देखाई महतो/फेकन महतो | मोदिया देवी/महोत्तरी/३१९२ |
| ७२ | जलेश्वर | गम्भिरा देवी राउत | नैन्ही-६, महोत्तरी | १८-०१-००२/१५८० | २०६७/१०/११ | शिव कुमार राउत/रामे राउत/गोविन्द राउत | शनिचरी देवी/नैन्ही-६, महोत्तरी/१८३००२२८१ |
| ७३ | जलेश्वर | आशा देवि | अंकार-२, महोत्तरी | १८१००३/१६४१ | २०६७/११/०५ | राम विनोद चौधरी/राम विहारी शाह/राम चन्द्र चौधरी | राम विनोद चौधरी/अंनकार-२, महोत्तरी /२३८ |
| ७४ | जलेश्वर | मोकिमा खातुन | अंकार-३, महोत्तरी | १८३००३८६ | २०६२/१२/२२ | जनिफ साफि/एनुल साफि/अब्दुल साफि | जनिफ साफि/अनकार-३, महोत्तरी /१८३००३४ ज |
| ७५ | जलेश्वर | अनिता देवि ठाकुर | जलेश्वर-१२, महोत्तरी | १८१००२/११ | २०६४/०२/१८ | राम बालक ठाकुर/महिन्दर ठाकुर/भरत ठाकुर | राम बालक ठाकुर/जलेश्वर-१२, महोत्तरी /६४३०४००४९-८४ |
| ७६ | पर्सा | अम्बिका खड्का | कठार-५, चितवन | ३४१००१/३०३ | २०६८/०१/१५ | शिव श्रेष्ठ/गणेश बहादुर खड्का/नारायण बहादुर श्रेण्ठ | शिव श्रेष्ठ/पिप्ले-७, चितवन/००२८५ |
| ७७ | पोखरीया | शन्तुला कुमारी | औराहा-७, पर्सा | ३४-०१-७१-००५८१ | २०७१/०१/२१ | साहदेव राउत कुर्मी/राम अधार राउत कुर्मी/मदन राउत कुर्मी | साहदेव राउत कुर्मी/औराहा-७, पर्सा/३४३००३/२८१ |
| ७८ | पोखरीया | फुलपती देवी | तुलसीवर्वा-२, पर्सा | ३४१०८२/११९ | २०६६/१२/०५ | रोशन हजारा दुसाद/दसरथ हजारा/थाहा नभएको | रोशन हजारा दुसाद/छिपहरमाई-४, पर्सा/३४१०८२/११९ |
| ७९ | पोखरीया | शान्ती देवी | श्रीसिया नौ त ज-४, पर्सा | ३४३०७६/६ | २०७०/०२/१२ | वुधाई हजारा/खेदन हजारा/डोलन हजारा | वुधाई हजारा/श्रीसिया-४, पर्सा/३४३०७६/१ |
| ८० | पोखरीया | गोधनी देवी विन | मसिहानी-२, पर्सा | ३४३०५२/२७५ | २०६६/१२/२६ | हरिन्द्र राउत विन/विजरा राउत विन/मंगल राउत विन | हरिन्द्र राउत विन/मसिहानी-२, पर्सा/३४६१०९०२३६ |
| ८१ | पोखरीया | अमना खातुन | धोबिनी-३, पर्सा | ३४३०२८/२०६ | २०६४/०१/१० | सुकट मिया हजाम/सुजानी मिया/अजीज मिया | सुकट मिया हजाम/धोबिनी-३, पर्सा/२७७०१८०३ |
| ८२ | पोखरीया | मिरा देवी | निचुटा-३, पर्सा | ३४१०५६/४३३ | २०६८/०२/२० | सुरेन्द्र साह कानु/राज देव साह कानु/राम औतार साह कानु | सुरेन्द्र साह कानु/निचुता-३, पर्सा/३४३०५६/०१३ |
| ८३ | पोखरीया | पाना कुर्मिन | औराहा-८, पर्सा | ७६२/०३१८२१०७ | २०४५/०२/३० | आनन्दजी प्रसाद कुर्मी/थाहा नभएको/रामअस्रे राउत कुर्मी | आनन्दजी प्रसाद कुर्मी/औराहा-८, पर्सा/५८३/०३१८२०८४ |
| ८४ | पोखरीया | कोशीला देवी | धोरे-७, पर्सा | २७५५१९३९ | २०५५/०३/१५ | जनक सहनी/राम सागर सहनी मलाह/रधु सहनी | जनक सहनी/धोरे-७, पर्सा/२७५५१७०० |
| ८५ | पोखरीया | अमुनेश खातुन शाह | धोरे-८, पर्सा | ३४-०१-७३-०१०२४ | २०७३/०१/२६ | मोलाजिम शाह/ईसा देवान/लैस देवान साह | साहाना खातुन/पकहामैनपुर-१, पर्सा/३४-०१-७३-००४८२ |
| ८६ | पोखरीया | पुनम देवी राम | पकहाँमैनपुर-१, पर्सा | ३४-०१-७४-०७९०१ | २०७४/०६/२३ | मतीश चन्द्र राम/दुखन राम/अनन्त राम हरिजन | मतीश चन्द्र राम/घोरे-१, पर्सा/३४१०२७/१५१ |
| ८७ | पोखरीया | आरती कुमारी नुनिया | जगरनाथपुर-५, पर्सा | ३४-०१-७५-०११८४ | २०७५/०१/३१ | लाल बहादुर महतो/नागा महतो नुनिया/राम नाथ महतो नुनिया | लाल बहादुर महतो/मसिहानी-६, पर्सा/३४१०५२/६१२ |
| ८८ | पोखरीया | विन्दा देवी | औराहा-५, पर्सा | ३४-०१-७२-०६८७४ | २०७२/११/२३ | मुनिलाल राउत कुर्मी/राम बहादुर राउत कुर्मी/ललिता राउत कुर्मी | मुनिलाल राउत कुर्मी/औराहा-५, पर्सा/३४३००३/४७७ |
| ८९ | पोखरीया | मालती देवी | औराहा-५, पर्सा | ३४-०१-७३-०४५०८ | २०७३/०४/०४ | जयलाल राउत कुर्मी/रामनाथ राउत कुर्मी/ललिता राउत कुर्मी | जयलाल राउत कुर्मी/औराहा-५, पर्सा/३४३००३/४७६ |
| ९० | पोखरीया | सिमा देवी | धोबिनी-४, पर्सा | ३४३०२८/२५४ | २०६३/१०/१० | राम बेलाश शर्मा/बिसनाथ ठाकुर लोहार/आज्ञा ठाकुर लोहार | राम बेलाश शर्मा/धोबिनी-४, पर्सा/३४३०२८/१४३ |
| ९१ | पोखरीया | मान्ती देवी चौहान | धोरे-४, पर्सा | ३४३०२७/७९ | २०७०/०२/१९ | मदन प्रसाद चौहान/जलेश्वर महतो चाई/साधु महतो | मदन प्रसाद चौहान/धोरे-८, पर्सा/२७५५१८१४ |
| ९२ | पोखरीया | आफसाना खातुन | पकहाँमैनपुर-१, पर्सा | ३४-०१-७५-०००९८ | २०७५/०१/०४ | हसन साह/मुखतार देवान/लैस देवान साह | साहाना खातुन/पकहामैनपुर-१, पर्सा/३४-०१-७३-००४८२ |
| ९३ | पोखरीया | जगिया देवी | सुर्जाहा-२, पर्सा | १००७० | २०६५/०५/३१ | राजा राम राउत कंकर/दहाडी राउत/गणेश राउत कंकर | राजा राम राउत कंकर/सुर्जाहा-२, पर्सा/९१५५०२६२ |
| ९४ | पोखरीया | साहाना खातुन | धोरे-८, पर्सा | ३४-०१-७३-००४८२ | २०७३/०१/१४ | महम्मद मुन्ना देवान/मुखतार देवान/लैस देवान सारु | आफसाना खातुन/पकहाँमैनपुर-१, पर्सा/३४-०१-७५-०००९८ |
| ९५ | पोखरीया | रिता देवी | धोरे-८, पर्सा | ३४-०१-७१-०९३४७ | २०७१/१२/०८ | रामायण कुर्मी/गिर्जा पटेलं/जई राउत कुर्मी | रामायण कुर्मी/धोरे-८, पर्सा/६०५/२७५५१५०७ |
| ९६ | पोखरीया | सिता देवी दास | घोरे-८, पर्सा | ३४-०१-७१-०१७४१ | २०७१/०२/२१ | रुदल दास तत्वा/फेकु दास तत्वा/राज देवा दास तत्वा | रुदल दास तत्वा/घोरे-८, पर्सा/२७५५२२१३ |
| ९७ | पोखरीया | गंगा देवी दुसादीन | विरन्चीवर्वा-८, पर्सा | ३४३०२१/८६ | २०६३/१०/१२ | बंका हजारा दुसाद/जगदीश हजारा दुसाद/थाहा नभएको | बंका हजारा दुसाद/विरन्चीवर्वा-८, पर्सा/१५९०१६१८ |
| ९८ | पोखरीया | उषा देवी | निचुटा-३, पर्सा | ३४१०५६/४५० | २०६८/०२/२२ | गोरख माझी मुसहर/दशरथ माझी/ग्रहण माझी मुसहर | गोरख माझी मुसहर/निचुटा-२, पर्सा/३४३०५६/४४३ |
| ९९ | पोखरीया | ज्ञान्ति देवी विन | मसिहानी-२, पर्सा | ३४१०५२/१५५ | २०६५/१६/२६ | शंकर राउत विन/बजनाथ मुखिया/चलितर राउत विन | सुनिल राउत विन/मसिहानी-२, पर्सा/३४-०१-७१-०९५४० |
| १०० | पोखरीया | लालमुनी देवी राम | श्रीसिया नौ त ज-६, पर्सा | ३४-०१-६९-०५५१० | २०६९/११/०२ | लोरिक महरा/सर्दशन महरा/जादोलाल मरहा | लोरिक महरा/श्रीसिया नौ त ज-६, पर्सा/८८७०२०६९ |
| १०१ | पोखरीया | चिन्ता देवी | घोरे-१, पर्सा | ३४३०२७/३५ | २०६४/०१/०७ | अम्बिका महतो कोइरी/जनक महतो/राम महतो | अम्बिका महतो कोइरी/घोरे-१, पर्सा/८१८८०५२ |
| १०२ | पोखरीया | आरती कुमारी | पकहाँ मैनपुर-१, पर्सा | ३४-०१-७६-०५८७३ | २०७६/०८/१७ | राम दुलार कुमार कुशवाहा/अभिमन्यु कुमार कुशवाहा/अम्बिका महतो कोइरी | राम दुलार कुमार कुशवाहा/घोरे-१, पर्सा/३४-०१-७०-०४५२२ |
| १०३ | पोखरीया | दिप रानी देवी | विरनची-८, पर्सा | १५९०१२०१ | २०४०/११/२९ | सोहन राउत कुर्मी/बंसी राउत कुर्मी/जगर नाथ राउत | सोहन राउत कुर्मी/विरनची-८, पर्सा/१५९०११८५ |
| १०४ | पोखरीया | कनिजा खातुन | घोरे-८, पर्सा | १८७३ | २०६६/०३/२१ | जाकिर हुसेन देवान/महमद उस्तर/जालिल देवान | जाकिर हुसेन देवान/घोरे-८, पर्सा/३४१०२७/४७ |
| १०५ | पोखरीया | सिमा कुमारी पटेल | औराहा-८, पर्सा | ३४३००३/५५४ | २०६३/१०/२५ | रघुवीर राउत कुर्मी/आनन्दजी प्रसाद कुर्मी/राउत कुर्मी | रघुवीर राउत कुर्मी/औराहा-७, पर्सा/०३१८२५३२ |
| १०६ | पोखरीया | जानकी कुमारी राउत | वीरगन्ज-१३, पर्सा | ३४-०१-७०-१२३६६ | २०७०/११/०८ | रामजी राउत कुर्मी/सुखाडी राउत/विसुन देव राउत कुर्मी | रामजी राउत कुर्मी/जगरनाथपुर-०६, पर्सा/३४-०२-७६/००३२६ |
| १०७ | पोखरीया | खैरुनिया खातुन | धोविनी-३, पर्सा | ३४३०२८/६४ | २०६४/०१/०६ | जुहुर मिया/सवरती मिया/अनिहुसैन मिया | जुहुर मिया/धोविनी-३, पर्सा/२८३००५१ |
| १०८ | पोखरीया | मंजु देवी यादव | मिर्जापुर-१, पर्सा | ३४३०५२/८७ | २०६४/०१/१३ | लाल बाबु राउत अहिर/दगोरा राउत/नागेश्वर राउत अहिर | लाल बाबु राउत अहिर/मिर्जापुर-१, पर्सा/६२४३१५७५ |
| १०९ | पोखरीया | सन्जना देवी दुसाद | पोखरीया-६, पर्सा | ३४-०१-७४-०७९१८ | २०७४/०६/२३ | शम्भु हजारा दुसाद/सुदामा हजारा/असर्फी हजारा | शम्भु हजारा दुसाद/श्रीसिया-४, पर्सा/३४३०७६/३ |
| ११० | पोखरीया | विन्दा देवी राजपुत | पोखरीया-१२, पर्सा | ३४-०१-७३-०८४६३ | २०७३/०८/०८ | सत्येन्द्र सिंह/पहलाद घर्ती/प्रल्लाद गिरी/राम राज शिह राजपुत | सत्येन्द्र सिंह/सिववर्वा-५, पर्सा/७०५३२१५८ |
| १११ | पोखरीया | ललिमा देवी चौहान | सिववर्वा-८, पर्सा | ३४३०७३/१९ | २०६३/११/११ | नरेश प्रसाद चौहान/चन्द्रिका महतो चाई/रघुनाथ महतो चाई | शत्रुधन प्रसाद चौहान/सिववर्वा-८, पर्सा/३४-०१-७१-०६४४१ |
| ११२ | पोखरीया | प्रतिमा देवी | सुर्जाहा-१, पर्सा | ११२३१ | २०६९/०२/३० | विनय कुमार/विधेया राउत/भोकट राउत | विनय कुमार/सुर्जाहा-१, पर्सा/३४१०८०/२४२ |
| ११३ | पोखरीया | लक्ष्मी देवी | सुर्जाहा-१, पर्सा | ३४१०८०/३३५ | २०६९/०२/२९ | लखीचन राउत कंकर/ध्यानी राउत कंकर/सुरज राउत कंकर | सोनु राउत/पकहाँ मैनपुर-१, पर्सा/३४-०१-७५-१७९८९ |
| ११४ | पोखरीया | हिरामोती देवी | निचुता-३, पर्सा | ३४३०५६/६१ | २०६३/११/०३ | रामनाथ महतो थारु/रोगाही दास/हरिहर महतो थारु | रामनाथ महतो थारु/निचुता-३, पर्सा/३४३०५६/०२९ |
| ११५ | पोखरीया | रामरती देवी | औराहा-५, पर्सा | ३४१००३/२६१ | २०६८/०४/१७ | अमर देव प्रसाद राउत कुर्मी/थाहा नभएको/सरयुग राउत कुर्मी | अमर देव प्रसाद राउत कुर्मी/औराहा-५, पर्सा/३४३००३/४९३ |
| ११६ | पोखरीया | मालती देवी | औराहा-५, पर्सा | ३४-०१-७३-०४५०८ | २०७३/०४/०४ | जयलाल राउत कुर्मी/रामनाथ राउत कुर्मी/ललीता राउत कुर्मी | जयलाल राउत कुर्मी/औराहा-५, पर्सा/३४३००३/४७६ |
| ११७ | पोखरीया | हेवन्ती देवी | छिपहरमाई-५, पर्सा | ३४-०१-७५-०१९९० | २०७५/०२/१४ | प्रभु हजारा/अमिरका पासवान/ठग हजारा | सुगान्धी देवी/भिस्वा-४, पर्सा/३४१०१८/३१६ |
| ११८ | पोखरीया | लीलावती देवी | धोविनी-४, पर्सा | ३४३०२८/४७ | २०६४/०१/०७ | देव झरन ठाकुर/गुदर ठाकुर लोहार/धर्मदेव ठाकुर लोहार | देव झरन ठाकुर/धोविनी-४, पर्सा/२७३०२४९७ |
| ११९ | पोखरीया | सरस्वती देवी लोहार | धोविनी-४, पर्सा | ३४३०२८/९६ | २०६४/०१/०८ | अच्छेलाल ठाकुर लोहार/दामोदर ठाकुर/मथुरा ठाकुर लोहार | अच्छेलाल ठाकुर लोहार/धोविनी-४, पर्सा/२७३०२५११ |
| १२० | पोखरीया | शान्ती देवी | श्रीसिया नौ त ज-४, पर्सा | ३४३०७६/६ | २०७०/०२/१२ | बुधाई हजारा/खेदन हजारा/डोलन हजारा | आशामति देवी/श्रीसिया नौतज-४, पर्सा/९३४५ |
| १२१ | पोखरीया | सन्जना देवी दुसाद | पोखरीया-६, पर्सा | ३४-०१-७४-०७९१८ | २०७४/०६/२३ | शम्भु हजारा दुसाद/सुदामा हजारा/असर्फी हजारा | शम्भु हजारा दुसाद/श्रीसिया-४, पर्सा/३४३०७६/३ |
| १२२ | पोखरीया | प्रतिमा देवी | सुर्जाहा-१, पर्सा | ११२३१ | २०६९/०२/३० | विनय कुमार/विधेया राउत/भोकट राउत | विनय कुमार/सुर्जाहा-१, पर्सा/३४१०८०/२४२ |
| १२३ | पोखरीया | लिलावती देवी | धोविनी-४, पर्सा | ३४३०२८/२९२ | २०६४/०१/११ | मुन्ना साह तुरहा/घना साह तुरहा/बुधै साह तुरहा | घना साह तुरहा/मिर्जापुर-९, पर्सा |
| १२४ | पोखरीया | सन्जु देवी | जगरनाथपुर-६, पर्सा | ३४-०१-७५-०६७६५ | २०७५/०६/०८ | ढोडा प्रसाद पटेल/धुरेन्द्र राउत कुर्मी/बिसुन देब राउत कुर्मी | ढोडा प्रसाद पटेल/जगरनाथपुर-६, पर्सा/३४-०१-७४-११०४८ |
| १२५ | फुलगामा | सोनावती देवी | एकरहिया-२, महोत्तरी | १८३०२०३०३१ | २०४४/११/१७ | विसुन देव महतो नुनिया/थाहा नभएको/नारायण महतो | विसुन देव महतो नुनिया/एकरहिया-२, महोत्तरी/३०२०३०२७ |
| १२६ | फुलगामा | कान्ती देवी | एकरहिया-३, महोत्तरी | १८३०१२/८५ | २०६३/१२/१५ | मोतिराम महतो नुनिया/रानौर महतो/जैसी महतो नुनिया | मोतिराम महतो/पिपरा-१, महोत्तरी/३०२०५०८४ |
| १२७ | फुलगामा | मनतोरीया देवी | पिपरा-१, महोत्तरी | १८३०१२/३३४ | २०६३/१०/२० | दशरथ महतो/बृहस्पती महतो/राम आषिश महतो | राधा देवी/कोल्हुवा वहेडा-३, महोत्तरी/१८३०१२/२५१ |
| १२८ | फुलगामा | राजकुमारी देवी | एकरहिया-३, महोत्तरी | १८३०१२/१४२ | २०६३/१२/१५ | श्याम महतो नुनिया/थाहा नभएको/जोगेन्द्र महतो नुनिया | श्याम महतो नुनिया/एकरहिया-३, महोत्तरी/३०२०४६५० |
| १२९ | लाहान | कमला कुमारी चौधरी | सिंगिया-५, सुनसरी | ०६३०३३/१६६१ | २०६३/१०/१९ | रविन चौधरी/पुर्ण लाल चौधरी/भुवनेश्वर चौधरी | रविन चौधरी/फुल्काहाकट्टी-६, सिराहा/१५-०१-७१-००३५६ |
| १३० | लाहान | मन्जु देवि चौधरी | धनगढिमाई-४, सप्तरी | १५-०१-७३-०८८०३ | २०७३/१०/१३ | रामाकान्ता चौधरी/मागेन चौधरी/झापु चौधरी थारु | रामाकान्ता चौधरी/धनगढिमाई-४/१५-०१-७३-०४४७५ |
| १३१ | लाहान | अनिता कुमारी चौधरी | धनगढिमाई-४, सप्तरी | १५-०१-७३-०८८०७ | २०७३/१०/१३ | शोभाकान्त चौधरी/रेशम लाल चौधरी/झपु चौधरी थारु | शोभाकान्त चौधरी/धनगढिमाई-४, सप्तरी/१५-०१-७३-०४४७७ |

## नेपाल बैंकका कर्मचारी र ग्राहकलाई क्रिस्टल डायग्नोस्टिकमा छूट



काठमाडौं (अस) । नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारी र बैंकमा खाता रहेका ग्राहकले काठमाडौंको सिनामंगलमा रहेको क्रिस्टल डायग्नोस्टिक प्रालिमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट पाउने भएका छन् । बैंक र डायग्नोस्टिक प्रालिबीच भएको सम्झौता अनुसार प्याथोलोजी ल्याबका विविध सेवाहरूमा लाग्ने शुल्कहरूमा बिल रकमको १० देखि ३० प्रतिशतसम्म छूट पाउने व्यवस्था गरिएको बैंकले विज्ञप्तिमार्फत जनाएको छ । छूटसम्बन्धी सम्झौतापत्रमा बैंकका तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र क्रिस्टल डायग्नोस्टिक प्रालिका तर्फबाट प्रबन्ध निर्देशक रबिन्द्र केसीले हस्ताक्षर गरेका छन् ।

### राहुल महरा जोडिएको सुन तस्करी प्रकरण
## ११ जनाविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा



काठमाडौं (अस) । माओवादी केन्द्रका नेता कृष्णबहादुर महराका छोरा राहुल महरा जोडिएको भेपमार्फत ९ किलो सुन तस्करी प्रकरणमा ११ जनाविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा दर्ता भएको छ । सुन तस्करी प्रकरणमा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल भन्सार कार्यालयका नायब सुब्बा (नासु) रेवन्त खड्कासहित अन्यविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा दर्ता भएको हो ।

अभियुक्तहरूमा दिनेश बस्नेत, अमृत कार्की, राम केशव थापा, ललिता थापा, वेदप्रकाश अग्रवाल, साहेब राव, पाण्डुरङ मरगले, राहुल भनिने रेशम महरा, दावा छिरिङ, रोजन राउत, र प्रेरणा थापा रहेका छन् ।

अभियुक्तहरूविरुद्ध ८ करोड ५५ लाख २८ हजार ३७४ रुपैयाँ बिगो दाबी गर्दै हदैसम्मको सजाय माग सहित जिल्ला सरकारी वकिलको कार्यालयले शुक्रवार जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको हो ।

यसअघि, सीआईबीले उनीहरूमाथि आपराधिक विश्वासघात र संगठित अपराधको मुद्दा चलाएको थियो । गत भदौ १६ मा यस मुद्दाको फैसला भएको थियो । अदालतले नासु खड्कालाई २ वर्ष ६ महीना कैद र २५ हजार जरीवाना, दिनेश बस्नेतलाई १ वर्ष ६ महीना कैद र १५ हजार जरीवाना र निर्मलकुमार विकलाई ६ महीना कैद र ५ हजार जरीवाना सुनाएको थियो ।

त्यस्तै, वेदप्रकाश र साहेब रावलाई जनही ४५ हजार जरीवाना, दावा र राहुललाई १ वर्ष २ महीना कैद, तथा राम केशव र अमृतको जग्गा जफत गर्ने फैसला भएको थियो । लोकेन्द्रलाई भने सफाइ दिइएको थियो ।

अवैध ल्याइएको सुन बेचेर जग्गा खरीद गरेको प्रमाणित भएपछि उक्त जग्गा जफत गर्ने निर्णय गरिएको थियो । २०७९ पुस १० मा फ्लाई दुबईको जहाजमार्फत चिनियाँ नागरिक लि ह्यानसङले सुटकेसभित्र भेपमा लुकाएर सुन ल्याएका थिए । विमानस्थल भन्सारले शंकास्पद देखिएको उक्त सुटकेस नियन्त्रणमा लिएको थियो । तर, त्यतिबेला भेपभित्र सुन रहेको यकिन भएको थिएन ।

चिनियाँ नागरिक होसाङलाई पासपोर्टसहित भन्सारले छोडिदिएपछि उनी भोलिपल्टै स्वदेश फर्किए । पछि भेप गायब पारेर बेचिएको खुल्नासाथ सुन तस्करीको रहस्य बाहिरियो । यसको अनुसन्धान सीआईबीले गरेको थियो ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

**ओमस्टोन एसिया क्यापिटल नेपाल प्रा.लि.** को **२०८१/०८/२४** मा सम्पन्न बिशेष साधारण सभाको निर्णयले कम्पनीको नाम परिवर्तन गरी अभिलेख/स्वीकृतिको लागि पठाएकोमा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मितिः २०८१/०९/१६ को निर्णयानुसार स्वीकृति प्राप्त भई **ओमस्टोन होटेल्स प्रा.लि. (प्रा.लि. नं. १२९३८४)** कायम गरिएको छ । साविकको कम्पनीको नाममा रहेको चल-अचल सम्पति तथा तिर्नु ब्यहोर्नु पर्ने सम्पूर्ण कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनी खारेज गर्ने सम्बन्धमा लिक्विडेटरको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा मितिः२०७९/०७/२१ गते दर्ता भएको **हिरण्य कन्सल्ट्स प्रा.लि.** (दर्ता नं. **३०१७२२**) कम्पनीको **मितिः२०८१/०९/१५** गते सम्पन्न **वार्षिक** साधारण सभाको निर्णयले बिशेष प्रस्ताव पारित गरी कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले कम्पनी ऐन अन्तर्गत खारेजी प्रक्रिया शुरु गरिएको छ। कोही कसैको यस कम्पनीबाट पाउनु पर्ने बाँकी बक्यौता भएमा सूचना प्रकाशित भएका मितिले ३५ (पैंतिस) दिन भित्र तल उल्लेखित लिक्विडेटरको कार्यालयमा प्रमाण सहित दावी गर्नुहोला। ऐन बमोजिम दायित्व भुक्तान गरी बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरुलाई बाँडिने हुँदा तोकिएको म्याद भित्र दावी गर्न नआए पछि कुनै किसिमको उजुर दावी नलाग्ने ब्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराउँदछु।

**लिक्वीडेटरको कार्यालय**

**नाम**:-ईश्वरी प्रसाद पौडेल इजाजत पत्र नं.४११

ठेगानाः का.म.न.पा.-१० बुद्धनगर, काठमाण्डौ, **फोन नं.९८२०२०३१९४**

## एरो फर्मास्यूटिकल्स लिमिटेडको प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०३)
(दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/२१)

***श्री शेयरधनी महानुभावहरु,***

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१ साल पौष २ गते मंगलबार बसेको तेस्रो बैठकको निर्णयानुसार कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०८१ साल पौष २५ गते, बिहिबार (तदनुसार ९ जनवरी, २०२५) ।
**समय** : बिहान १०:०० बजे ।
**स्थान** : होटल पौवा, गौशाला, काठमाण्डौ ।

**छलफलका विषयहरुः**

***(क) साधारण प्रस्तावः***

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने प्रथम वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीको बाह्य लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिका सदस्यहरुको मनोनयन/नियुक्ती सम्बन्धमा ।
४. कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण कार्यको लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. सर्वसाधारणमा शेयरको प्रारम्भिक सार्वजनिक निष्कासन (IPO) गर्ने सम्बन्धमा ।

***(ख) विशेष प्रस्तावः***

१. कम्पनीको संस्थापक शेयरधनीको समूहतर्फको चुक्तापूँजी वृद्धि गर्ने तथा सो बमोजिम सर्वसाधारणमा निष्कासन हुने शेयर संरचना परिमार्जन गर्ने र प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।
२. प्रबन्धपत्र तथा नियमावलीमा संशोधन सम्बन्धमा नियमनकारी निकायबाट कुनै थपघट, परिवर्तन वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

***नोटः*** कम्पनीको सञ्चालक समितिको मिति २०८१/०९/१९ गते बसेको चौथो बैठकले विशेष प्रस्तावको रूपमा उल्लेख गरिएका प्रस्तावहरु साधारणसभामा पेश गर्ने निर्णय गरेको ।

***(ग) विविधः***

सञ्चालक समितिको आज्ञाले
**कम्पनी सचिव**



ललितपुरको मंगलबजार नजिकै मोटरसाइकलमा साइकल बोकेर लगिँदै ।

तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

### मुक्तिनाथ विकास बैंक १९औं वर्षमा

## देशैभर विविध कार्यक्रम सम्पन्न

काठमाडौं (अस)। मुक्तिनाथ विकास बैंक लिमिटेड सञ्चालनको १९औं वर्षमा प्रवेश गरेको छ। सो अवसरमा बैंकले पुस १९ गते देशैभर विविध कार्यक्रम सम्पन्न गरेको छ। बैंकले केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाडौं, क्षेत्रीय कार्यालयहरू जनकपुर, नारायणगढ, धादिङ, पोखरा, बुटवल र कोहलपुरमा बृहत् रक्तदान कार्यक्रम आयोजना गरेको थियो, जसबाट ६११ युनिट रगत संकलन गरी स्थानीय रक्तसञ्चार गृहहरूलाई हस्तान्तरण गरिएको बैंकले जनाएको छ।

सोही अवसरमा वातावरण संरक्षण र जलवायु परिवर्तन रोकथाम विषयलाई लक्षित गरी कक्षा ८ देखि १० सम्मका विद्यार्थीबीच 'आर्ट फर अर्थ, कम्ब्याटिङ क्लाइमेट चेन्ज' शीर्षकमा राष्ट्रव्यापी चित्रकला प्रतियोगिता सम्पन्न गरिएको छ। प्रतियोगितामा कुल ४७६ विद्यार्थीहरू सहभागी भएका थिए। सर्वोत्कृष्ट चित्रको सृजनाकार जुलेन गुरुङलाई रू. ५० हजार नगद र प्रमाणपत्र, हरेक क्षेत्रीय कार्यालयअन्तर्गत उत्कृष्ट चित्रकारलाई जनही रू. १० हजार नगद र प्रमाणपत्र प्रदान गरिएको बैंकले जनाएको छ।

बैंकले सात ओटै प्रदेशलाई समेटिने गरी विभिन्न विद्यालयका कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति, विभिन्न क्याम्पसमा पुस्तकालय स्थापना तथा भौतिक संरचना निर्माण गर्न सहयोग, विभिन्न विद्यालयका विद्यार्थीलाई न्यानो कपडा तथा स्टेसनरी सामग्री वितरण, वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी कार्य, बागमती सफाइ महाअभियानलाई सफाइ सामग्री



हस्तान्तरण र गैरनाफामूलक सामाजिक संस्थाहरूलाई आर्थिक सहयोग गरेको छ।

यसैगरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन, डिजिटल माध्यमद्वारा बैंकिङ साक्षरता, धार्मिक तथा सांस्कृतिक विकासका लागि आर्थिक सहयोग, स्थानीय निकायहरूसँग सहकार्य गरी सेवाग्राहीको हित हुनेगरी फर्निचर तथा उपकरण हस्तान्तरण जस्ता विभिन्न सामाजिक कार्य सम्पन्न गरिएको जानकारी बैंकले दिएको छ।

## ग्लोबल आइएमई बैंकको वार्षिकोत्सवमा रक्तदान कार्यक्रम

काठमाडौं (अस)। ग्लोबल आइएमई बैंक लिमिटेड पुस १८ गतेदेखि स्थापनाको १९औं वर्षमा प्रवेश गरेको छ। बैंकले वार्षिकोत्सवको अवसरमा बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। मुलुकका सातओटै प्रदेशमा एकसाथ आयोजना गरिएको कार्यक्रममा निःशुल्क आँखा जाँच, रक्तचाप तथा मधुमेह परीक्षण कार्यक्रम समेत आयोजना गरिएको थियो, जसमा ११९ जनाको आँखा जाँच गरिनुका




साथै २०० जनाको रक्तचाप तथा मधुमेहको परीक्षण गरी आवश्यक परामर्श प्रदान गरिएको बताइएको छ।

कार्यक्रमअन्तर्गत कोशी प्रदेशको तीनपैनी शाखा, मधेश प्रदेशको जनकपुर शाखा, बाग्मती प्रदेशको कान्तिपथ शाखा र नारायणगढ शाखा, गण्डकी प्रदेशको पोखरा न्यूरोड शाखा, लुम्बिनी प्रदेशको मिलनचोक बुटवल शाखा र नेपालगञ्ज शाखा, कर्णाली प्रदेशको सुर्खेत शाखा र सुदूरपश्चिम प्रदेशको धनगढी शाखामा रक्तदान कार्यक्रम आयोजना गरिएको छ। रक्तदान कार्यक्रममा ७५७ जनाले रक्तदान गरेका थिए। ग्लोबल आइएमई बैंकका शाखा मुलुकका ७७ ओटै जिल्लामा छन्। बैंकले ३५५ शाखा कार्यालय, ३८४ एटिएम, २३७ शाखारहित बैंकिङ इकाई, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र तीनओटा वैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १ हजार १०० भन्दा बढी सेवा केन्द्रबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

## नेपाल लाइफले ल्यायो 'नेपाल लाइफ रक्षा कवच म्यादी जीवन बीमा' योजना



काठमाडौं (अस)। नेपाल लाइफ इन्स्योरेन्सले 'नेपाल लाइफ रक्षा कवच म्यादी जीवन बीमा' योजना सार्वजनिक गरेको छ। न्यूनतम बीमा शुल्कमा उच्चतम सुरक्षा प्रदान गर्ने अभिप्रायले काठमाडौंमा एक कार्यक्रम आयोजना गरी कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले उक्त बीमा योजना सार्वजनिक गरेका हुन्।

एक निश्चित अवधिका लागि सुरक्षा प्रदान गरी दुर्भाग्यपूर्ण घटनाको अवस्थामा आफ्नो परिवारका लागि आर्थिक सुरक्षा, सुनिश्चिता प्रदान गर्ने 'नेपाल लाइफ रक्षा कवच म्यादी जीवन बीमा' योजना मुनाफामा सहभागी नहुने बीमा योजना हो। यसको न्यूनतम बीमांक रकम ५ लाख रुपैयाँ र अधिकतम बीमांक रकम १ करोड रुपैयाँ रहेको छ। यो योजनामा सहभागी हुन बीमितको उमेर न्यूनतम १८ वर्ष र अधिकतम ५९ वर्ष रहेको छ।

बीमा अवधि न्यूनतम १ वर्षदेखि अधिकतम ३५ वर्षसम्म हुनेछ भने बीमा समाप्तिमा बीमितको अधिकतम उमेर ६० वर्ष रहने तोकिएको छ।

यस योजनामा ऐच्छिक सुविधा पनि न्यूनतम ५ वर्षदेखि अधिकतम ३५ वर्ष अवधिसम्म लिन सकिने कम्पनीले बताएको छ। यो योजना अन्तर्गत बीमा अवधिभित्र जुनसुकै समयमा बीमितको मृत्यु भएमा बीमांक रकम भुक्तानी गरिने र बीमालेख स्वतः अन्त्य हुने जानकारी दिइएको छ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत पराजुलीले यो योजना सार्वजनिक गर्न पाउँदा उत्साहित भएको बताए। सामान्य सिद्धान्तअनुसार आम्दानीको १५ गुणासम्मको बीमा लिनु नितान्त आवश्यक रहेको उनको उनको भनाइ छ।

कम्पनीका नेसनल सेल्स हेड उमापति पोखरेलले थोरै बीमाशुल्कमा धेरै जोखिम वहन हुने बताए। बीमा योजना छुट्टै बीमालेखको रूपमा पनि लिनुका साथै अन्य ६ ओटा योजनामा पूरक करार सुविधाको रूपमा पनि लिन सकिने हुँदा यसको फाइदा लिन उनले आग्रह गरेका छन्।

## इटहरीमा यामाहाको 'रिजनल सेल्स स्किल्स कन्टेस्ट' सम्पन्न



काठमाडौं (अस)। यामाहा नेपालले इटहरीमा 'रिजनल सेल्स स्किल्स कन्टेन्स' सम्पन्न गरेको छ। विक्री विशेषज्ञता र उत्पादन ज्ञानमा उत्कृष्टताको उत्सव मनाउने क्रममा इटहरीमा उक्त प्रतियोगिता आयोजना गरिएको कम्पनीले बताएको छ।

प्रतिस्पर्धामा यामाहाका विभिन्न डिलरशिपहरूबाट ११ जना शीर्ष प्रदर्शन गर्ने विक्री परामर्शदाताको सहभागिता थियो। प्रतियोगिताका लागि योग्य हुने सहभागीहरूले अटो बेसिक, प्रडक्ट, कम्पिटिसन र त्यसपछि यी क्षेत्रहरूमा उनीहरूको दक्षता मूल्यांकन गर्ने प्रतिस्पर्धात्मक परीक्षण पूरा गरेका थिए। सबैभन्दा कुशल प्रतिनिधिहरूले मात्र भाग लिने सुनिश्चितताका लागि प्रत्येक डिलरशिपबाट उच्चतम स्कोर गर्ने विक्री सल्लाहकारले मात्र प्रतियोगितामा स्थान पाएको बताइएको छ।

शीर्ष तीन प्रदर्शन गर्ने प्रतिस्पर्धीहरूको घोषणासँगै प्रतियोगिता समापन गरिएको थियो। विराटचोकस्थित बि सेभेन बि अटो ट्रेडर्सका चूडामणि आचार्य विजेता बने भने फत्तेपुरस्थित जेनिशा अटोमोबाइल ट्रेडर्सकी कृतिका घिमिरे फर्स्ट रनर-अप बनिन्। यस्तै, इलामको पाथीभरा अटो प्यालेसकी मिरा सापकोटा सेकेन्ड रनर-अप बनिन्।

प्रतियोगितामा कोशीका यामाहा डिलरसिपको सहभागिता थियो। सबै प्रतियोगीले आफ्नो ज्ञान र शीप प्रदर्शन गर्दै शीर्ष उपाधिका लागि प्रयास गरेका थिए। सहभागीमध्ये विजेता, फर्स्ट रनर-अप, सेकेन्ड रनर-अपहरूले अब नेसनल सेल्स स्किल्स कन्टेस्टमा प्रतिस्पर्धा गर्न पाउनेछन्।

यामाहा नेपालका क्षेत्रीय विक्री प्रबन्धक रबिन श्रेष्ठले विजेता, पहिलो रनर-अपर दोस्रो रनर-अपलाई ट्रफी र प्रमाणपत्र प्रदान गरे। सहभागीको कडा परिश्रमको प्रशंसा गर्दै उनले उत्कृष्ट हुन आवश्यक पर्ने शीप र ज्ञानले सशक्त बनाउने बताए। प्रतियोगिताले विशेषज्ञता बढ्ने मात्र नभई निरन्तर सिक्ने र उत्कृष्टताको संस्कृति प्रवर्द्धन हुने उनको भनाइ थियो।

## मर्निङ्गस्टार क्यापिटल लिमिटेडको प्रथम वार्षिक साधारण सभा बस्ने सूचना

यस मर्निङ्गस्टार क्यापिटल लिमिटेडको मिति २०८१/०९/०३ मा बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा हुने मिति, समय र स्थान
मिति : २०८१/०९/२५ गते बिहीवार (तद्नुसार ०९ जनवरी २०२५) ।
समय : बिहानको १०:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाण्डौं ।

**छलफलका विषयहरु:**

**क. सामान्य प्रस्तावहरु:**
१. संचालक समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०८०/०८१ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।
५. स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु:**
१. कम्पनीको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने र पूँजी बृद्धिलाई समावेश गरी प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
२. संचालक समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

**ग. विविध**

संचालक समितिको निर्णय अनुसार
संचालक अध्यक्ष

## हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०८१–०८–२७)**

यस बुढानिलकण्ठ हेरिटेज लिमिटेडको मिति २०८१ मंसिर १४ गते शुक्रबार सम्पन्न छैठौं बार्षिक साधारण सभाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजीको २९.५६ प्रतिशत अर्थात १:०२९५६ को अनुपातमा हकप्रद शेयर (Right Share) निष्काशन गर्ने निर्णय भएको हुँदा मिति २०८१।०८।१४ गतेसम्म कायम रहेका संस्थापक शेयरधनीहरुका लागि मिति २०८१।०८।२७ गते विहिबार देखि २०८१।१०।०२ गते बुधबार (बैंकिङ समय भित्र) सम्म निष्काशन तथा बिक्री खुल्ला गरिएको हुनाले आफ्नो नाममा कायम रहेको शेयरको उल्लेखित अनुपातका आधारमा हुन आउने हकप्रद शेयर खरिदको लागि आबेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि मिति २०८१ मंसिर २६ गते बुधबार बसेको ११८औं सञ्चालक समिति बैठकको निर्णय अनुसार यो सुचना प्रकाशित गरिएको छ। साथै, उक्त मिति भित्र संस्थापक शेयरधनीहरुले आफ्नो हक बराबरको प्रति थान रु. १००/-(एक सय मात्र) का दरले हुन आउने एकमुष्ट रकम यस कम्पनीको तल उल्लेखित बैंक खातामा जम्मा गरी सोको भौचर तल उल्लेखित ई-मेलमा सम्प्रेश गरि आफ्नो हक सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ।

**रकम जम्मा गर्ने वित्तिय संस्थाको विवरण**

बैंक खाताको नाम: **बुढानिलकण्ठ हेरिटेज लिमिटेड (Budhanilkantha Heritage Limited)**
बैंकको नाम: **नेपाल एस.बि.आई. बैंक लिमिटेड, कमर्शियल शाखा, काठमाण्डौं**
बैंक खाता नम्बर: २२५२५२४०२००३११

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**बुढानिलकण्ठ हेरिटेज लिमिटेड**
बुढानिलकण्ठ नगरपालिका वडा नं. ०१, तौलुङ, काठमाण्डौं
फोन नं.: ९८५१०-६१५१०, ०१-५९००९२७/२८ ई-मेल: bhpl2020@gmail.com

## जगदम्बा हस्पिटालिटी ग्रुप लिमिटेडको दोस्रो वार्षिक साधारण सभा बस्ने सूचना

यस जगदम्बा हस्पिटालिटी ग्रुप लि.को मिति २०८१/०९/०४ मा बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको दोस्रो वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनीमहानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थान**
मिति : २०८१/०९/२६ गते शुक्रवार (तद्नुसार १० जनवरी २०२५) ।
समय : दिनको १:०० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाण्डौं ।

**छलफलका विषयहरू:**

क. सामान्य प्रस्तावहरू:
१. संचालक समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०८०/०८१ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

ख. विशेष प्रस्तावहरू:
१. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने र पूँजी बृद्धिलाई समावेश गरी प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
२. कम्पनी ऐन, २०६३ को दफा ९३ अन्तर्गतका कारोवारहरू पारित तथा अनुमोदन गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १०५(ख) बमोजिम बैंक ऋण अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
४. संचालक समितिका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।

ग. विविध

संचालक समितिको निर्णय अनुसार
कम्पनी सचिव

**महुली लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Mahuli Laghubitta Bittiya Sanstha Limited**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
फोन नं.०३१-४११००५/६, फ्याक्स नं. ०३१-४११००८
E-mail: info@mslbsl.com.np, Website: www.mslbsl.com.np
को

## थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धी सूचना

महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कुल जारी पूँजीको कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई छुट्याउनु पर्ने हुँदा यस संस्थाले रु.४,७५,४४,९१५/–रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/– दरका ४,७५,४४९.१५ कित्ता शेयर लक्ष्मी सनराइज क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा मिति २०८१/०९/०५ गतेदेखि मिति २०८१/०९/०९ गते सम्म थप सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणमा खरिद आव्हान गरिएकोमा सो अवधिमा रितपूर्वक आवेदन दिनुहुने मध्ये ४७,५४४ जना आवेदकहरुलाई ४,७५,४४९.१५ कित्ता साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम मिति २०८१/०९/१९ गते बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराउँदछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा सदस्य बैंक तथा बित्तीय संस्थाहरु, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, कम्पनि रजिष्ट्रारको कार्यालय, धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक, प्रत्याभुतिकर्ताहरु, सञ्चार माध्यमहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

बाँडफाँड सम्बन्धी विवरण आवेदकहरुले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट: www.lscapital.com.np अथवा निष्काशन कम्पनीको वेबसाइट: www.mslbsl.com.np अथवा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित वेबसाइट: www.iporesult.cdsc.com.np/meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

**LS CAPITAL**
लक्ष्मी सनराइज क्यापिटल लिमिटेड
A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank.
नयाँ बानेश्वर, काठमाडौं
फोन: ५९७००६४
Email : info@lscapital.com.np,
Website : www.lscapital.com.np

*कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित भई बीमा ऐन, २०७९ बमोजिम संचालित*

**गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड**
**GUARDIAN MICRO LIFE INSURANCE LIMITED**
रजिष्टर्ड ठेगानाः- विराटनगर महानगरपालिका, मुनालपथ, मोरङ्ग, नेपाल
फोन नं.: ९७७-०२१-५९०९०२, वेबसाइट: www.gmli.com.np | इमेल: info@gmli.com.np

## सर्वसाधारण तर्फको साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुला बारेको सूचना

गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको आफ्नो जारी पूँजी रु ७५,००,००,०००।- (अक्षरेपी पचहत्तर करोड मात्र) को ३० प्रतिशत अर्थात रु.२२,५०,००,०००।- (अक्षरेपी बाईस करोड पचास लाख मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरको २२,५०,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात् २,२५,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, ५ प्रतिशतले हुने १,१२,५०० कित्ता शेयर सामुहिक लगानी कोषको लागि प्रथम चरणमा बाँडफाँड गरी, ३ प्रतिशतले हुने ६७,५०० कित्ता शेयर बराबरको रकम रु.६७,५०,०००।- कम्पनीमा कार्यरत कर्मचारीहरुको लागि सुरक्षित गरी बाँकी रहने १८,४५,००० कित्ता शेयर दोस्रो चरणमा सर्वसाधारण नेपालीहरुको लागि **आज मिति २०८१ पौष २१ गते आइतबार**देखि निष्काशन तथा बिक्री खुला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्याः १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्याः १००,००० कित्ता |
| --- | --- |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
| --- | --- |
| १ | कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेबसाइट www.kumaricapital.com |
| २ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड, विराटनगर, मुनालपथ, मोरङ्ग र वेबसाइट : www.gmli.com.np |
| ३ | नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

| क्र.सं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानः |
| --- | --- |
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**सर्वसाधारण तर्फको साधारण शेयरको बिक्री खुला अवधिः**

| | |
| --- | --- |
| निष्काशन खुल्ला मितिः | २०८१/०९/२१ गतेदेखि |
| निष्काशन बन्द मिति (छिटोमा): | २०८१/०९/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द मिति (ढिलोमा): | २०८१/१०/०६ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

कम्पनीको नेटवर्थ, प्रति शेयर आम्दानी र सञ्चित नाफा/नोक्सानसँग सम्बन्धित वास्तविक तथा प्रक्षेपित संक्षिप्त विवरणः

| विवरण | वास्तविक | | अपरिष्कृत | प्रक्षेपित | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| प्रति शेयर नेटवर्थ (रु.) | - | १००।३४ | १००।५९ | १०१।२६ | १०२।५७ | १०४।११ |
| प्रति शेयर आम्दानी (रु.) | - | ०।३४ | ०।२५ | ०।८५ | १।३० | १।५४ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | - | १,५८३।५५ | २,७५०।४७ | ८,४१४।४४ | १७,११७।७५ | २७,४२४।१९ |

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था**

**यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्ग संस्था श्री केयर रेटिङ्ग नेपाल लिमिटेड, पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८१/०४/२३ गते** "[CARE-NP-BB-(is)] (Double B Minus)" **प्रमाणपत्र प्राप्त गरेको छ ।** "[CARE-NP-BB-]" **ले** (Issue with the rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations ) **भन्ने जनाउँदछ । यो रेटिङ्गको अवधि ग्रेडिङ्ग प्राप्त भएको मितिले एक बर्ष अर्थात २०८२/०४/२१ गतेसम्म बहाल रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले** CARE-NP AAA (IS) **देखि** CARE-NP D(IS) **प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा** CARE-NP AAA (IS) **ले बलियो आधार जनाउँदछ भने** CARE-NP D(IS) **ले कमजोर आधारहरु जनाउँछ ।** CARE-NP BBB b]lv CARE-NP BB(Is) **ले औसत आधारहरु जनाउँदछ ।** "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) **ले औषत भन्दा कम आधारहरु जनाउँदछ ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८१ पौष ११ गतेको "आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेबसाइटः www.gmli.com.np, नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटः www.kumaricapital.com मा रहेको "**विवरणपत्र**" हेर्नुहुन अनुरोध गर्दछौं ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वःविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**कुमारी क्यापिटल लिमिटेड**
**KUMARI CAPITAL LIMITED**
Invest for your future
दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोनः ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

पैसा र सम्पत्ति मात्र मानिसको समृद्धिको वास्तविक मापदण्ड होइन ।
- महात्मा गान्धी

सम्पादकीय

# ह्वीलिङ चार्ज तोक्न विलम्ब

सरकारले जलविद्युत्को उत्पादन र प्रसारण लाइन निर्माणमा निजीक्षेत्रको लगानी खुला गरेको ३ दशकभन्दा बढी समय बितेपछि मात्रै निजीक्षेत्र प्रसारण लाइन निर्माणमा प्रवेश गरेको छ । तर, प्रसारण लाइन उपयोग गरेबापत कति शुल्क लिने भनेर नियम नबनाउँदा निजीक्षेत्र अन्योलमा परेको छ । यस्तो शुल्कलाई ह्वीलिङ चार्ज भनिन्छ । यस्तो शुल्कले नै प्रसारण लाइनमा लगानी गरेबापत प्रतिफल सुनिश्चित गर्ने हुँदा निजीक्षेत्रलाई आकर्षित गर्न ह्वीलिङ चार्ज कति लिने भन्ने कुरा निश्चित हुनु जरुरी छ । सरकारले फटाफट निर्णय गरेर निजीक्षेत्रलाई लगानी गर्न उत्साहित गर्ने हो भने उत्पादनमा जस्तै प्रसारण लाइनमा पनि ठूलै फड्को मार्न सक्ने सम्भावना देखिन्छ ।

२०४८ सालअघि निजीक्षेत्रले जलविद्युत् उत्पादन गर्न सक्छ भनेर सोचेको समेत पाइँदैन । तर, सरकारले निजीक्षेत्रलाई लगानीको बाटो खुला गरेपछि अहिले सरकारी कम्पनीले भन्दा निजीक्षेत्रले बढी बिजुली उत्पादन गरेको छ । हालसम्म नेपालमा ३ हजार मेगावाट भन्दा बढी बिजुली उत्पादन भएकोमा करीब ८० प्रतिशत निजीक्षेत्रले उत्पादन गरेको अवस्था छ ।

निजी लगानीमा ३ हजारभन्दा बढी मेगावाटका परियोजना निर्माणाधीन छन् । थप २६ सय मेगावाटका परियोजनामा व्यवसायीहरू लगानी जुटाउने क्रममा छन् । कयौं आयोजनाहरूले अध्ययन सम्पन्न गरेर पीपीएका लागि प्राधिकरणमा आवेदन दिएको पाइन्छ । तर, उत्पादन बढेसँगै प्रसारण लाइन नबन्दा कतिपय आयोजनाको उत्पादन खेर गएको छ र जाने अवस्था आएको छ । विद्युत् आयोजनास्थलसम्म नेपाल विद्युत् प्राधिकरणले नै प्रसारण लाइन बनाउनुपर्ने भए पनि नबनाइदिँदा समस्या आएको देखिन्छ । यस्तोमा निजीक्षेत्र पनि प्रसारण लाइन निर्माणमा अघि सर्नु सकारात्मक छ ।

राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड (आरपीजीसीएल) ले

**अहिलेको जस्तो प्राधिकरणसँगमात्रै बिजुली किन्ने भन्ने एकाधिकारको अन्त्य हुनुपर्छ । यसबाट उपभोक्ताले प्रतिस्पर्धी सेवा लिन पाउँछन् भने बिजुली उत्पादनमा अर्को ठूलो फड्को मार्ने सम्भावना पनि उच्च देखिन्छ ।**

अध्ययन गरेको मध्ये तमोर–ढुंगेसाँगु २२० केभी प्रसारण लाइन सार्वजनिक–निजी साझेदारीमा मोडलमा निर्माण गरिने भएको छ । यसबाट निजीक्षेत्र उत्साहित भएको छ । प्रसारण लाइन बनिसकेपछि त्यसमा प्रवाह भएको बिजुलीका आधारमा कम्पनीहरूले पैसा तिर्नुपर्ने हुन्छ । प्रसारण लाइन कम्पनीको आम्दानी नै ह्वीलिङ चार्ज हो । जसरी विद्युत् उत्पादनका लागि प्राधिकरणसँग विद्युत् खरीद सम्झौता हुन्छ त्यसैगरी प्रसारण लाइन बनेपछि त्यसमा कति शुल्क लिने भनी नियामकले शुल्क तोक्नुपर्ने हुन्छ । यस्तो शुल्क हेरी प्रसारण लाइन निर्माणमा निजीक्षेत्र संलग्न हुने हो । मुनाफा हुने भए लगानी गर्छ नहुने भए लगानी गर्दैन । त्यसका लागि शुल्क तोक्न विलम्ब हुँदा निजीक्षेत्र आशंकित हुनु अन्यथा होइन । त्यसैले यथाशीघ्र ह्वीलिङ चार्ज निर्धारण गरी यससम्बन्धी अन्योल हटाउन जरुरी छ ।

नेपालको जलविद्युत् विकास नहुनुको एउटा कारण उत्पादन, प्रसारण र विक्री वितरणमा नेपाल विद्युत् प्राधिकरणको एकाधिकार लामो समयसम्म कायम हुनु पनि हो । सरकारले अन्य देशको अभ्यास हेरेर प्रसारण, वितरण र उत्पादनका लागि अलग अलग कम्पनी चाहिने अवधारणा अघि सारेको पनि निकै भयो । केही वर्षयता त्यसतर्फ केही काम भए पनि नेपाल विद्युत् प्राधिकरण टुक्राउने काम भने हुन सकेको छैन । यी क्षेत्रमा प्राधिकरणको एकाधिकार तोड्ने मात्र होइन, यसको खण्डीकरण पनि गर्नुपर्छ । त्यसका लागि विद्युत्सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तयार भएको छ । त्यसलाई यथाशीघ्र ऐन बनाउन सरकार सक्रिय हुनुपर्छ ।

अहिले उत्पादित बिजुलीले बजार नपाउने हो कि भन्ने चिन्ता निजीक्षेत्रलाई छ । त्यसो हुँदा स्वदेश र विदेशमा विक्री गर्न सरकारले नीतिगत व्यवस्था गरिदिनुपर्छ र निर्देशिका बनाई लागू गर्न आवश्यक छ । प्रसारण लाइनको ह्वीलिङ शुल्क तिरेपछि निजीक्षेत्रले पनि बिजुली बेच्न पाउनुपर्छ । अहिलेको जस्तो प्राधिकरणसँगमात्रै बिजुली किन्ने भन्ने एकाधिकारको अन्त्य हुनुपर्छ । यसबाट उपभोक्ताले प्रतिस्पर्धी सेवा लिन पाउँछन् भने बिजुली उत्पादनमा अर्को ठूलो फड्को मार्ने सम्भावना पनि उच्च देखिन्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## ५० करोडभन्दा बढीका आयोजनाको प्राविधिक परीक्षण गरिने

सरकारले रू. ५० करोडभन्दा बढी बजेटका आयोजनाको प्राविधिक परीक्षण गर्ने भएको छ । निर्माणको गुणस्तर सुनिश्चित गर्न प्राविधिक परीक्षण गर्न लागिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णहरि बास्कोटाले बताए । आइतवार 'शासकीय विकासको तत्कालीन कार्ययोजना- २०६९'को छलफल कार्यक्रममा १ सय ९८ बुँदे कार्ययोजनाका मूल उद्देश्य नै सुशासनको अनुभूति दिलाउने भएको उनले बताए । 'भ्रष्टाचार र विकृतिविरुद्ध कडा रूपमा प्रस्तुत हुन प्राविधिक परीक्षण गर्न लागिएको हो', बास्कोटाले भने । तथा आर्थिक विधिको शासनलाई बढावा दिन, दण्डहीनता अन्त्य गर्न, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न तथा सरकारी सेवा र सुविधा विस्तार गर्न विशेष अभियान सञ्चालन गर्न पनि उनले आग्रह गरे ।

छलफलमा राष्ट्रिय सतर्कता केन्द्र प्रमुख अधिकृत (सचिव) माधव रेग्मीले सिक्टा, रानीजमरा सिँचाइ आयोजनाजस्तै धेरै लगानी भएका अन्य आयोजना पहिचान गरी प्राविधिक परीक्षण गरिने जानकारी दिए । विभिन्न जिल्लाहरूमा गर्न लागिएको एकहप्ते भ्रमण कार्यक्रममा नागरिक वडापत्रको सर्वेक्षण सरकारी कार्यालयको निरीक्षण गर्ने, नागरिकको भावना बुझ्ने, सरकारी कार्यालयका फाइलहरूको फछ्र्योटको स्थिति हेर्नेलगायत कार्य गरिने उनले बताए । उक्त अवसरमा निर्माणाधीन आयोजनाहरूको स्थलगत निरीक्षण गर्ने, विद्यालयमा भ्रष्टाचारविरुद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, जनताको गुनासो सुन्नेलगायत कार्य गरिने उनको भनाइ छ ।

वर्ष ८, अंक ८२, सोमवार २५ मङ्सिर, २०६९

# बैंकिङ क्षेत्रको अवस्था र नियामकको भूमिका

## निक्षेपकर्ताको हित र ग्राहक संरक्षण कसरी ?

कोभिड-१९ पछिको विश्व वित्तीय संकटको असर र सुशासन एवं नियामकको कमजोरीका कारण सहकारीमा संकट आयो र यसका सञ्चालकले सर्वसाधारणको अर्बौं रुपैयाँ भुक्तानी नगर्दा देशको अर्थतन्त्र र समग्र वित्तीय प्रणालीमा नकारात्मक प्रभाव परिरहेको हुँदा समग्र बैंकिङ क्षेत्र नै संकटमा जाने हो कि ? भन्ने भ्रम सर्वसाधारण र निक्षेपकर्तामा पर्नु स्वाभाविक मानिन्छ । सहकारी संकटले बैंकिङ क्षेत्रलाई असर गरेको छ तर नियामकका रूपमा नेपाल राष्ट्र बैंकले खेलेको अभिभावकीय भूमिकालाई बेवास्ता गर्न मिल्दैन । हालै मात्र नयाँ व्यवस्थासहित सहकारीसम्बन्धी ऐनलाई संशोधन गर्न आएको अध्यादेश २०८१ ले पनि निक्षेपकर्तालाई राहत दिनेछ भन्ने आशा गर्न सकिन्छ । बैंकिङ क्षेत्रमा एकातर्फ रू. ५ लाखसम्मको निक्षेपको सुरक्षण गरिएको छ भने अर्कोतर्फ नियामकका रूपमा नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन, नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा उल्लेख भएका सुशासनका प्रावधान जस्तै पूँजीकोष, तरलता, कर्जा निक्षेप अनुपात, स्रोतका रूपमा रहेको निक्षेपको परिचालनलगायत त्रैमासिक वित्तीय विवरणसमेत अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्ने व्यवस्थाले निक्षेपकर्तालगायत त्रस्त हुनु पर्ने अवस्था रहँदैन । स्मरण रहोस्, २०८० असार मसान्तमा वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरूको निक्षेप खाता संख्या करीब ५ करोड ५८ लाख ९६ हजार रहेको देखिन्छ । नेपाल राष्ट्र बैंकका अनुसार उक्त खाताहरूमा चालू वर्षको मङ्सिर मसान्तसम्म कुल ६६ खर्ब ४७ अर्ब ९४ करोड निक्षेप संकलन भएको देखिन्छ भने ५३ खर्ब २७ अर्ब ४१ करोड कर्जा प्रवाह भएको देखिन्छ । यसमा वाणिज्य बैंकहरूको मात्र हेर्दा निक्षेप ५९ खर्ब १२ अर्ब ३० करोड छ भने कर्जा लगानी ४७ खर्ब १९ अर्ब ३३ करोड रहेको देखिन्छ । यसरी हेर्दा लगानीयोग्य रकम बैंकमा थुप्रिएको कारण निक्षेपमा ब्याज खर्च बढ्ने तर कर्जा नबढ्ने अवस्थाले बैंकिङ क्षेत्रको मुनाफामा प्रत्यक्ष असर परिरहेको देखिन्छ । यस्तो अवस्थामा निक्षेपको ब्याजदर घटाउनुपर्ने बाध्यता हुन्छ । फलस्वरूप पूँजी पलायनको सम्भावना बढेर जान्छ । अनौपचारिक क्षेत्रलगायत कम निगरानीका कारण कतिपय उच्च जोखिममा रहेका सहकारीमा समेत रकम जाने सम्भावना रहन्छ । यद्यपि पछिल्लो समय सहकारीप्रति निक्षेप कर्तालगायत समग्र ग्राहकको विश्वासमा कमी आएको हुँदा बैंकतर्फ निक्षेप रकम जम्मा गर्नेहरू भने बढेको देखिन्छ ।

विश्व आर्थिक संकटले नेपाललगायत विश्वका बैंकिङ क्षेत्रलाई पनि असर गरेको छ । अति विकसित मुलुक अमेरिका, फ्रान्सलगायतमा बैंकहरू समस्याग्रस्त भएको र केही डुबेको घटना सर्वविदितै छ । यसकै प्रभाव स्वरूप नेपालमा बैंकिङ क्षेत्रको व्यवसाय विस्तारमा सुस्ती आउनु स्वाभाविक मानिन्छ । ब्याजदर न्यून हुँदा पनि कर्जाको अपेक्षित माग हुन सकेको छैन भने अधिक तरलताको व्यवस्थापनमा नियामकलाई समेत हम्मेहम्मे पारेको छ । बैंकहरूलाई प्राप्त आम्दानीबाट दैनिक खर्च धान्न पनि धौधौ परेको छ । नाफा खुम्चिएको, कर्जा असुलीमा समस्या देखिएको, कालोसूचीमा पर्नेहरूको संख्या बढिरहेको, गैरबैंकिङ सम्पत्ति व्यवस्थापनमा चुनौती थपिएको, बैंकिङ कसुरका घटना र साइबर क्राइमसमेत बढेकोलगायत कारण जनविश्वास र उत्पादकत्वमा गिरावट देखिएको, कतिपय लगानीकर्ताले रकम फिर्ता लिई बाहिरिने



**नाफा खुम्चिएको, कर्जा असुलीमा समस्या देखिएको, कालोसूचीमा पर्नेहरूको संख्या बढिरहेको, गैरबैंकिङ सम्पत्ति व्यवस्थापनमा चुनौती थपिएको, बैंकिङ कसुरका घटना र साइबर क्राइमसमेत बढेकोलगायत समस्या नेपालको बैंकिङ क्षेत्रमा देखापरिरहेको छ ।**

- डा. दिवाकर वशिष्ठ

क्रम जारी रहेको, कर्मचारीमा कर्जा असुली भएन भने भोलि बैंकको अवस्था के हुने हो ? भन्ने त्रासको कारण उत्प्रेरणामा कमी, लगानीकर्ताको प्रतिफलमा गिरावटको अवस्थासमेतले यस क्षेत्रमा केही त्रासको वातावरण देखिए हुँदा निक्षेपकर्ता विचलित हुनु स्वाभाविक मानिए तापनि उनीहरूको हित र संरक्षणमा नेपाल राष्ट्र बैंक तथा सम्बद्ध सरोकारवाला निकाय सचेत रहँदै बैंकिङ स्थिरता र सुधारका लागि नीतिनियममा परिमार्जनलगायत विभिन्न मौद्रिक उपकरणको प्रयोग गरेर हालको समस्या र भविष्यमा आउन सक्ने संकटको निवारण गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले नियमित अनुगमन र सुपरिवेक्षणलाई पछिल्लो समय थप तीव्रता दिएको छ । तथापि नियामकको नीति लगानीकर्ता प्रिय नभएको भन्ने गुनासो व्यावसायिक क्षेत्रबाट आइरहेको छ ।

अर्थतन्त्रको वृद्धिदरभन्दा कर्जाको वृद्धिदर बढी हुनु पनि हितकर मानिदैन । समग्र अर्थतन्त्रको समस्याले बैंकिङ क्षेत्रलाई समस्यामा पारेको हुँदा समाधानको लागि युवा पलायन लगायत प्रतिभा पलायनलाई कम गरी स्वदेशमा नै उत्पादन र रोजगारीलाई बढाउनेतर्फ सरकार लागेमा व्यावसायिक क्षेत्रबाट कर्जा माग बढ्ने भनाइ राख्नेहरू पनि मनग्गे छन् । सरकारको आम्दानीभन्दा खर्च बढी छ साथै सार्वजनिक ऋणको भार बढ्दो छ । त्यो पनि उत्पादनमा भन्दा साधरणमा बढी खर्च गर्नुपर्ने अवस्था एकातर्फ छ भने अर्कोतर्फ १ आर्थिक वर्षमा विकासतर्फ भन्दा सार्वजनिक ऋणको साँवा ब्याज तिर्न बढी बजेट विनियोजन गर्नुपर्ने अवस्थाले अर्थतन्त्र कमजोर छ भन्ने संकेत गर्छ जसको प्रत्यक्ष असर बैंकिङ क्षेत्रमा समेत पर्छ । बैंकिङ क्षेत्रको संकट निवारण गर्ने प्रमुख दायित्व नियामकका रूपमा नेपाल राष्ट्र बैंकको भएकाले यसले बनाउने नीति व्यवसायी, निक्षेपकर्ता र समग्र ग्राहकको हित र संरक्षणमा केन्द्रित हुनुपर्छ । सुशासनको अभाव, पद र शक्तिको दुरुपयोग, सहकारी संकट, बैंकिङ क्षेत्रप्रतिको बढ्दो अफवाह, लघुवित्तको ऋण असुलीको समस्या, हालै कर्णाली विकास बैंक समस्याग्रस्त घोषित भएको घटनालगायतले कतै सबै बैंकहरूमा खराब कर्जा वासलातमा देखाइएको भन्दा धेरै त छैन ? कतै अन्य बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरणमा पनि शुद्धताको अभाव त छैन ? भन्ने चासो आम मानिसमा देखिएको छ । विगतमा पनि नेपाल बंगलादेश बैंक, नेपाल विकास बैंक, शेयर मार्केट फाइनान्स, क्यापिटल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सजस्ता बैंक तथा वित्तीय संस्थाहरूमा यसै गरी समस्याग्रस्त घोषणा भएको उदाहरण छन् । यसको अर्थ समस्यामा परेपछि समाधान नै नहुने भन्ने हुँदैन । यी समस्याग्रस्त वित्तीय संस्थाको सुधारका लागि नियामकको रूपमा नेपाल राष्ट्र बैंकले चालेको कदमले निक्षेपकर्तामा भने सकारात्मक सन्देश दिएको हुनुपर्दछ । नेपाल राष्ट्र बैंकले अनुगमन गरेका वित्तीय संस्थामा ग्राहक संरक्षण हेतु निक्षेपसमेत सुरक्षित हुन्छ र कुनै बैंकमा समस्या आइहाले पनि निक्षेप फिर्ता समयमा नै हुन्छ भन्ने सन्देश नियामकले दिएको छ ।

**पूँजी, जोखिमभार, कर्जाको सीमा, ब्याजदर, निक्षेप संकलन र सुरक्षण, कालोसूचीसम्बन्धी व्यवस्था, प्राकृतिक प्रकोप र पीडितलाई राहत दिने व्यवस्था, कर्जाको पुनः संरचना, पुनर्तालिकीकरण, कर्जाको वर्गीकरण, नोक्सानी व्यवस्था, वित्तीय स्थायित्व प्रतिवेदन र तथ्यांक प्रकाशन, खाता रोक्का, फुकुवा र विवरण मागजस्ता काम नेपाल राष्ट्र बैंकले गर्दै आएको छ ।**

दण्डहीनताको अभावमा विगत केही वर्षदेखि बैंकिङ क्षेत्रविरुद्ध गरिने अनर्गल प्रचारले गति लिएको देखिन्छ । बैंकहरू संकटमा फस्दै छन्, ऋणको साँवा ब्याज मिनाह गरिदिन्छु, अधिकांश वित्तीय संस्था कर्णाली विकास बैंककै पथमा जाँदै छन्, लगानीयोग्य वातावरण छैन भन्नेलगायत कुराले चर्चा पाएको देखिन्छ । तसर्थ यस्ता भ्रमलाई समयमै चिर्न नियामक, बैंकर्स एशोसिएशन तथा अन्य वित्तीय संस्थाले बेलैमा निक्षेप सुरक्षा, समयमा ऋण फिर्ता नगर्दा के कस्तो कारबाही हुने ? लगायत व्यावसायिक प्रवर्द्धन समेतलाई समेटी सन्देशमूलक समाचार सार्वजनिक गर्न ढिला भइसकेको देखिन्छ । नेपाल राष्ट्र बैंकले कर्णाली विकास बैंकलाई कारबाही गर्न थालेपछि विकास बैंक र वित्त कम्पनीको शेयर मूल्यसमेत ओरालो लागेको छ । नियामक र स्वयम बैंक व्यवस्थापनले समेत समयमै आफ्नो भूमिका निर्वाह गर्न चनाखो नहुने हो भने कति वेला कुन बैंकमा संकट देखिन्छ भन्न सकिने अवस्था छैन ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ अनुसार निक्षेप भनेको ब्याज वा विनाब्याज दिने गरी बैंक तथा वित्तीय संस्थाको चल्ती, बचत वा मुद्दती खातामा ग्राहकमार्फत जम्मा भएको रकम सम्झनुपर्छ । उक्त शब्दले राष्ट्र बैंकले समयसमयमा निर्धारण गरेबमोजिम विभिन्न उपकरणका माध्यमबाट बैंकमा जम्मा भएको रकम समेतलाई जनाउँछ । तसर्थ यो बैंकको प्रमुख स्रोतरूपी प्राण वायुसरह भएको हुँदा यसको संरक्षणमा बैंकिङ क्षेत्र चुक्नु हुँदैन । वित्तीय ग्राहक संरक्षण भनेको ग्राहकको सन्तुष्टि र सेवाको स्तरलाई गुणस्तरीय बनाउँदै सेवा र शर्तका बारेमा ग्राहकलाई स्पष्ट जानकारी दिनुको साथै उनीहरूलाई नबुझेको कुरा सिकाउने प्रक्रिया हो । उपभोक्त हकहित संरक्षण, पारदर्शी सेवा, ग्राहक साक्षरता, उपभोक्ताको हितका लागि बजार अनुगमन, सेवा तथा वस्तुको उपभोगमा लैंगिक, धार्मिक, राजनीतिक, सामाजिक, सांस्कृतिक एवं वर्गीय आधारमा विविधीकरण नगरी सबैलाई समान अवसर प्रदान गर्नु, सेवाको पहुँच सबैमा पुर्‍याउनु, मितव्ययी सेवाको परिकल्पना गर्नुलाई नै वित्तीय ग्राहक संरक्षण भनिन्छ । इजाजतपत्रप्राप्त संस्थाहरूले आफ्ना ग्राहकलाई प्रदान गर्ने सेवाशर्तसँग सम्बद्ध सबै प्रकारका विवरण सार्वजनिक रूपमा जानकारी गराउनुपर्नेछ । यस्ता विवरणमा वित्तीय सेवा तथा उपकरणहरूका अतिरिक्त त्यससँग सम्बद्ध शुल्क, कमिशन, ब्याजदर, जरीवाना, हर्जानालगायत सम्बन्धमा अपनाउनुपर्ने प्रक्रिया एवं शर्तहरू समावेश गरेको हुनु पर्नेछ भन्दै नेपाल राष्ट्र बैंकको इ.प्रा. निर्देशन नं. २१/०७५ मा समेत व्यवस्था गरिएको हुँदा यसतर्फ सम्पूर्ण बैंकिङ क्षेत्र सचेत हुनुपर्छ ।

नेपाल राष्ट्र बैंकले नियामकको भूमिका निर्वाह गर्दै आइरहेको छ । बैंकिङ क्षेत्रको स्थिरता र स्थायित्वका लागि हरेक वर्ष मौद्रिक नीतिमार्फत विभिन्न उपकरणको प्रयोग गर्दै बैंकिङ क्षेत्र एवं व्यावसायिक जगत्को समस्याको समाधानका लागि ग्राहक संरक्षण, वित्तीय समावेशिता र वित्तीय साक्षरताको बढाउनेतर्फ जोड दिइरहेको छ । हालको बैंकिङ क्षेत्रको अधिक तरलता व्यवस्थापन गर्ने र नेपाल सरकारका तर्फबाट आन्तरिक ऋण उठाउने र सोको व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ । तरलता व्यवस्थापन स्वरूप तरलताको उतार चढावलाई सम्बोधन गर्न खुला बजार कारोबार तथा ब्याजदर कनेरिडोरका विभिन्न उपकरण प्रयोगमा ल्याई बैंकिङ क्षेत्रलाई सहजीकरण गरिरहेको छ ।

बैंक तथा वित्तीय संस्थाहरूको नियमन गर्न विभिन्न निर्देशन, मार्गदर्शन तथा सूचनाहरू जारी भएका छन् । अर्थतन्त्रलाई चलायमान राख्ने र बैकिङ क्षेत्र सुदृढीकरण गर्ने उद्देश्यका साथ कर्जाको पुनःसंरचना, पुनर्तालिकीकरण गर्नेलगायत व्यवस्था कार्यान्वयनमा ल्याइएका छन । पूँजी, जोखिमभार, कर्जाको सीमा, ब्याजदर, निक्षेप संकलन र सुरक्षण, कालोसूचीसम्बन्धी व्यवस्था, प्राकृतिक प्रकोप र पीडितलाई राहत दिने व्यवस्था, कर्जाको पुनः संरचना, पुनर्तालिकीकरण, कर्जाको वर्गीकरण, नोक्सानी व्यवस्था, वित्तीय स्थायित्व प्रतिवेदन र तथ्यांक प्रकाशन, वित्तीय पहुँच, गाभ्ने गाभिने व्यवस्था, खाता रोक्का, फुकुवा र विवरण माग, सहुलियतपूर्ण कर्जा र विपन्न वर्ग कर्जा, बैंकरहरूलाई तालीम, मार्जिन कारोबार र सम्पत्ति शुद्धीकरणका साथै बैंक तथा वित्तीय संस्थाको नियमित निगरानी र सुपरिवेक्षणसमेतका कार्यहरू प्रभावकारी रूपमा गर्दै बैंक तथा वित्तीय संस्था, निक्षेपकर्ताको सुरक्षा, समग्र ग्राहक संरक्षणमा समेत नियामकका रूपमा नेपाल राष्ट्र बैंकले अहम् भूमिका निर्वाह गर्दै आएको छ भन्नुमा कुनै अत्युक्ति नहोला ।

*डा. वशिष्ठ बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन् ।*

टिप्पणी

# निर्माण क्षेत्रलाई गति नदिंदाको परिणति

तीन दशकदेखि नेपाली अर्थतन्त्रमा सुधारका लागि क्रान्तिकारी काम नभएकाले एकपछि अर्को गर्दै समस्यामा भुमरीमा परिरहेको देखिन्छ । समस्याको चुरा फेला पारेर त्यसलाई सुधार ल्याउने काम सरकारको हो । तर, अहिले समस्याको चुरो नै सरकार हो भन्ने पुष्टि हुन थालेको छ ।

मुलुकको अर्थतन्त्रको भित्री चुरो भनेको उत्पादन र मूल्यअभिवृद्धि हो । विकास निर्माणका कामले अर्थतन्त्रको चक्रलाई चलायमान बनाउँछ र उत्पादन र मूल्य अभिवृद्धि हुन्छ । तर, सरकारले एकातिर पूर्वाधार निर्माणका कामलाई गति दिन सकेको छैन भने निर्माण सम्पन्न भएका कतिपय आयोजनाको भुक्तानी दिन बाँकी रहेको भनी निर्माण व्यवसायीले बताइरहेका छन् । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार निर्माण क्षेत्रको वृद्धि विगत २ आर्थिक वर्ष (आव) लगातार नकारात्मक रह्यो । तेस्रो अर्थात् चालू आव २०८१/८२ को पुस मसान्तसम्म आइपुग्दा पनि निर्माण क्षेत्रले गति लिन सकेको देखिँदैन । सरकारको पूँजीगत खर्च सधैंझैं न्यून हुँदा यो अवस्था देखिएको हो । यी नै कारणले सिमेन्ट र छडजस्ता निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरू पनि बजारमा माग नहुँदा न्यून क्षमता उपयोगमा चलिरहेका छन् । यो क्षेत्र सुस्ताउँदा नेपालको बैंक तथा वित्तीय क्षेत्र पनि प्रभावित हुन थालेका छन् । निर्माण क्षेत्र सुस्त भएपछि यस क्षेत्रमा गएको ऋण उठ्न सकेको छैन । फलतः बैंकले नउठेको ऋणका लागि प्रभिजनिङ गर्नुपर्ने हुन्छ र खराब कर्जा अर्थात् एनपीएल बढ्दै जान्छ । अहिले धेरै बैंकको खराब कर्जा ५ प्रतिशतभन्दा माथि रहेको ती बैंकले सार्वजनिक गरेको वित्तीय विवरणले देखाएका छन् । त्यसैले निर्माण क्षेत्रको सुस्तीले अर्थतन्त्रमा धेरै क्षेत्रमा असर पारिरहेको छ ।

नेपालको विकास खर्च सधैंजसो नै न्यून रहँदै आएको छ । बजेट विनियोजन गर्दा नै विकास खर्च साधारण खर्चको दाँजोमा कम हुने गरेको छ भने विनियोजित बजेट पनि साधारण खर्च करीब शतप्रतिशत र विकास खर्च ज्यादै कम हुने गरेको छ । त्यो पनि आवको अन्त्यमा हतारहतार गरिएको खर्च नजोड्ने हो विकास खर्च त निकै निराशाजनक देखिन्छ । चालू आवकै खर्चको तथ्यांक हेर्ने हो भने पुस १७ गतेसम्म आइपुग्दा सरकारले विनियोजन गरेको पूँजीगत बजेटको जम्मा १३ दशमलव ९५ प्रतिशतमात्र खर्च भएको देखिन्छ । सरकारको पूँजीगत बजेटको अधिकांश अंश निर्माण क्षेत्रमा जान्छ । पूँजीगत खर्च बढाउनका लागि आव शुरू हुनुभन्दा निकै जेठ १५ गते नै बजेट प्रस्तुत हुनुपर्ने संवैधानिक व्यवस्था गरियो तर खर्चको प्रवृत्तिमा सुधार आउन सकेन । खासमा खर्च हुन नसक्नुको मूल चरो पत्ता लगाएर त्यसमा सुधार ल्याउन पहल नगर्दा नै यसो भएको हो भन्ने सकिन्छ । कात्तिक महीनासम्ममा आयोजनाहरूको ठेक्का लागिसक्नुपर्ने र मङ्सिरपछि काम धमाधम हुनुपर्ने हो । तर, अहिलेसम्म त्यसरी काम शुरू हुने सकेको देखिँदैन । उल्टो निर्माण क्षेत्र विवादमा अल्झिरहेको देखिन्छ ।

अहिले सिमेन्ट उद्योगले सिमेन्टको मूल्य बढाएपछि निर्माण क्षेत्र असन्तुष्ट बनेको छ । ठेक्का लागिसकेका काम सिमेन्टको मूल्य बढेपनि लागत बढेर निर्माण आफूहरू मर्कामा परेको उनीहरूको गुनासो रहेको छ । मङ्सिर महीनाबाट सार्वजनिक निर्माणका काम धमाधम हुने परम्परा भए पनि निर्माण व्यवसायी नै आन्दोलनको मुडमा हुँदा निर्माण कार्यमा थप शिथिलता आउने सम्भावना छ, जसले चालू आव पनि निर्माण क्षेत्रको वृद्धिदरमा असर गर्ने संकेत देखिएको छ । निर्माण क्षेत्र चलायमान हुँदा सिमेन्ट, डन्डीदेखि किलासम्मको विक्री बढ्छ । तर, निर्माण कार्य शिथिल हुँदा सरकारको पूँजीगत खर्च पनि न्यून भएको छ । यस्तो निर्माण क्षेत्रलाई कसरी चलायमान बनाउन सकिन्छ भनेर सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने हो तर सरकार सुधारको भाषणमा मात्रै सीमित देखिएको छ । ऊ अर्थतन्त्रका समस्याप्रति बेखबरजस्तो देखिन्छ ।

अहिले पूर्वाधारका आयोजनाहरू बनाउन उपयुक्त समय देखिन्छ । बैंकहरूसँग तरलता फालाफाल छ र ब्याजदर न्यूनस्तरमा ओर्लिएको छ । यस्तोमा सार्वजनिक ऋण उठाएर सरकारले आयोजनाहरू धमाधम बनाउन सक्नुपर्ने हो । त्यस्तै विदेशी विनिमय सञ्चिति पनि ऐतिहासिक स्तरमा उच्च रहेको छ । अहिले अधिक स्रोतको समस्या मुलुकमा देखिएको छ भन्दा पनि हुन्छ । त्यसैले सरकारसँग अभूतपूर्व अवसर छ ।

सरकारले धमाधम सानातिना पूर्वाधारका काम अगाडि बढाउने हो त्यसको अनुपातमा निजीक्षेत्रले पनि लगानी बढाउँछ । त्यसले अर्थतन्त्रका सबै चरहरूलाई गति दिन सक्छ । गत दुई आवमा निर्माण क्षेत्रको आर्थिक वृद्धिदर ऋणात्मक रह्यो । यो वर्ष पनि फरक प्रवृत्ति देखिएको छैन । त्यसले सुधार गर्ने प्रमुख जिम्मा सरकारको हो । नीतिगत सुधार र कार्यान्वयन पक्षलाई सबल नबनाई अर्थतन्त्रको संकट मोचन सम्भव देखिँदैन । राजनीतिक नेतृत्व उत्साह र आशा जगाउने काममा लाग्नुको साटो उल्टो सबैमा निराश पार्ने काममा उद्यत देखिन्छ । अर्थतन्त्रको यो निराशा चिर्न सरकारले धमाधम विकास निर्माणका कामलाई गति दिनुको विकल्प देखिँदैन ।

भन्सार कार्यालयअनुसार चालू आव २०८१/८२ को मङ्सिरसम्मको आयात निर्यात (रू. हजारमा)

| कार्यालय | आयातमूल्य | आयात हिस्सा | निर्यात मूल्य | निर्यात हिस्सा |
|---|---|---|---|---|
| भद्रपुर | २२४,६६६ | ०.०३ | ५० | ०.०० |
| भैरहवा | १०३,१९९,५१० | १५.६० | ५,६९८,३०४ | ७.७४ |
| विराटनगर | ६९,७४५,१६३ | १०.५४ | १५,३५८,७३८ | २०.८५ |
| वीरगञ्ज | २१८,२६५,६३९ | ३३.०० | १९,२५९,९९४ | २६.१५ |
| चोभार | ४७१,१९९ | ०.०७ | ० | ०.०० |
| ड्राइपोर्ट | ८६,९५३,६३३ | १३.१५ | १,९१६,०२८ | २.६० |
| गौर | ४३८,२०४ | ०.०७ | ९०९ | ०.०० |
| गौतम बुद्ध विमानस्थल | ३३,५९५ | ०.०१ | ० | ०.०० |
| जलेश्वर | ४,८३४,४७४ | ०.७३ | २३५,९८८ | ०.३२ |
| जनकपुर | ५,८४४,३३ | ०.०९ | ० | ०.०० |
| कैलाली | ९,२३१,४८१ | १.४० | ३९९,९०५ | ०.५४ |
| कञ्चनपुर | ८२१,१६२ | ०.१२ | २,२०९ | ०.०० |
| कृष्णनगर | ८,४८६,०९४ | १.२८ | १,०१०,९४२ | १.३७ |
| महेशपुर | १६५,६४७ | ०.०३ | ० | ०.०० |
| मेची | १८,४३८,५५० | २.७९ | ११,४७८,४२० | १५.५८ |
| नेपालगञ्ज | २९,१०९,९१२ | ४.४० | ८८७,४९३ | १.२० |
| पशुपतिनगर | ४२५ | ०.०० | ३०,९०० | ०.०४ |
| राजविराज | १०१,८९८ | ०.०२ | ० | ०.०० |
| रसुवा | ३२,९९२,११७ | ४.९९ | १,४७७,५०९ | २.०१ |
| सर्लाही | १,२५९,६०३ | ०.१९ | ६६५,२६२ | ०.९० |
| सती | २३९,१४१ | ०.०४ | ० | ०.०० |
| सिरहा | १५९,८८६ | ०.०२ | १६ | ०.०० |
| सुनसरी | ८८०,५९१ | ०.१३ | ० | ०.०० |
| सुथौली | १,५४८,३६५ | ०.२३ | ० | ०.०० |
| तातोपानी | २०,८७३,९४१ | ३.१६ | ० | ०.०० |
| ठाडी | ७,२४७ | ०.०० | ० | ०.०० |
| त्रिभुवन विमानस्थल | ५२,४२१,६३७ | ७.९२ | १५,२३७,१०४ | २०.६९ |
| त्रिवेणी | ३७९ | ०.०० | ० | ०.०० |
| जम्मा | ६६१,४८८,५९४ | १००.०० | ७३,६५९,७७१ | १००.०० |

स्रोत : भन्सार कार्यालय



तस्वीर : रासस

**दार्चुलामा उद्घाटनको पर्खाइमा रहेको नेपाल र भारत जोड्ने पुल । महाकाली नगरपालिका–८, असिगडामा निर्मित यो पुलमा सरकारी तहबाट औपचारिक उद्घाटन भएपछि सवारीसाधन आवतजावत गर्न दिइने बताइएको छ ।**

**बाँकी पृष्ठ १ बाट ...**

## ब्रोकर मर्जर ...

सोही व्यवस्थाअनुसार दर्ता भएका ब्रोकर कम्पनीहरूलाई पूँजी वृद्धि गर्न बोर्डले २०८२ असार मसान्तसम्म समय दिएको छ । तर, पुराना ब्रोकरहरू मर्जर निर्देशिका आउँदा पूँजी बढाउने एउटा बाटो खुल्ने भए पनि मर्जर नगरी पूँजी बढाउन थप समय दिनुपर्ने बताउँछन् ।

सीमित कारोबारका लागि १० गुणा पूँजी गरी २० करोड रुपैयाँ पुऱ्याउन र मार्जिन ट्रेडिङसहितको सेवा दिन चुक्तापूँजी १२ गुणा वृद्धि गरी ६० करोड पुऱ्याउन दिइएको म्याद अति छोटो भएकाले अव्यावहारिक भएको उनीहरूको भनाइ छ ।

'मर्जर निर्देशिका पनि आओस् र पूँजी बढाउने म्याद पनि थपियोस्,' स्टक ब्रोकर एशोसिएशन अफ नेपालका पूर्वअध्यक्ष धर्मराज सापकोटाले भने, 'बोर्डले नियमावली संशोधन गरेयताको २२ महीनामा १२ गुणासम्म पूँजी बढाउन असम्भव छ ।' २०५० सालदेखि धितोपत्र बजारमा पुराना ब्रोकर कम्पनीहरूले गरेको योगदानलाई कदर गर्दै नियामक निकायले पूँजी वृद्धिको समयसीमा बढाएर सहुलियत प्रदान गर्नुपर्ने उनको तर्क छ । पूँजी वृद्धिका लागि २०८४ असार मसान्तसम्म समय दिँदा उपयुक्त हुने र त्यति समय थप भए कम्पनीहरूले नयाँ शेयरहोल्डर थपेर पूँजी कायम गर्न सक्ने सापकोटाले बताए ।

हाल धितोपत्र कारोबारमा मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने दुई स्टक डिलरसहित ९२ ब्रोकर कम्पनी सञ्चालनमा छन् । नागरिक स्टक डिलर कम्पनीको चुक्तापूँजी ३ अर्ब ७३ करोड ९७ लाख ५० हजार रुपैयाँ छ । अर्को नबिल स्टक डिलरको चुक्तापूँजी १ अर्ब ५२ करोड रुपैयाँ छ ।

यीबाहेक ६० करोड चुक्तापूँजी कायम गरी दोस्रो तहको ब्रोकर व्यवसाय कम्पनी सञ्चालन गर्नेमा ३३ नम्बरको पुरानो ब्रोकर कम्पनी सनी सेक्युरिटिज, ६६ नम्बर ब्रोकर कम्पनी एआईएमबी स्टक मार्केट र ८७ नम्बर ब्रोकर कम्पनी हिमालयन सेक्युरिटिज लिमिटेड रहेका छन् ।

यीबाहेक सबै कम्पनी पहिलो तहको सीमित कार्य गर्ने ब्रोकर कम्पनीका रूपमा सञ्चालनमा छन् । पुराना कम्पनीमध्ये ११ कम्पनीको चुक्तापूँजी न्यूनतम २० करोड रुपैयाँ कायम भइसकेको छ । बोर्डले २०८२ असार मसान्तसम्म सबै ब्रोकर कम्पनीलाई न्यूनतम २० करोड रुपैयाँ चुक्तापूँजी कायम गर्न भनेको छ ।

## के अध्यादेशले ...

संसद्बाट ऐन पारित हुँदा दुवै व्यवस्था संशोधन भए ।

अध्यादेशबाट बचत तथा ऋण सहकारीलाई राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा वर्गीकरण गरी एक व्यक्तिले क्रमशः ५० लाख, २५ लाख र १० लाख रुपैयाँसम्म मात्र बचत राख्न पाउने गरी सीमा तोकिएको छ ।

मन्त्रालयका सचिव पोखरेलले एउटै व्यक्तिको ठूलो रकम बचत भेटिँदा सम्पत्ति शुद्धीकरणको शंका भएकाले सीमा तोक्नुपरेको बताए । 'यति नै सीमा रहिरहन्छ भन्ने होइन, समयअनुसार सुधार देखिन्छ,' उनले भने, 'अहिले सम्पत्ति शुद्धीकरणको शंका गर्ने आधार भएकाले सम्बोधन गर्न खोजिएको हो ।'

संसद्बाट पारित भएको ऐनमा बचत तथा ऋण सहकारीको मापदण्ड नेपाल राष्ट्र बैंकले जारी गर्ने र संघीय सहकारी विभागको सिफारिशमा जोखिममा भएका संस्थाको राष्ट्र बैंकले अनुगमन गर्ने व्यवस्था राखियो । तर, सरकारको यो कानूनी सुधारमा एफएटीएफ असन्तुष्ट भएपछि सरकार हतारहतार राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठनमा लागेको हो । अध्यादेशमा प्राधिकरणलाई बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीको नियमन, अनुगमन, सुपरिवेक्षणलगायत जिम्मेवारी दिइएको छ । यसअघि स्थानीय तहसम्म पुऱ्याइएको बचत तथा ऋण कारोबार गर्ने सहकारी नियमनको अधिकार फेरि केन्द्रमा नै फर्केको छ ।

सहकारीको अनुगमनका लागि विगत २ दशकदेखि छुट्टै निकाय गठन गर्ने व्यवस्था सरकारका नीति, कार्यक्रम र भाषणमा मात्र सीमित हुँदै आएका थिए । तर, सम्पत्ति शुद्धीकरणको अन्तरराष्ट्रिय दबाबकै कारण भए पनि नयाँ संस्थाको उदय भएको छ ।

### बचतमा सीमा तोकिँदा के फरक पर्छ ?

अध्यादेशबाट बचतको सीमा तोकिएपछि ठूलो कारोबार गरिरहेका सहकारीमा भने त्रास बढेको छ । सहकारीले बैंक, वित्तीय संस्थाभन्दा बढी ब्याज दिने भएकाले सर्वसाधारणमा ब्याजको लोभमा ठूलो निक्षेप राख्ने प्रवृत्ति बढिरहेको थियो । यो प्रावधान कार्यान्वयनमा आए सहकारीमा निक्षेप राख्ने प्रवृत्ति खुम्चिनेछ । यसैगरी राष्ट्रिय स्तरको सहकारीले बढी निक्षेप राख्न पाउने व्यवस्थाका कारण सहकारीको कार्यक्षेत्र देशभर बनाउने प्रतिस्पर्धा चल्ने जोखिम पनि बढाएको छ ।

सहकारीका अभियन्ताहरूले भने यसले सहकारीको विकासलाई खुम्च्याउने भन्दै विरोध गरिरहेका छन् । सहकारी संस्थाको शेयर पूँजी वा संस्थागत पूँजीका आधारमा बचतमा सीमा तोकिनुपर्ने उनीहरूको तर्क छ । यसैगरी एक व्यक्ति एउटा मात्र बचत तथा ऋण सहकारीको सदस्य बन्न पाउने व्यवस्था पनि अध्यादेशमा छ । अहिले सहकारीमा ७३ लाख सदस्य छन् । यो प्रावधानले सदस्य संख्या आधामा झर्छ । तर, यो नयाँ व्यवस्था भने होइन, यसअघि नै ऐनमा भएका प्रावधानलाई सरकारले पुनः अध्यादेशमा राखेको हो ।

### सहकारी नियमनमा राष्ट्र बैंकको भूमिका के हुन्छ ?

नेपालमा वाणिज्य बैंकपछिको ठूलो कारोबार सहकारी क्षेत्रबाट हुँदै आए पनि लामो समयदेखि वित्तीय क्षेत्रको नियमन गर्दै आएको राष्ट्र बैंक भने सहकारी क्षेत्रको जिम्मेवारीबाट पन्छिँदै आएको थियो । बेलाबेलामा सहकारी विभागमा कर्मचारी पठाएर सहयोग गर्ने केन्द्रीय बैंक अब भने सहकारीको नियमनमा प्रत्यक्ष, अप्रत्यक्ष जोडिएको छ ।

गतवर्ष चैतमा राष्ट्र बैंक ऐन संशोधन गरी सहकारीका लागि मापदण्ड जारी गर्ने, विभागको सिफारिशमा अनुगमन गर्ने र कैफियत भेटिएका संस्था र सञ्चालकलाई राष्ट्र बैंक ऐनअनुसार कारबाही गर्न सक्ने प्रावधान समेटिएको थियो । तर पनि राष्ट्र बैंकले यो प्रावधानअनुसार सहकारी नियमनमा चासो देखाएको छैन । राष्ट्र बैंक आफैले सहकारीको अनुगमन गरी कारबाही गर्न सक्ने, मापदण्ड जारी गर्न सक्ने प्रावधान अध्यादेशमा राखिएको छ । यसले सहकारी क्षेत्र पनि राष्ट्र बैंकको प्रत्यक्ष/अप्रत्यक्ष नियमनको दायरामा आउने देखिएको छ ।

त्यसैगरी, अध्यादेशबाट फेरि राष्ट्र बैंक ऐन संशोधन गरी बैंकिङ क्षेत्रले प्रयोग गर्दै आएको कर्जा सूचना केन्द्रको सेवा सहकारीले पनि पाउने प्रावधान खुला गरिएको छ । यस्तै निक्षेप सुरक्षण कोष ऐन संशोधनबाट सहकारीहरू त्यहाँ पनि प्रवेश पाउने बाटो खुला भएको छ ।

सहकारी अभियानले पनि लामो समयदेखि कर्जा सूचना केन्द्र र निक्षेप तथा कर्जा सुरक्षण कोषको माग गर्दै आएको थियो । सहकारी ऐनमा सहकारीका लागि छुट्टै बनाउने भने पनि अब भने बैंकिङ क्षेत्रमै भएका संस्थामा सहकारीलाई पनि समेट्ने बाटो खुला भएको छ । अब स्थानीय तह, प्रदेश, संघीय सरकारको सहकारी विभाग, प्राधिकरण र राष्ट्र बैंकसमेत गरी सहकारी हेर्ने निकाय ६ ओटा भएका छन् । यसले सहकारी क्षेत्रलाई व्यवस्थित गर्ने जिम्मेवारी कसको र कसको काम के हुने भन्नेमा अझ द्विविधा बढ्ने स्थिति छ ।

धेरैओटा नियामक हुँदा कुन ऐनअनुसार कुन निकायले अनुगमन गर्ने भन्ने द्विविधा बढ्ने कानून व्यवसायी रामचन्द्र सिंखडा बताउँछन् । 'अहिले भएका संरचना कायमै राखेर प्राधिकरण बनाउँदा सहकारी क्षेत्र अझ भद्रगोल हुने अवस्था देखिन्छ,' उनले भने ।

समस्याग्रस्त सहकारीबाट बचत फिर्ता होला ?

बचत फिर्ता गर्न नसकी समस्याग्रस्त हुने संस्थाको संख्या बढ्दै गएको छ । औपचारिक तथ्यांकअनुसार करीब ५०० सहकारीबाट सर्वसाधारणको २ खर्ब रुपैयाँ फिर्ता गर्नुपर्ने देखिन्छ । तर, अध्यादेशमा समस्याग्रस्त सहकारीको व्यवस्थापन र बचत फिर्ता हुने आधार भने देखिँदैन । सहकारीका सदस्यको ५ लाखसम्मको बचत सरकारले ऋण दिएर तत्कालै फिर्ता गर्ने विभिन्न समितिको सुझाव कार्यान्वयनको बाटो अध्यादेशले खोलेको छैन । समस्याग्रस्त सहकारीको बचत फिर्ता गर्दा ५ लाखसम्मको लाई प्राथमिकता दिने भनेर समस्याप्रति सरकारले जिम्मेवारी लिन खोजेको देखिँदैन । यससँगै सहकारीपीडित सर्वसाधारणले तत्काल बचत फिर्ता पाउने सम्भावना देखिँदैन । सरकारका अधिकारीहरूले भाषण गरेजस्तै समस्याग्रस्त सहकारीको सम्पत्तिबाट असुल भएको अवस्थामा मात्र बचतकर्ताले न्याय पाउन सक्छन् ।

### अध्यादेशको व्यवस्था कार्यान्वयन होला ?

सहकारीमा देखिएका समस्या सम्बोधन गर्न सरकारले ७ वर्षअघि मात्र ऐन संशोधन गरेको हो । उक्त ऐनमा भएका अनेकौं प्रावधान लागू भएनन्, जसका कारण सहकारीमा अहिले यो अवस्था आएकाले अध्यादेशबाट जारी भएको ऐनका व्यवस्था कार्यान्वयन हुनेमा शंका गर्न सकिन्छ ।

बचत तथा ऋणको नाममा दर्ता भएका सहकारीहरू १४ हजार हाराहारी छन्, त्यसबाहेक अन्य नामका सहकारी पनि बचत तथा ऋण कारोबारमै सीमित भएकाले उनीहरूलाई नियमनको दायरामा ल्याउनै प्राधिकरणका लागि चुनौतीपूर्ण देखिन्छ ।

नेपाल राष्ट्र बैंकसहितको प्राधिकरणको संरचना शक्तिशाली भए पनि सञ्चालनका लागि स्रोतको सुनिश्चितता पनि छैन । प्राधिकरण चलाउन सरकारकै भर पर्नुपर्ने बाध्यताले यसको काममा सरकारी हस्तक्षेप हुने र प्रभावकारी काम नहुने आशंका उत्तिकै रहेको सरोकारवाला बताउँछन् । यसैगरी सहकारीको नियमन गर्ने हालका संरचना कायमै राख्दा उही प्रकृतिको नयाँ निकाय मात्र थपिने अवस्था पनि छ ।

सहकारी विभागका पूर्वरजिस्ट्रार तथा सहकारीविज्ञ सुदर्शन ढकाल अध्यादेशले बचत तथा ऋण सहकारीको अनुगमनको काम संघीय सरकार वा राष्ट्र बैंकको विषय हो भन्ने स्थापित भएको बताउँछन् । 'वित्तीय कारोबारको नियमन गर्न विज्ञता चाहिन्छ, त्यसैले यो काम कि केन्द्रीय बैंकले गर्नुपर्छ या छुट्टै निकाय हुनुपर्छ,' उनले भने, 'नयाँ अध्यादेशबाट सहकारी नियमनका लागि प्राधिकरण गठन र राष्ट्र बैंकको दायराभित्र पनि समेटिनु उपयुक्त छ ।'

**Bhimeshwor Municipality**
**Office of the Municipal Executive**
**Charikot, Dolakha**

**Request for Expression of Interest**

**Date of first publication: 2081/09/21**

1. Government of Nepal (GoN) has allocated fund from *Ministry of Forest and Environment* toward the cost of *EBA II* and intends to apply a portion of this *Grant* to eligible payments for National consulting service.
2. The *Bhimeshwor Municipality* invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the consulting services for the *Preparation of Local Adaptation Plan of Action (LAPA) of Bhimeshwor Municipality.*
3. Interested eligible consultants may obtain further information and detail EoI document at free of cost from *Bhimeshwor Municipality, Charikot, Dolakha* during office hours on or before 2081/10/06 or visit website www.bhimeshwormun.gov.np, can be submitted EoI on or before 2081/10/07, 12:00 noon and will be opened at 2081/10/07, 13:00 noon

नेपाल सरकार
शहरी विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय**
**मोरङ, विराटनगर**

**आर्थिक प्रस्ताव स्वीकृत भएको आशय सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१।०९।२१)**

**सूचना नं.- १४/२०८१/०८२**

यस कार्यालयबाट मिति २०८१।०८।१६ गतेको हिमालय टाईम्स र २०८१।०८।१८ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा निम्न योजनाहरुको लागि प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार म्याद भित्र PPMO को E-procurement Portal मार्फत रितपूर्वक दर्ता भई प्राविधिक प्रस्तावमा सफल सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | न्युनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु (पि.एस. र मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1. | FUDBC/Morang/NCB/ Works/48-2081-082 | Construction of Infrastructure of Pindeshwori Primary School in Dhanpalthan Ward No.- 6, Morang. | Saugat And Sankalpa Construction Pvt. Ltd, Janakpurdham-4, Dhanusha | **53,40,978.30** |
| 2. | FUDBC/Morang/NCB/ Works/49-2081-082 | Construction and Upgradation of Road works from Paropakar Ghat Bridge to Kathari-5 Khoriya, Morang | Debika Construction, Budhiganga-5, Morang | **61,68,918.42** |
| 3. | FUDBC/Morang/NCB/ Works/50-2081-082 | Construction of Sahid Pratisthan Building in Kathari- 5, Morang. | Manish Nirman Sewa, Dhankuta-7 | **55,56,720.50** |
| 4. | FUDBC/Morang/NCB/ Works/51-2081-082 | Construction of Jestha Nagarik Diwa Sewa Kendra Building at Belbari-07, Morang. | Anturam Construction, Budhiganga 1, Morang | **60,97,994.00** |
| 5. | FUDBC/Morang/NCB/ Works/52-2081-082 | Construction of Remaining Works for Shagha Sewa Building of Triyuga Na.Pa.-12, Ghaighat | Trikal Engineering Solution, Gaighat, Udayapur | **58,65,669.83** |
| 6. | FUDBC/Morang/NCB/ Works/53-2081-082 | Construction and Upgradation Works at Belbari Municipality -5 , Morang. | Anturam Construction, Budhiganga 1, Morang | **22,82,135.60** |
| 7. | FUDBC/Morang/NCB/ Works/55-2081-082 | Construction of School Building of Rasuwa Ma.Bi.Bhutar Rautamai-2 & Boundary wall with fencing at Mahendra Secondary, Rautamai-5, Udayapur. | Kartik Nirman Sewa, Triyuga -8, Jhorav Udaypur | **62,18,955.17** |
| 8. | FUDBC/Morang/NCB/ Works/56-2081-082 | Construction of School Buildiing of Janpremi Secondary School & Mayank Secondary School, Kattari 7 & 13., Udayapur. | U.K. Construction Pvt. Ltd, Katari-5, Udayapur | **63,68,720.77** |
| 9. | FUDBC/Morang/NCB/ Works/57-2081-082 | Construction of School Building of Sharaswati Ma.Bi. Vorlel Katari-5 & Boundary fency wall Haddaiya, Katari-3, Udayapur. | U.K. Construction Pvt. Ltd, Katari-5, Udayapur | **55,92,651.20** |
| 10. | FUDBC/Morang/NCB/ Works/58-2081-082 | Construction of School Building of Chandrawati Secondary & Sharaswati Secondary School, Katari 11 & 4. Udayapur. | Debichandra Nirman Sewa, Katari-14, Udayapur | **59,83,915.61** |
| 11. | FUDBC/Morang/NCB/ Works/59-2081-082 | Construction of Health Post Building, Limchungbung Ga.Pa. 4, Udayapur. | U.K. Construction Pvt. Ltd, Katari-5, Udayapur | **60,73,195.83** |

**Myagde Rural Municipality**
**Office of Rural Municipal Executive**
**Chhang, Tanahun, Gandaki Province**

**Invitation for only electronic bids**

**Date of publication: 2081/09/21 (Jan-05, 2025)**

1. Myagde Rural Municipality invites only electronic bids from Nepalese eligible bidders for the construction of following projects under National Competitive Bidding procedures.

| S.N | Name Of the Project | Contract ID | Estimated amount (Inclusive of P.S and VAT) | Bid Security Amount | Bid Document Fee | First Date of publication | Last Date Of Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | Prabidhi Yukta Bhiu Utpadan Tatha Krishi Pryogathmag Kendra (Building Construction and Lab Setup) | MRM-27-2081/082 | 12,167,048. 25 | 3,05,000.00 | 3000/- | 2081/09/21 (2025-01-05) | 2081/10/22 (2025-02-04) |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Myagde Rural Municipality, Office of Rural Municipal Executive, Chhang, Tanahun or may visit PPMO website www.bolpatra.gov.np/egp for further information.
3. Bidders shall deposit the cost of bidding documents specified above for each contract in an account as specified below:
**Name of the Bank: Laxmi Bank Ltd, Tharpu, Tanahun**
**Name of the Office: Myagde Rural Municipality**
**Office Account no: 07803000130**
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Office**

# आजदेखि गार्डियन माइक्रो लाइफको आईपीओ

काठमाडौं (अस) । गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडले पुस २१ गते (आज)देखि सर्वसाधारणमा आईपीओ जारी गर्दैछ ।

कम्पनीले सर्वसाधारणका लागि आफ्नो जारी पूँजी ७५ करोड रुपैयाँको ३० प्रतिशत दरले हुन आउने २२ करोड ५० लाख रुपैयाँ बराबरको २२ लाख ५० हजार कित्ता आईपीओ सर्वसाधारणमा विक्री गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको थियो । कुल कित्ता आईपीओमध्ये पहिलो चरणमा १० प्रतिशतका दरले हुन आउने २ करोड २५ लाख रुपैयाँ बराबरको २ लाख २५ हजार कित्ता आईपीओ भने वैदेशिक रोजगारीमा रहेका नेपालीमा निष्कासन तथा बाँडफाँट भइसकेको छ ।

पहिलो चरणको आईपीओ बाँडफाँटपछि कम्पनीले दोस्रो चरणमा सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्न लागेको हो । वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि बाँडफाँटपछि पनि ३ प्रतिशतले हुने ६७ हजार ५०० कित्ता कम्पनीका कर्मचारीका लागि र ५ प्रतिशतले हुन आउने १ लाख १२ हजार ५०० कित्ता भने सामूहिक लगानीकोषका लागि सुरक्षित गरिएको छ । बाँकी १८ लाख ४५ हजार कित्ता आईपीओ भने सार्वजनिक निष्कासनमा ल्याउन लागिएको हो ।

सार्वजनिक निष्कासनमा आउने आईपीओ पुस २४ गतेसम्म निष्कासनमा रहनेछ । सो अवधिभित्र माग बमोजिम आवेदन नपरेमा भने माघ ६ गतेसम्म निष्कासनमा रहने जानकारी कम्पनीले दिएको छ । तर पछिल्लो समय आईपीओमा लगानीकर्ताको आकर्षण बढ्दै गएका कारण पहिलो दिनमै मागभन्दा बढी आवेदन पर्दै आएको छ । यस अवस्थामा कम्पनीको आईपीओ पनि पुस २४ गतेसम्म मात्र विक्रीमा रहने निश्चित छ । लगानीकर्ताले न्यूनतम १० कित्तादेखि अधिकतम १ लाख कित्तासम्म माग गर्दै आवेदन दिन सक्नेछन् । कम्पनीको आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा कुमारी क्यापिटल लिमिटेड रहेको छ । विक्री प्रबन्धकसँगै लगानीकर्ताहरूले सम्पूर्ण आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका कार्यालयमार्फत आवेदन दिन सक्ने व्यवस्था छ । साथै मेरो शेयर सफ्टवेयरमार्फत पनि आवेदन दिन सकिनेछ ।

आईपीओ निष्कासनका लागि गराइएको रेटिङमा केयर रेटिङ नेपाल लिमिटेडले समयमै वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको संकेत गर्ने केयर एनपी डबल बी माईनस इस्यूअर रेटिङ प्रदान गरेको छ ।

**कम्पनीको परिचय :**

कम्पनी नेपालको पहिलो डिजिटल प्रविधिबाट बीमालेख जारी गर्ने लघुबीमा कम्पनी हो । पब्लिक कम्पनीका रूपमा २०७९ साल पुस ११ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको यस कम्पनीले लघु जीवन बीमा व्यवसाय सञ्चालनका लागि भने २०७९ साल चैत २७ गते नेपाल बीमा प्राधिकरणबाट अनुमति पाएको थियो । प्राधिकरणको स्वीकृतिपछि २०८० साल असार २२ गतेदेखि कम्पनीले व्यवसाय सञ्चालन गर्दै आएको छ । गरिबीको रेखामुनी रहेका, न्यून आय, सिमान्तकृत साथै बीमाको पहुँचमा नरहेका नागरिकलाई उनीहरूको आवश्यकताअनुसार जीवन बीमा सेवा उपलब्ध गराउनुनै कम्पनीको मुख्य उद्देश्य हो । यस कम्पनीले बीमालाई प्रविधिमैत्री, सहज र सजिलो तरिकाले मोबाइल एपबाट नै बीमालेख खरीद गर्न सक्ने व्यवस्था गरेको छ । कम्पनीको कारोबार गर्ने मुख्य स्थान कोशी प्रदेश, मोरङ जिल्ला विराटनगरमा रहेको छ । कम्पनीले केन्द्रिय कार्यालय समेत गरी २४ स्थानबाट लघु जीवन बीमा व्यवसाय गरिरहेको छ ।

**पूँजी संरचना :**

अधिकृत पूँजी ८० करोड रुपैयाँ रहेको कम्पनीको जारी पूँजी ७५ करोड रुपैयाँ छ। हाल संस्थापक तर्फ चुक्ता भएको पूँजी ५२ करोड ५० लाख रुपैयाँ छ । संस्थापकतर्फ ७० प्रतिशत शेयर स्वामित्व कायम रहेको हो । सर्वसाधारणमा ३० प्रतिशत आईपीओ बाँडफाँटपछि कम्पनीको चुक्तापूँजी ७५ करोड रुपैयाँ कायम हुनेछ । कम्पनीले नियामक निकाय नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम ७५ करोड रुपैयाँ चुक्तापूँजी कायम गर्नुपर्ने अवस्थामा कम्पनीले आईपीओ निष्कासन गरेको हो । आईपीओबाट प्राप्त पूँजीमध्ये २२ करोड ३० लाख रुपैयाँ मुद्दती निक्षेपमा र २० लाख रुपैयाँ शाखा विस्तार तथा भौतिक पूर्वाधारको अभिवृद्धिका लागि खर्चिने योजना कम्पनीको रहेको छ ।

**वित्तीय अवस्था :**

कम्पनीले सार्वजनिक गरेको वित्तीय विवरणअनुसार कम्पनी आर्थिक वर्ष २०७९/८० सम्म १५ लाख ८३ हजार रुपैयाँ सञ्चित नाफामा रहेको देखिन्छ । गत आर्थिक वर्ष २०८०/८१ सम्मको अपरिस्कृत वित्तीय विवरणअनुसार भने कम्पनीको सञ्चित नाफा २७ लाख ५० हजार रुपैयाँ छ । चालू आर्थिक वर्ष २०८१/८२ सम्म भने कम्पनीले ८४ लाख १४ हजार रुपैयाँ सञ्चित नाफा गर्ने प्रक्षेपण गरेको छ। अघिल्लो आर्थिक वर्ष २०७९/८० को वास्तविक अवस्थाअनुसार कम्पनीको प्रतिशेयर नेटवर्थ १०० रुपैयाँ ३४ पैसा र प्रतिशेयर आम्दानी ३४ पैसा रहेको छ । चालू आर्थिक वर्षभित्र कम्पनीले प्रतिशेयर नेटवर्थ १०१ रुपैयाँ २६ पैसा र प्रतिशेयर आम्दानी ८५ पैसा कायम गर्ने प्रक्षेपण गरेको छ ।

**सञ्चालक समिति :**

कम्पनीको नियामावलीमा संस्थापक समूहबाट चार जना र सर्वसाधारण शेयरधनीहरूबाट दुई जनासँगै एक जना स्वतन्त्र सञ्चालक समेत ७ जनाको सञ्चालक समिति हुने व्यवस्था छ । सर्वसाधारण शेयरधनीहरूको स्वामित्व कायम गर्न बाँकी यस कम्पनीमा हाल संस्थापकतर्फबाट चार र एक स्वतन्त्र सञ्चालक समेत ५ सदस्यीय सञ्चालक समिति रहेको छ । कम्पनीको अध्यक्षमा उदिप श्रेष्ठ रहेका छन् । त्यस्तै सञ्चालक समितिका अन्य सदस्यहरूमा डा. जय प्रकाश जैसवाल, उदय नारायण भट्टराई, सिए.ए. त्रिशिला झुनझुनवाला र प्रमोद प्रसाद भट्टराई रहेका छन् । प्रमोद प्रसाद भट्टराई स्वतन्त्र सञ्चालकका रूपमा रहेका हुन् ।


**E.THREE ELECTRONICS PVT. LTD.**

Kupondol 10, Lalitpur, Nepal. Vat No: 609525683

Contact No. 9801978040

**MRP**

| S.No | Particulars | Model | Capacity | Origin | Rate Per Unit (MRP) |
|---|---|---|---|---|---|
| 1 | AUCMA Brand Air Conditioner | Aucma Split Aircon | 1 Ton | CHINA | NPR.61000.00 |


## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०९/२१)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

१ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (घोराही शाखा, दाङ)**

प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, दाङमा मिति २०६०/१/१८ मा प्रा.फ.दर्ता नं. १२०८७/०५९/६० अन्तर्गत दर्ता भएको **देवी मल्टी सप्लायर्स ।**
ठेगाना : दाङ्ग जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १२ ।

**ऋणी फर्मका प्रोप्राइटरः**
माईटे पुनको नाति टेक बहादुर पुनको छोरा दाङ्ग जिल्ला, हापुर न.पा. वडा नं. ९ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही न.पा. वडा नं. १५ बस्ने, ना.प्र.न ११६६/१७६१ (जारी मिति ०५३/११/३, स्थान दाङ्ग) भएका **इश्वर बहादुर पुन ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

जगत बहादुर पुनकी छोरी टेक बहादुर पुनकी बुहारी इश्वर बहादुर पुनकी श्रीमति दाङ्ग जिल्ला, त्रिभुवन नगर न.पा. वडा नं. ७ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही न.पा. वडा नं. १५ बस्ने, ना.प्र.न ७१७५/२४५७ (जारी मिति २०६०/७/३०, स्थान दाङ्ग) भएकी **वुद्धिमाया पुन ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

दाङ्ग जिल्ला, त्रिभुवन नगर न.पा. वडा नं. ७ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही न.पा. वडा नं. १५ बस्ने, **वुद्धिमाया पुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ्ग जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ६, नक्सा सीट नं ६ख मा अवस्थित कि.नं. क्रमशः ४०२, ४०३, ४१६, ४१७, ४२२, ४२३, ४२५, ४२६, ४२८, ४२९, ४५७ र ४५८ क्षेत्रफल क्रमशः ४१९, ९१२, ५११, २७०, ५७५, ३८५, ६५०, ३८०, १२६०, ८८०, ६० र ५११ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (घोराही शाखा, दाङ)**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, दाङमा मिति २०७६/४/१९ मा प्रा.फ.र.नं. ६२/११०४८ अन्तर्गत दर्ता भएको **जलजला ढुवानी सेवा ।**
ठेगाना : दाङ्ग जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १५ ।

**ऋणी फर्मका प्रोप्राइटरः**
जगत बहादुर पुनकी छोरी टेक बहादुर पुनकी बुहारी इश्वर बहादुर पुनकी श्रीमति दाङ्ग जिल्ला, त्रिभुवन नगर न.पा. वडा नं. ७ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही न.पा. वडा नं. १५ बस्ने, ना.प्र.न ७१७५/२४५७ (जारी मिति २०६०/७/३०, स्थान दाङ्ग) भएकी **वुद्धिमाया पुन ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

माईटे पुनको नाति टेक बहादुर पुनको छोरा दाङ्ग जिल्ला, हापुर न.पा. वडा नं. ९ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही न.पा. वडा नं. १५ बस्ने, ना.प्र.न ११६६/१७६१ (जारी मिति ०५३/११/३, स्थान दाङ्ग) भएका **इश्वर बहादुर पुन ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

१. दाङ्ग जिल्ला, त्रिभुवन नगर न.पा. वडा नं. ७ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही न.पा. वडा नं. १५ बस्ने, **वुद्धिमाया पुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ्ग जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. २, नक्सा सीट नं २च मा अवस्थित कि.नं. ४७९ र ४८५ क्षेत्रफल २०२० र ३२९ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. दाङ्ग जिल्ला, त्रिभुवन नगर न.पा. वडा नं. ७ स्थायी घर भई हाल दाङ्ग जिल्ला, घोराही न.पा. वडा नं. १५ बस्ने, **वुद्धिमाया पुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ्ग जिल्ला, ढिकपुर गा.वि.स. वडा नं. ७, नक्सा सीट नं ७क मा अवस्थित कि.नं. क्रमशः १८४७, १८४६, १८४८, १८४५, १८७७, १८७८, १८७९, १८३६, १८६१, १८६०, १८५८, १८५९, १९०१, १८९०, १८९१ र १८९२ क्षेत्रफल क्रमशः १०३, ८३, १०८, १३०, ८, ५, ३, ७८, १७९, १०५, ७१, ५, २०७, १४, ७ र ५ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (भैंसेपाटी शाखा, ललितपुर)**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०३/०७ मा दर्ता नं. १७००८४/७३/०७४ अन्तर्गत दर्ता भएको **के.बि.मल्टीप्रपोज एग्रो फार्म प्रा. लि. ।**
ठेगाना ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २२ ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. फत्ते बहादुर शाहीकी छोरी, कृष्ण बहादुर शाहीकी बुहारी कर्ण बहादुर शाहीकी श्रीमति बाँके जिल्ला, सीतापुर गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल ललितपुर जिल्ला, खोकना गा.वि.स. वडा नं. ४ बस्ने, ना.प्र.नं. १२४४५ (जारी मिति २०५९/०४/१९, स्थान बाँके) भएकी **कमला शाही ।**
२. रतन शाहीको नाति कृष्ण बहादुर शाहीको छोरा रुकुम जिल्ला, गोतामकोट गा.प. वडा नं. १ स्थायी घर भई हाल ललितपुर जिल्ला, खोकना गा.वि.स. वडा नं. ४ बस्ने, ना.प्र.नं. ६८६६/३३६ (जारी मिति ०५२/११/४, स्थान रुकुम) भएका **कर्ण बहादुर शाही ।**

**धितोको विवरण**

बाँके जिल्ला, सीतापुर गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल ललितपुर जिल्ला, खोकना गा.वि.स. वडा नं. ४ बस्ने, **कमला शाही**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, खोकना गा.वि.स. वडा नं. ४, नक्सा सिट नं ४ङ मा अवस्थित कि.नं. १०८ क्षेत्रफल १-१-३-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## जगदम्बा माइन्स एण्ड मिनेरल्स लिमिटेडको प्रथम वार्षिक साधारण सभा बस्ने सूचना

यस जगदम्बा माइन्स एण्ड मिनेरल्स लिमिटेडको मिति २०८१/०९/०३ मा बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थान**
मिति : २०८१/०९/२५ गते बिहीवार (तदनुसार ०९ जनवरी २०२५) ।
समय : दिनको ३:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाण्डौं ।

**छलफलका विषयहरुः**

**क. सामान्य प्रस्तावहरुः**
१. संचालक समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०८०/०८१ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।
५. स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरुः**
१. संचालक समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

**ग. विविध**

संचालक समितिको निर्णय अनुसार
संचालक अध्यक्ष

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०९/२१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८१/१०/०६ गते/स्थान : सम्बन्धित शाखा कार्यालय**

**बोलपत्र खोलिने मिति/समय**
**२०८१/१०/०८ गते, मंगलबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : बलम्बु, काठमाडौं | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| १. | **नाम : सुमीत्रा रोक्का**<br>ना.प्र.नं. ४१८०३, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०६३/०७/२३<br>पतिको नाम : किरण खड्का<br>ससुराको नाम : वागमल खड्का<br>ठेगाना : काठमाडौं जिल्ला, नैकाप न.भ. वडा नं. ६<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १४ | **नाम : किरण खड्का**<br>ना.प्र.न. २०३४३, जि.प्र.का. बझाङ<br>जारी मिति : २०६०/६/२८<br>बाबुको नाम : वागमल खड्का<br>बाजेको नाम : घनश्याम खड्का<br>ठेगाना : बझाङ जिल्ला, कैलाश गा.वि.स. वडा नं. ५<br>हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १४ |
| | **धितोको विवरण** | |
| | १. सुमीत्रा रोक्काको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, नयाँ नैकाप वडा नं. ६ स्थित कित्ता नं. ९५ को क्षेत्रफल ५०.०० ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. धनी ज्योति विकास बैंक लि. भई ऋणी सुमीत्रा रोक्काको नाममा याातायात व्यवस्था कार्यालय एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको बाग्मती प्रदेश-०१-००६ ख २३८२ को च्यासिस नं. MC2C1CRC0MD491145, इन्जिन नं. E413CDMD349031 को Eicher Pro 1080 XP C DSD Truck मोडेलको सवारी साधन । | |

| क्र.सं. | शाखा कार्यालय : च्यामासिंह, भक्तपुर | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| १. | **नाम : डिल्ली प्रसाद गौतम**<br>ना.प्र.नं. १८३५७, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०५७/०८/३०<br>बाबुको नाम : ईन्द्र प्रसाद गौतम, बाजेको नाम : महेश्वर गौतम<br>ठेगाना : सिन्धुली जिल्ला, निपाने गा.वि.स. वडा नं. १<br>हाल : सिन्धुली जिल्ला, दुधौलि न.पा. वडा नं. ३ | **नाम : शारदा पराजुली गौतम**<br>ना.प्र.नं. १३३०४३/१२५, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६३/११/१४<br>पतिको नाम : डिल्ली प्रसाद गौतम<br>ससुराको नाम : ईन्द्र प्रसाद गौतम<br>ठेगाना : सिन्धुली जिल्ला, दुधौलि न.पा. वडा नं. ३ |
| | **धितोको विवरण** | |
| | धनी ज्योति विकास बैंक लि. भई ऋणी डिल्ली प्रसाद गौतमको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता कायम रहेको प्रदेश-०३-०१-०२५-च ४२६१, चेसिस नं. MAT464602MSR06288, ईन्जिन नं. 4SPCR10DYX614389 भएको TATA XENON - YODHA को सवारी साधन थान १ । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बलम्बु, काठमाडौं, फोन नं. ०१-४३१२६२२
च्यामासिंह, भक्तपुर, फोन नं. ०१-६६१९९१०
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# महुली लघुवित्तको एफपीओ बाँडफाँट




काठमाडौं (अस) । महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको एफपीओ शुक्रवार बाँडफाँट भएको छ ।

मागभन्दा बढी आवेदन परेकाले रीतपूर्वक आवेदन दिएकामध्ये ४७ हजार ५४४ जना आवेदकले कम्पनीको एफपीओ प्राप्त गरेका छन् । तीमध्ये ९ जनाले ११ कित्ताका दरले र बाँकीले १० कित्ताका दरले एफपीओ पाएका छन् ।

विक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटलका अनुसार १६ लाख ९२ हजार १०६ जनाले २ करोड २८ लाख ५२ हजार ८० कित्ता एफपीओ माग गर्दै आवेदन दिएका थिए । यीमध्ये १६ लाख ८७ हजार ७७४ जना आवेदकको २ करोड २७ लाख ८२ हजार २० कित्ता एफपीओको लागि परेको आवेदन मात्र योग्य भएको विक्री प्रबन्धकको भनाइ छ ।

कम्पनीले पुस ५ गतेदेखि ९ गतेसम्म सर्वसाधारणमा प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यमा ४ करोड ७५ लाख ४४ हजार ९१५ रुपैयाँ बराबरको ४ लाख ७५ हजार ४४९ दशमलव १५ कित्ता एफपीओ निष्कासन गरेको थियो ।

कम्पनीले सर्वसाधारण समूहतर्फको हिस्सा ३० प्रतिशत कायम गर्न एफपीओ निष्कासन गरेको हो ।

# राधी विद्युत् कम्पनीको साधारणसभा स्थगित

काठमाडौं (अस) । राधी विद्युत् कम्पनी लिमिटेडको वार्षिक साधारणसभा गणपूरक संख्या नपुगेपछि स्थगित भएको छ । कम्पनीले नेपाल स्टक एक्सचेन्ज (नेप्से)मार्फत सूचना जारी गर्दै गणपूरक संख्या नपुगेकाले सभा स्थगित गरिएको जानकारी दिएको हो । कम्पनीले अर्को सूचना जारी गरी पुनः सभा आह्वान गर्नेछ ।

कम्पनीले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल ५ प्रतिशत लाभांश वितरण गर्ने लगायतका प्रस्ताव पारितका लागि गत बिहीवार साधारणसभा बोलाएको थियो । कम्पनीले हाल कायम चुक्तापूँजीको आधारमा ४ दशमलव ७५ प्रतिशत बोनस शेयर र शून्य दशमलव २५ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने निर्णय गरेको हो ।

**वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १८)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६७१ | ७९० | ४९७.४ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ५७८ | ७९० | ४८७.३ |
| ३ | नबिल बैंक लिमिटेड | ४९९.३ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४२१ | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३८६.९ | ५७३ | ३४१.६ |
| ६ | कृषि विकास बैंक लिमिटेड | ३०६ | ४२८.४ | २२०.५ |
| ७ | सानिमा बैंक लिमिटेड | २९९ | ३८२ | २२८ |
| ८ | सिद्धार्थ बैंक लिमिटेड | २९७ | ३८० | २१२.२ |
| ९ | नेपाल बैंक लिमिटेड | २६७.७ | ३३७.५ | १९५.१ |
| १० | प्राइम कमर्सियल बैंक लिमिटेड | २५५ | ३२९ | १८६ |
| ११ | एनएमबि बैंक लिमिटेड | २४६ | ३०० | १६२ |
| १२ | हिमालयन बैंक लिमिटेड | २४२ | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २३० | २९५ | १५७.८ |
| १४ | प्रभु बैंक लिमिटेड | २२६ | २९७ | १३२ |
| १५ | ग्लोबल आइएमई बैंक लिमिटेड | २२३.७ | ३०२ | १७० |
| १६ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २२० | ३०० | १४३.६ |
| १७ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २२० | २९६ | १५२.५ |
| १८ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २१७ | २९५ | १४७.४ |
| १९ | कुमारी बैंक लिमिटेड | २१२.६ | २७२.९ | १२९.६ |

**निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १८)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १५३३३.३ | २२४९३.९ | १२८०० |
| २ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ९८१ | १३८२ | ७१५.३ |
| ३ | प्रभु इन्स्योरेन्स लिमिटेड | ९६५ | १११३ | ७०५ |
| ४ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ९५५ | ११६२ | ८०० |
| ५ | नेको इन्सुरेन्स लिमिटेड | ९१७ | १०५० | ७५० |
| ६ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ७९९ | १०७६ | ६९३ |
| ७ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७९५ | ११२० | ६६९.४ |
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स क. लि. | ७०९.८ | ९२६ | ६०२ |
| ९ | सानिमा जिआईसी इन्स्योरेन्स लि. | ६७३.९ | ८१७.१ | ४८८ |
| १० | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ६४८ | ८३७.३ | ५१४ |
| ११ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ६१५ | ८१० | ५३७.१ |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. | ५७१.६ | ७६० | ५०७ |

# गत साता करीब ७४ अर्बले घट्यो कुल बजार पूँजीकरण

अभियान संवाददाता

काठमाडौं

गत साताको कारोबारमा सूचीकृत कम्पनीहरूको धितोपत्र मूल्य ७३ अर्ब ७७ करोड ७४ लाख रुपैयाँले घटेको छ । अघिल्लो साताको अन्तिम कारोबार दिन कुल बजार पूँजीकरण ४३ खर्ब ६३ अर्ब ५६ करोड ६५ लाख रुपैयाँ रहेकोमा गत साताको अन्तिम कारोबार दिन ४२ खर्ब ८९ अर्ब ७८ करोड ९१ लाख रुपैयाँ कायम भएको हो ।

गत साताको कारोबारमा नेप्से परिसूचक २ हजार ६०० विन्दु तल झरेको छ । अघिल्लो साताको अन्तिम कारोबार दिन २ हजार ६३० दशमलव ७१ विन्दुमा बन्द भएको नेप्से परिसूचक गत साताको अन्तिम कारोबार दिन २ हजार ५८६ दशमलव २३ विन्दुमा बन्द भएको हो ।

गत साता चार कारोबार दिनमध्ये दुई दिन बजार बढेको थियो भने दुई दिन घटेको थियो । पहिलो कारोबार दिन २१ दशमलव १२ अंक र दोस्रो दिन ३३ दशमलव शून्य ८ अंक घटेको बजार तेस्रो दिन ५ दशमलव १० अंक र चौथो दिन ४ दशमलव ६३ अंक बढेको हो । गत साता नेप्से परिसूचक अंकका हिसाबमा ४४ दशमलव ४८ अंक र प्रतिशतका हिसाबमा १ दशमलव ६९ प्रतिशत घटेको हो ।

गत साता कुल कारोबार रकम १२ करोड ९६ लाख रुपैयाँभन्दा बढीले घट्दा कुल कारोबार कित्ता ८० लाख २० हजारभन्दा बढीले घटेको छ । अघिल्लो साता १९ अर्ब ४७ करोड ९९ लाख रुपैयाँभन्दा बढीको ५ करोड १८ लाख १४ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साता १९ अर्ब ३५ करोड रुपैयाँभन्दा बढीको ४ करोड ३७ लाख ९४ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

अघिल्लो साता ४ अर्ब ८६ करोड रुपैयाँभन्दा बढीको १ करोड २९ लाखभन्दा बढी कित्ता औसत कारोबार भएकोमा गत साता ४ अर्ब ८३ करोड रुपैयाँभन्दा बढीको १ करोड ९ लाखभन्दा बढी कित्ता औसत कारोबार भएको हो ।

**सातागत परिसूचकको तुलना**

| विवरण | गत साता | अघिल्लो साता | फरक | फरक प्रतिशत |
|---|---|---|---|---|
| नेप्से परिसूचक (अंक) | २,५८६.२३ | २,६३०.७१ | -४४.४८ | -१.६९ |
| सेन्सेटिभ इन्डेक्स (अंक) | ४४३.५६ | ४५१.४५ | -७.८९ | -१.७५ |
| कारोबार रकम (रू. हजारमा) | १९,३५०,२८२.५७ | १९,४७९,९४७.२० | -१२९,६६४.६३ | -०.६७ |
| कारोबार कित्ता | ४३,७९४,३३२.०० | ५१,८१४,९५८.०० | -८,०२०,६२६.०० | -१५.४८ |
| औसत कारोबार रकम (रू. हजारमा) | ४,८३७,५७०.६४ | ४,८६९,९८६.८० | -३२,४१६.१६ | -०.६७ |
| औसत कारोबार कित्ता | १०,९४८,५८३.०० | १२,९५३,७३९.५० | -२,००५,१५६.५० | -१५.४८ |
| कुल बजार पूँजीकरण (रू. दश लाखमा) | ४,२८९,७८९.१२ | ४,३६३,५६६.५८ | -७३,७७७.४६ | -१.६९ |

**साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन**

| विवरण | गत साता | अघिल्लो साता | फरक प्रतिशत |
|---|---|---|---|
| म्युचुअल फण्ड | २०.२९ | २०.३० | -०.०५ |
| निर्जीवन बीमा | १२,४४९.९० | १२,४६०.४२ | -०.०८ |
| होटल तथा पर्यटन | ६,४०१.४८ | ६,४२७.१४ | -०.४० |
| जलविद्युत् | ३,४८०.६३ | ३,४९४.९८ | -०.४१ |
| लघुवित्त | ४,८८९.३३ | ४,९२२.४७ | -०.६७ |
| जीवन बीमा | १२,४००.९४ | १२,४९३.७३ | -०.७४ |
| लगानी | ९८.४४ | ९९.४२ | -०.९९ |
| उत्पादन तथा प्रशोधन | ६,७३०.७९ | ६,८१७.८१ | -१.२८ |
| विकास बैंक | ५,२८८.५८ | ५,३६६.११ | -१.४४ |
| अन्य | १,९०३.७१ | १,९४०.६१ | -१.९० |
| बैंकिङ्ग | १,३८९.८५ | १,४२७.९१ | -२.६७ |
| व्यापार | ४,४६६.९८ | ४,७१८.८५ | -५.३४ |
| वित्त | २,९०३.२५ | ३,०७३.२५ | -५.५३ |

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)

नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रका कम्पनीहरूको कमजोर वित्तीय अवस्थालाई विशेष निगरानी गरिरहेको अवस्थामा लगानीकर्ताहरू आत्तिएर कारोबार गरिरहेको ब्रोकरहरू बताउँछन् ।

**वित्त समूहका लगानीकर्ताले सर्वाधिक गुमाए**

गत साताको कारोबारमा वित्त समूहका लगानीकर्ताले सर्वाधिक गुमाएका छन् । सबै समूहगत परिसूचकहरू घटेको गत साता वित्त समूहको परिसूचक सर्वाधिक ५ दशमलव ५३ प्रतिशत घटेको छ । वित्त समूहसँगै गत साता व्यापार समूहको परिसूचक ५ दशमलव ३४ प्रतिशत घटेको छ ।

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

**प्रकाशित मिति : २०८१/०९/२१ गते**

यस रिलायन्स फाईनान्स लिमिटेडबाट कर्जा लिने देहाय बमोजिमको ऋणीले लिनु भएको ऋण कर्जा वापत फाईनान्सलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको रिलायन्स फाईनान्सको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई वित्तीय संस्थाको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा वित्तीय संस्थाको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी वित्तीय संस्थाको को लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले संस्थाको केन्द्रिय कार्यालय/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । ती शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै वित्तीय संस्था खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा वित्तीय संस्था आफैले सकार गर्दा समेत साविकमा वित्तीय संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा वित्तीय संस्थाआफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा फाईनान्स आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी फाईनान्स आफैले सकार गर्दा समेत वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून, नियम तथा फाईनान्सको कर्जा असुली निर्देशिका अनुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि कालोसूचीमा राखिनुको साथै ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**शिलबन्दी बोलपत्र आह्वान सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २:०० बजे संस्थाको शाखा कार्यालय धनगढी, कैलालीमा खोलिनेछ ।**

**शाखा कार्यालयः धनगढी, कैलाली**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **नामः कमल हार्डवेयर एन्ड सप्लायर्स**<br>पान नंः ६०४९७४९८१<br>ठेगानाः भजनी-०४, कैलाली<br>**कर्जा शिर्षकः व्यवसायीक कर्जा** | **धनीराम डंगौरा**को नाममा दर्ता रहेको खैलाड ०५, कैलाली स्थित कित्ता नं ५८२ र ५८७ को जम्मा क्षेत्रफल २४०४.३४ व.मी को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नामः कमल राज डंगौरा**<br>बुवाः धनीराम डंगौरा<br>बाजेः डडलु डंगौरा<br>ठेगानाः भजनी-०४, कैलाली<br>**नामः धनीराम डंगौरा**<br>बुवाः डडलु डंगौरा<br>बाजेः बिस्राम डंगौरा<br>ठेगानाः भजनी-०४, कैलाली | **नाम : सबीता देवी डंगौरा**<br>श्रीमानः कमल राज डंगौरा<br>ससुराः धनीराम डंगौरा<br>ठेगानाः भजनी-०४, कैलाली<br>**नाम : रूपनी देवी डंगौरा**<br>श्रीमानः धनीराम डंगौरा<br>ससुराः डडलु डंगौरा<br>ठेगानाः भजनी-०४, कैलाली |
| २ **नाम : सिग्देल इन्टरप्राइजेज**<br>ठेगानाः पु.न.पा-०६, कञ्चनपुर<br>पान नं : ६०३८२६८९६<br>**कर्जा शिर्षकः व्यवसायीक कर्जा** | **भरत राज गिरी**को नाममा दर्ता रहेको कञ्चनपुर जिल्ला त्रिभुवन वस्ती वडा नं ०५ स्थित कित्ता नं १७४१ को क्षेत्रफल २७०९.१८ व.मी. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नामः भरत राज गिरी**<br>वुवाः लक्ष्मण गिरी<br>बाजेः नरी गिरी<br>ठेगानाः पु.न.पा ०६, कञ्चनपुर | **नामः हरीना कुमारी नाथ**<br>श्रीमानः भरत राज गिरी<br>ससुराः लक्ष्मण गिरी<br>ठेगानाः पु.न.पा-०६, कञ्चनपुर |

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**Head Office:** Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

## एभरेष्ट बैंक लिमिटेड ग्वार्को शाखाको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०७/२७ र २०८१/०७/१३)**

यस एभरेष्ट बैंक लि. को तपसिलका शाखा कार्यालय **ग्वार्को र सिमरा** शाखाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको विभिन्न ऋणकर्जा तथा बैकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रुपमा सूचना गरी ताकेता गर्दा र ऋणकर्जा चुक्ता भुक्तानी गर्न विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरुलाई सूचित गर्दा समेत कर्जा भुक्तानीमा कुनै चासो नदेखाएकोले उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्तिहरु तथा उक्त जग्गाहरुमा भएको निर्माणहरु समेत सम्पूर्ण जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्य प्रचलित कानुन बमोजिम तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो **गोप्य शिलबन्दी बोलपत्र** आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल/अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सक्नुहुनेछ ।

**शाखा कार्यालय, सिमरा, बारा, फोन नं.: ०५३-५२०५०६ ।**

| सि.नं. | ऋणीको विवरण |
|---|---|
| १. | मिति २०७६।०६।०७ मा वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पर्सा आदर्शनगर, वीरगंजमा दर्ता नं. ३१-०१-०००६ अन्तर्गत दर्ता कायम भई पर्सा जिल्ला आन्तरिक राजश्व कार्यालय वीरगजं पर्सामा मिति २०७६।०६।०८ को स्थायी लेखा नम्बर ६१२०९७२१४ कायम भई पर्सा जिल्ला वीरगजं महानगरपालिका वडा नं. ३१ सोलकपुरमा रजिष्टर्ड ठेगाना रहेको **अस्मिता किराना पसल ।**<br>**प्रोप्राईटरः** हरि नारायण चौधरीको बुहारी गणेश चौधरीको छोरी बीर बहादुर चौधरीको पत्नी पर्सा जिल्ला जुडिवेला गा.बि.स. वडा नं २ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.३२३०७९/३५८, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०६३।११।०९) बर्ष ३७ को **श्रीमती अस्मिता कुमारी चौधरी.....१** । |
| २. | देवनन्दन चौधरीको नाती हरि नारायण चौधरीको छोरा पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.१०८७२३९१, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०६०।०१।०८) बर्ष ४३ को **श्री बीर बहादुर चौधरी.............१** ।<br>हरि नारायण चौधरीको बुहारी गणेश चौधरीको छोरी बीर बहादुर चौधरीको पत्नी पर्सा जिल्ला जुडिवेला गा.बि.स. वडा नं २ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.३२३०७९/३५८, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०६३।११।०९) बर्ष ३७ को **श्रीमती अस्मिता कुमारी चौधरी................................१** । |

| सि.नं. | व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर, ठेगाना |
|---|---|
| १. | देवनन्दन चौधरीको नाती हरि नारायण चौधरीको छोरा पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना.प्र.प.नं.१०८७२३९१, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०६०।०१।०८) बर्ष ४३ को **श्री बीर बहादुर चौधरी.............१** । |
| २. | चोना चौधरीको नाती देव नन्दन चौधरीको छोरा पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.१०८७०५६३, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०४३।०९।१०) बर्ष ८० को **श्री हरि नारायण चौधरी................१** । |
| ३. | देव नन्दन चौधरीको बुहारी हरि नारायण चौधरीको पत्नी पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना.प्र.प.नं.१०८७०५६४, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०३४।११।१२) बर्ष ७७ को **श्री महजरी थरुनी.......................१** । |
| ४. | देवनन्दन चौधरीको नाती हरि नारायण चौधरीको छोरा पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना.प्र.प.नं.४६१/१०८७१५६९, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०४४।११।०७) बर्ष ५३ को **श्री भोजा चौधरी.................१** । |
| ५. | देवनन्दन चौधरीको नाती हरि नारायण चौधरीको छोरा पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.१०८७२००२, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०५२।०३।२८) बर्ष ४६ को **श्री ध्रुप नारायण चौधरी......................१** । |
| १. | चोना चौधरीको नाती देव नन्दन चौधरीको छोरा पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.१०८७०५६३, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०४३।०९।१०) बर्ष ८० को **श्री हरि नारायण चौधरी.........................१** । |
| २. | देव नन्दन चौधरीको बुहारी हरि नारायण चौधरीको पत्नी पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.१०८७०५६४, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०३४।११।१२) बर्ष ७७ को **श्रीमती महजरी थरुनी.............१** । |
| ३. | देवनन्दन चौधरीको नाती हरि नारायण चौधरीको छोरा पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.४६१/१०८७१५६९, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०४४।११।०७) बर्ष ५३ को **श्री भोजा चौधरी...................१** । |
| ४. | देवनन्दन चौधरीको नाती हरि नारायण चौधरीको छोरा पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.१०८७२००२, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०५२।०३।२८) बर्ष ४६ को **श्री ध्रुप नारायण चौधरी.................१** । |

| सि.नं. | धितोमा रहेको सम्पत्तिहरुको विवरण |
|---|---|
| १. | चोना चौधरीको नाती देव नन्दन चौधरीको छोरा पर्सा जिल्ला बेलवा गा.बि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला वीरगजं म.न.पा. वडा नं ३१, सोलकपुर बस्ने (ना. प्र.प.नं.१०८७०५६३, जारी गर्ने जि.प्र.का. पर्सा, जारी मिती २०४३।०९।१०) बर्ष ८० को **श्री हरि नारायण चौधरी**को एकलौटी नाममा दर्ता कायम रहेको पर्सा जिल्ला बेलवा प्रसौनी गा.बि.स. वडा नं ७ स्थित कित्ता नं. **७२१, ७१३, ७१६** को जम्मा क्षेत्रफल क्रमशः **०-०-३-०, ०-०-५-० र ०-०-५-२** (वि-क-धु-क), पर्सा जिल्ला बेलवा प्रसौनी गा.बि.स. वडा नं ६ स्थित कित्ता नं. **८९** को क्षेत्रफल **०-०-६-०** (वि-क-धु-क), र पर्सा जिल्ला चोर्नी गा.बि.स. वडा नं ९ स्थित कित्ता नं. **१८** को क्षेत्रफल क्रमशः ५०.०० बर्ग मिटर, को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |

**शाखा कार्यालय, ग्वार्को, ललितपुर : फोन नं: ०१- ५४३७७०५ र ०१-५४४०३४८ ।**

| सि.नं. | ऋणीको विवरण |
|---|---|
| १. | श्री चन्ख जंग राजभण्डारीको नातिनी, श्री जय जगत राजभण्डारीको छोरी बाग्लुङ्ग जिल्ला, साविक कालिका गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. ४ (ना.प्र.नं.८२९९।१६७१ जारी मिति २०४२/०४/२७, जि.प्र.का. बाग्लुङ्ग) बस्ने वर्ष ५७ की **श्री यसोदा राजभण्डारी.....**। |
| २. | श्री दुर्गा प्रसाद श्रेष्ठको बुहारी, श्री जय जगत राजभण्डारीको छोरी श्री पूर्ण कुमार श्रेष्ठको पत्नी संखुवासभा जिल्ला, साविक चैनपुर गा.वि.स. वडा नं.८ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.४ (ना.प्र.नं. ४०१७६२५५९ जारी मिति २०५२/०९/१२, जि.प्र.का.संखुवासभा) बस्ने वर्ष ५२ की **उर्मीला श्रेष्ठ.....**। |
| ३. | श्री दुर्गा प्रसाद श्रेष्ठको नाति श्री पूर्ण कुमार श्रेष्ठको छोरा संखुवासभा जिल्ला, साविक चैनपुर न.पा. वडा नं.९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.४ (ना.प्र.नं. १०१०२५/१ जारी मिति २०६४/०१/३०, जि.प्र.का.संखुवासभा) बस्ने वर्ष ३५ को **सफल श्रेष्ठ........**। |

| सि.नं. | व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर, ठेगाना |
|---|---|
| १. | श्री चन्ख जंग राजभण्डारीको नातिनी, श्री जय जगत राजभण्डारीको छोरी बाग्लुङ्ग जिल्ला, साविक कालिका गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. ४ (ना.प्र.नं.८२९९।१६७१ जारी मिति २०४२/०४/२७, जि.प्र.का. बाग्लुङ्ग) बस्ने वर्ष ५७ की **श्री यसोदा राजभण्डारी.....**। |
| २. | श्री दुर्गा प्रसाद श्रेष्ठको बुहारी, श्री जय जगत राजभण्डारीको छोरी श्री पूर्ण कुमार श्रेष्ठको पत्नी संखुवासभा जिल्ला, साविक चैनपुर गा.वि.स. वडा नं.८ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.४ (ना.प्र.नं. ४०१७६२५५९ जारी मिति २०५२/०९/१२, जि.प्र.का.संखुवासभा) बस्ने वर्ष ५२ की **उर्मीला श्रेष्ठ.....**। |
| ३. | श्री पृथ्वी मान श्रेष्ठको नाति, दुर्गा प्रसाद श्रेष्ठको छोरा संखुवासभा जिल्ला, साविक चैनपुर गा.वि.स. वडा नं.४ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.४ (ना.प्र.नं. ७७६/१४७९२ जारी मिति २०३६/१२/०३, जि.प्र.का.संखुवासभा) बस्ने वर्ष ६४ को **पूर्ण कुमार श्रेष्ठ..........**। |

| सि.नं. | धितोमा रहेको सम्पत्तिहरुको विवरण |
|---|---|
| १. | १) श्री चन्ख जंग राजभण्डारीको नातिनी, श्री जय जगत राजभण्डारीको छोरी बाग्लुङ्ग जिल्ला, साविक कालिका गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. ४ (ना.प्र.नं.८२९९।१६७१ जारी मिति २०४२/०४/२७, जि.प्र.का. बाग्लुङ्ग) बस्ने वर्ष ५७ की **श्री यसोदा राजभण्डारी.......१** र श्री दुर्गा प्रसाद श्रेष्ठको बुहारी, श्री जय जगत राजभण्डारीको छोरी श्री पूर्ण कुमार श्रेष्ठको पत्नी संखुवासभा जिल्ला, साविक चैनपुर गा.वि.स. वडा नं.८ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.४ (ना.प्र.नं. ४०१७६२५५९ जारी मिति २०५२/०९/१२, जि.प्र.का.संखुवासभा) बस्ने वर्ष ५२ की **उर्मीला श्रेष्ठ.....।** समेत जना (२) को संयुक्त नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.४ (साविक ईमाडोल गा.वि.स. वडा नं. ९) स्थित **कित्ता नं. २१९,२२७ र ३३९** को क्षेत्रफल क्रमशः ९०.३७, २६.९५ र ८.७५ (बर्ग मि.) गरी जम्मा **१२६.०७ वर्ग मिटर**को जग्गा र सोमा निर्मित तिन तल्ले पक्कि घर र सो ले चर्चेको लगायत सम्पूर्ण लिगलगापातहरु । |

**शर्त बन्देजहरुः**

१) शिलबन्दी बोलपत्रको यो सूचना प्रकाशित भएको मितीले १५ (पन्ध्र) दिन अर्थात **२०८१ साल माघ महिना ६ गते** भित्र बैंकको **सम्बन्धित शाखा कार्यालयहरु (ग्वार्कोको हकमा ग्वार्को शाखा र सिमराको हकमा सिमरा शाखा)** स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।

२) बोलपत्र साधा कागजमा लेखी बोलपत्रवालाको हस्ताक्षर सहित खामबन्दी (लाह छाप) गरी वाहिर **(मिति २०८१ साल पौष महिना २१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसारको घर/जग्गाको बोलपत्र)** समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३) बोलपत्रमा आफुले कुन चाहिँ धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ । बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक वाहेक अन्य कुनै किसिमका धरौट स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन ।

४) यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात मिति २०८१ साल माघ महिना ७ गते सोमबार दिउँसो ३:०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५) बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६) म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७) बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोल कवोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

८) लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

९) लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको **सम्बन्धित शाखा कार्यालय**हरुको कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०) बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंकले उक्त सम्पत्तिको स्वामित्व आफ्नो नाममा सकार गरी लिन सक्नेछ ।

११) गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२) प्राप्त भएको गोप्य शिलबन्दी मार्फत सबैभन्दा बढी बोल अंक राखि गोप्य शिलबन्दी पेश गर्ने बोलपत्रदाताको प्रस्ताव आंशिक वा पूर्ण रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग नै सुरक्षित रहनेछ ।

१३) धितोबन्धक लेखिदिएको घरजग्गा लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित कानून तथा बैंकको ऋण असुली निति बमोजिम असुल उपर गरिलिन थप कारवाही अघि बढाइनेछ ।

१४) धितोदिने तथा व्यक्तिगत जमानीदिने माथि उल्लेखित महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**पुनश्चः (धितो लेखिदिने तथा व्यक्तिगत धन जमानी दिनेहरुलाई सूचना)ः**


उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याकंन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहिँ कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै तहाँहरुबाट बैंकको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार लिएमा वा बैंक आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्त जग्गा तथा घर खाली गरी बैंकलाई हस्तान्तरण गर्नु हुन समेत सूचित गरिएको छ । उक्त सम्पत्ति लिलाम बिक्रि गर्दा वा पुनर्मूल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-venture with punjab national bank, India)

प्रधान कार्यालय
लाजिम्पाट, काठमाण्डौं
फोन नं.: ०१-४५४३३७७

दिगो, दरिलो र विश्वासिलो

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
आइतवार, २१ पुस २०८१ | Sunday, 5 January 2025
आर्थिक अभियान



तस्वीर : रासस

**म्याग्दीको बेनी नगरपालिका–१ मा पर्ने रत्नेचौर गाउँ, तोरीबारी र पृष्ठभूमिमा धवलागिरि हिमालको दृश्य । यो गाउँ कृषि उत्पादन र प्राकृतिक दृश्यावलोकनका लागि प्रसिद्ध छ ।**

स्टार्टअप उद्यम कर्जा

# ५ हजार १५८ आवेदकमध्ये १ हजार ३१४ प्रारम्भिक छनोटमा

**अभियान संवाददाता**

काठमाडौं

औद्योगिक व्यवसाय प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जाका लागि आवेदन दिएकाहरूमध्ये प्रारम्भिक चरणमा प्रवेश गरेकाको सूची सार्वजनिक गरेको छ । स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि २०८१ बमोजिम प्रतिष्ठानले गत भदौ ११ देखि ३१ सम्म आवेदन आह्वान गरेको थियो । सो अवधिमा कुल ५ हजार १५८ आवेदन परेकोमा १ हजार ३१४ आवेदक प्रारम्भिक छनोटमा परेको प्रतिष्ठानले शुक्रवार सूचना प्रकाशित गरी जानकारी दिएको छ ।

सरकारले गत आर्थिक वर्ष (आव) २०८०/८१ मा स्टार्टअप उद्यम कर्जा सञ्चालनसम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याएको थियो । चालू आर्थिक वर्षमा ६०० जनालाई यस्तो कर्जा दिने लक्ष्य सरकारको छ । उक्त कार्यक्रम औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले कार्यान्वयन गर्दै आएको छ । प्रतिष्ठानका अनुसार यस वर्ष उक्त कार्यक्रमको बजेट रू. १ अर्बको रहेको र जसबाट बढीमा ६०० जनालाई कर्जा दिने योजना रहेको छ ।

यो वर्ष पनि उद्यमीले छानिएका परियोजनाका लागि बढीमा २५ लाख रुपैयाँ कर्जा पाउनेछन् । सरकारले उद्यमीले पेश गरेका योग्य परियोजना धितो राखेर यस्तो कर्जा उपलब्ध गराउँदै आएको छ । सरकारले लामो समयदेखि स्टार्टअप उद्यम कर्जा कार्यक्रम लागू गराउन खोजे पनि कर्जा प्रवाहकै काम भने गत आव २०८०/८१ को अन्तिमतिर शुरू भएको थियो ।

**सरकारले गत आर्थिक वर्ष (आव) २०८०/८१ मा स्टार्टअप उद्यम कर्जा सञ्चालनसम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याएको थियो । चालू आर्थिक वर्षमा ६०० जनालाई यस्तो कर्जा दिने लक्ष्य सरकारको छ ।**

२०८० जेठदेखि सरकारले यस्तो कर्जा उद्यमीलाई उपलब्ध गराउने प्रयास गर्दै आएको थियो । त्यसका लागि शुरूमा उद्योग विभागमा सचिवालय रहने र यो स्टार्टअप उद्यम कार्यक्रम सचिवालयले गर्ने गरी कार्यक्रम लागू गरिएको थियो । 'स्टार्टअप व्यवसाय कर्जा प्रवाह कार्यविधि-२०७९' अनुसार उद्योग विभागले २०७९ चैत १६ गते इच्छुक उद्यमीलाई आवेदन पेश गर्न आह्वान गरेको थियो । त्यसमा ३८२ जनाले कर्जाका लागि परियोजना पेश गरेका थिए । यद्यपि त्यसबेला उक्त कार्यक्रम कार्यान्वयनमा आउन सकेन ।

पछि विभागले नभई प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जा कार्यक्रम कार्यान्वयन गराउने जिम्मेवारी पाएपछि २०८० माघ १९ गते २१ दिने सूचना जारी गरेर आवेदन माग गरेको थियो । त्यसबेला १ हजार ६५८ परियोजना प्रतिष्ठानमा पेश भएका थिए । साथै आवेदकले प्रतिष्ठानमै आएर परियोजना दर्ता गराएका थिए ।

गत आवमा १ हजार ६५८ परियोजनामध्ये कर्जाका लागि प्रतिष्ठानले १८३ उद्यमीलाई सिफारिश गरेको थियो । त्यसमध्ये १६५ स्टार्टअप उद्यमीलाई कर्जा प्रवाह भएको थियो । सरकारले सन् २०३० सम्ममा १० हजार स्टार्टअपलाई प्रवर्द्धन गर्ने र त्यसबाट १ लाख रोजगारी सृजना गर्ने बताउँदै आएको छ ।

# कर्णालीमा कृषि बालीले ढाकेको क्षेत्रफल बढ्यो

काठमाडौं । आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल एक दशमलव ९४ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले गरेको अध्ययन प्रतिवेदनले यस्तो देखाएको हो ।

सल्यान, कालिकोट, दैलेख र सुर्खेत जिल्लाका स्थलगत तथा रुकुम पश्चिम, डोल्पा, जुम्ला, मुगु, जाजरकोट र हुम्ला जिल्लाका गैरस्थलगत अध्ययनबाट तयार पारिएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन राष्ट्र बैंकले हालै सार्वजनिक गरेको छ ।

प्रतिवेदनका अनुसार प्रदेशमा प्रमुख बालीमध्ये धान र मकै बालीले ढाकेको क्षेत्रफल क्रमशः आठ दशमलव ४८ प्रतिशत र दुई दशमलव १२ प्रतिशतले बढेको छ भने गहुँ, कोदो, जौ र फापर बालीले ढाकेको क्षेत्रफल क्रमशः शून्य दशमलव ९७ प्रतिशत, २८ दशमलव १६ प्रतिशत, ३३ दशमलव ३० र २३ दशमलव शून्य एक प्रतिशतले घटेको छ ।

त्यसैगरी, तरकारी बालीले ढाकेको क्षेत्रफल ३६ दशमलव ४० प्रतिशतले बढेको छ । प्रदेशमा समग्र कृषि बालीको उत्पादनमा ६ दशमलव ७९ प्रतिशतले वृद्धि



भएको छ ।

खाद्य तथा अन्य बालीभित्र पर्ने प्रमुख कृषि बालीमा धान र गहुँको उत्पादन क्रमशः १२ दशमलव शून्य चार प्रतिशत र शून्य दशमलव ४३ प्रतिशतले बढेको छ भने मकै, कोदो, जौ तथा फापरको उत्पादनमा क्रमशः सात दशमलव ६१ प्रतिशत, १९ दशमलव ८७ प्रतिशत, १८ दशमलव ९८ प्रतिशत र आठ ४६ प्रतिशतले कमी आएको छ । सो प्रदेशमा दुग्ध उत्पादन सात दशमलव ८२ प्रतिशतले बढेको छ । त्यस्तै मासु, माछा र अण्डा उत्पादनमा क्रमशः ६ दशमलव ५८ प्रतिशत, तीन दशमलव ३४ र शून्य दशमलव ९० प्रतिशतले बढेको छ ।

बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जाले कुल कर्जाको ९ दशमलव १२ प्रतिशत हिस्सा ओगटेको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको तुलनामा एक दशमलव ७१ प्रतिशतले घटेको छ ।

यस प्रदेशमा नमूना छनोटमा समेटिएका उद्योगहरूको औसत क्षमता उपयोग ४८ दशमलव ५१ प्रतिशत रहेको छ । प्लाष्टिकजन्य उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता सबैभन्दा बढी शतप्रतिशत रहेको छ भने अन्न तथा पशुदाना उत्पादन गर्ने उद्योग अन्तर्गत पिठो उत्पादन गर्ने उद्योगको उपयोग क्षमता सबैभन्दा कम १५ प्रतिशत छ । समीक्षा वर्षमा औद्योगिक कर्जा गतवर्षको तुलनामा तीन दशमलव ३३ प्रतिशतले बढेको छ । कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको ६ दशमलव ९५ प्रतिशत हिस्सा उद्योग क्षेत्रले ओगटेको छ । सो प्रदेशमा भित्रिने पर्यटकको संख्या २३ दशमलव ४० प्रतिशतले बढेको छ । भारत, चीन र तेस्रो मुलुकबाट भित्रिने पर्यटकको संख्यामा क्रमशः २३ दशमलव ४९ प्रतिशत, १५ दशमलव ७७ प्रतिशत र २४ दशमलव ८४ प्रतिशतले वृद्धि भएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८३ दशमलव ९३ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । सो प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या चार सय ७५ तथा शाखारहित बैंकिङ इकाई ३० पुगेको छ । समीक्षा वर्षमा यस प्रदेशमा कर्जा तथा निक्षेप अनुपात ७८ दशमलव ५० प्रतिशत छ ।

प्रदेशमा विद्युत् प्रसारण लाइन दुई हजार चार सय १६ दशमलव ४७ किलोमिटर पुगेको छ । समीक्षा वर्षसम्म सो प्रदेशमा १७ दशमलव ४१ मेगावाट विद्युत् उत्पादन भएको छ । *रासस*

# कोहलपुर–सुर्खेत १३२ केभी प्रसारण लाइनको काम सुस्त

काँक्रेविहार । कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन अझै निर्माण सम्पन्न हुन सकेको छैन । सम्झौता भएको मितिले २३ असार २०७८ सम्ममा निर्माण पूरा भएर अहिले कर्णालीका अन्य जिल्लामा यो विद्युत् प्रसारण भइसक्ने भए पनि हाल सुर्खेतमै आउन सकेको छैन । रू. ७० करोड लागत रहेको आयोजना निर्माणको जिम्मा भारतीय कम्पनी आरएस इन्फ्राप्रोजेक्टसँग २२ असार २०७६ मा सम्झौता गरिएको थियो । बाँके र बार्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा जग्गा प्राप्ति तथा रुख कटानमा समस्या देखिएकोमा सो समस्या समाधान भए पनि बाँकेकै वैजनाथ गाउँपालिका-१ गाभर बाँनियाभारका स्थानीयवासीले आयोजनाको प्रसारण लाइन निर्माणमा अवरोध गरेपछि कामले गति लिन नपाएको हो । बाँकेमा मात्र ४२ महीनादेखि अवरोध कायम हुँदा काम हुन नसकेको आयोजनाले जनाएको छ । आयोजनाविरुद्ध गाभर, बाँनियाभारका स्थानीयवासीले उच्च अदालत तुलसीपुर इजलास नेपालगञ्जमा रिट दायर गरेका थिए । अदालतले नागरिकको प्रत्यक्ष सरोकारसँग जोडिएको विषय भएकाले आवश्यक मुआब्जा दिएर प्रसारण लाइन निर्माण रोक्न नहुने जनाउँदै रिट खारेज गरिदिएको थियो । गाभरमा ६ ओटा, बाँनियाभारमा तीनओटा गरेर ९ ओटा टावर निर्माण हुन बाँकी रहेको छ ।

**आयोजना प्रमुख चौधरीका अनुसार टावर निर्माण गरिएको क्षेत्रमा जग्गाको मूल्य २५, २८ र ३२ लाख निर्धारण गरिएको छ ।**

उक्त टावरहरू निर्माणस्थलका स्थानीयवासीसँग मुआब्जा दिन जिल्ला प्रशासन कार्यालय बाँकेले चलनचल्तीको सरकारी दरमा मुआब्जा दिन समन्वय, सहकार्य गरी गाभरमा समस्या समाधान भएको छ । बाँनियाभारमा भने अझै समस्या भएको आयोजना प्रमुख रवि चौधरीले जानकारी दिए । बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजालले दुवै ठाउँमा समस्या समाधान नजिक रहेको बताए । अवरोध भएमा त्यसको हल प्रशासनले गर्नेसमेत उनले बताए । आयोजना प्रमुख चौधरीका अनुसार बाँनियाभारमा केही अवरोध भएको र तोकिएको मुआब्जा दिन तयार भएको छ ।

आयोजना प्रमुख चौधरीका अनुसार टावर निर्माण गरिएको क्षेत्रमा जग्गाको मूल्य २५, २८ र ३२ लाख निर्धारण गरिएको छ । बाँकेको कोहलपुरदेखि सुर्खेतको वीरेन्द्रनगर स्थित सुब्बाकुना सबस्टेसनसम्मको प्रसारण लाइनको दूरी ५२ किलोमिटर छ । कोहलपुरदेखि सुर्खेतसम्म १६१ ओटा टावर रहेका छन् । आयोजनाले अहिलेसम्ममा सुर्खेत खण्डमा ३२ किमी क्षेत्रमा टावर निर्माण सकेर तार तानिसकिएको छ । हर्रे-छिन्चु-सुब्बाकुना र कोहलपुर-चिसापानी विवादबाहेकका क्षेत्रमा टावर निर्माण भई तार तान्ने काम सम्पन्न भएको प्रमुख चौधरीले बताए । चौध किमी हर्रे-बबई-चिसापानी क्षेत्र बाँके र बर्दिया राष्ट्रिय निकुञ्जभित्र रहेको छ । *रासस*

**कृषि उत्पादन बढाऔं !**

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं,
- कृषि तथा पशुपन्छीपालन सम्बन्धी तालिम लिऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीहरुमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरुसंग सल्लाह सुझाव लिऔं,
- कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

तथ्यांकोवाच

## विश्वमा ३ अर्ब ७५ करोड अमेरिकी डलरको च्याउ र च्याउका परिकार आयात

च्याउ वर्तमान विश्वमा महत्त्वपूर्ण पौष्टिक तत्त्वका रूपमा रहँदै आएसँगै यस वस्तुको व्यापार पनि आकर्षक हुन थालेको छ । सन् २०२३ मा विश्वमा ३ अर्ब ७५ करोड अमेरिकी डलर बराबरको च्याउ आयात भएबाट च्याउ व्यापारले विश्व व्यापारमा आफ्नो विशिष्ट स्थान बनाउँदै लगेको प्रष्ट हुन्छ । उचित रणनीति अपनाउन सकेमा नेपालले पनि यस विश्व बजारमा महत्त्वपूर्ण उपस्थिति बनाउन सक्दछ ।

मूल्य (हजार अमेरिकी डलर)

| एचएस कोड | वस्तुको वर्गीकरण | २०१९ | २०२० | २०२१ | २०२२ | २०२३ |
|---|---|---|---|---|---|---|
| '०७०९५१ | एगारिकस जातको ताजा च्याउ | १,१८१,८४१ | १,२४७,३४५ | १,३४१,८३५ | १,२८५,३७८ | १,३६५,०८७ |
| '०७०९५२ | बोलेटस जातको ताजा च्याउ | | | | ५३,०१५ | ४३,४६५ |
| '०७०९५३ | क्यान्थेरेलसक जातको ताजा च्याउ | | | | ८२,७१७ | ११५,७०४ |
| '०७०९५९ | अन्य जातका ताजा च्याउ | ८६६,६३४ | ७९१,६१२ | ९५४,४९४ | ५२२,९९४ | ५००,८१४ |
| '०७११५१ | परिरक्षित एगारिकस जातको संरक्षित च्याउ | ४६,०२३ | ३७,४२८ | २९,९७१ | ३८,२०२ | ३५,५५३ |
| '०७११५९ | अन्य जातका परिरक्षित च्याउ | ६२,१९४ | ६०,९४६ | ६५,७२३ | ६५,६०४ | ५७,३५६ |
| '०७१२३१ | एगारिकस जातको काटिएका च्याउ | ६९,९५१ | ५७,५७७ | ५६,३७६ | ५५,८४३ | ४५,०६२ |
| '०७१२३९ | अन्य जातको कार्टिएका च्याउ | ७३५,०१० | ५६६,८०७ | ५२४,२६८ | ३६०,५९८ | २९०,४४५ |
| '२००३१० | एगारिकस जातको परिष्कृत च्याउ | ६९०,७२६ | ७०८,९०४ | ७५३,८१२ | ९०८,४३२ | ७७८,५२३ |
| '२००३९० | अन्य जातको परिष्कृत च्याउ | २२३,१६० | २३९,३४५ | २९३,४८२ | ४९१,४७० | ५२२,१०४ |
| | कुल | ३,८७५,५३९ | ३,७०९,९६४ | ४,०१९,९६१ | ३,८६४,२५३ | ३,७५४,११३ |

स्रोत : आइटिसी ट्रेडम्याप

**Kaligandaki Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Birgha, Syangja**

**Invitation for Online Bids**

**Date of publication: 5th January 2025 (21th Poush 2081)**

1. Kaligandaki Rural Municipality, Syangja invites **electronic bids** from eligible bidders for following works:

| S.N | Contract No. | Name of contract | Bid Security Amount (validity period) | Estimated Amount (without VAT and PS) | Bid document fee | Bid submission Date and time |
|---|---|---|---|---|---|---|
| 1 | KLGD/W/NCB/ LIR/08/081/82 | Name of Road : Upgrading of laltin bazar to chidi road, zero imsil road and Rudrabeni Thatibhanjyang road | 125,000 (120 days) | 44,63,878.46 | 3000 | Last submission: 2025-02-04 12:00Hrs Bid Opening: 2025-02-04 13:00Hrs |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Kaligandaki Rural Municipality or may Visit PPMO website www.bolpatra.gov.np/egp

# एआई डेटा सेन्टरमा ८० अर्ब डलर खर्चंदै माइक्रोसफ्ट

सान फ्रान्सिस्को (संयुक्त राज्य अमेरिका) । माइक्रोसफ्टले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) वर्कलोड ह्यान्डल गर्न डिजाइन गरिएको डेटा सेन्टर निर्माणका लागि आर्थिक वर्ष २०२५ मा ८० अर्ब अमेरिकी डलर छुट्ट्याएको छ ।

माइक्रोसफ्टले शुक्रवार एक ब्लग पोष्टमा भनेको छ, 'एआई मोडेललाई प्रशिक्षित गर्न र एआई र क्लाउडमा आधारित एप्लिकेसन विश्वभर परिचालनका लागि टेक जायन्टले एआई-सक्षम डेटा सेन्टरहरू निर्माण गर्ने योजना बनाएको छ । माइक्रोसफ्टका उपाध्यक्ष तथा राष्ट्रपति ब्राड स्मिथका अनुसार उक्त ८० अर्ब डलरमध्ये आधाभन्दा बढी रकम अमेरिकामा खर्च हुनेछ ।

कम्पनीको आर्थिक वर्ष २०२५ जुनमा समाप्त हुँदै छ । 'जब हामी भविष्यलाई हेर्छौं, यो स्पष्ट छ कि कृत्रिम बुद्धिमत्ता विश्व-परिवर्तनको माध्यम बन्न तयार छ । अर्थतन्त्रका हरेक क्षेत्रमा




नवप्रवर्तन र उत्पादकत्व बढाउन यो ठूलो सहयोगी हुनेछ,' स्मिथले लेखेका छन् । माइक्रोसफ्ट र ओपनएआईबीच स्टारगेट नामक एआई सुपर कम्प्युटरसहितको डेटा सेन्टर निर्माणको विषयमा छलफल भइरहेको छ । यो योजनाका लागि १०० बिलियन अमेरिकी डलरभन्दा बढी खर्च हुने अनुमान गरिएको छ । *एजेन्सी*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर